कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

• वर्ष २५ • अंक ३०

• FRIDAY, 13 DECEMBER 2019

• शुक्रबार, मंसिर २७, २०७६

• पृष्ठ ३२ • मूल्य रु. १५/-



DishHome Presents

Radio Kantipur NATIONAL MUSIC AWARDS 2076

Powered By सानिमा बैंक

In Association With BABA Refined Sunflower Oil

रेडियो कान्तिपुर प्रस्तुत गर्दछ

# नेपालको सर्वोत्कृष्ट सांगीतिक अवार्ड

## देशका सर्वोत्कृष्ट कलाकारहरूको सम्मान

मङ्सिर २७, २०७६ (डिसेम्बर १३, २०१९)

## विधा तथा मनोनितहरु

### वर्षको उत्कृष्ट नव कलाकार

- कस्तो दूरी — विक्रम बराल
- समाचार — सुमित पाठक
- यो मौसम — तारा तिवारी
- झरी — सलिन-अभिषेक
- मीठो बोलीले — रवि ओड

### वर्षको उत्कृष्ट गीतकार

- तिम्रो हाल — विरेन्द्र पाठक
- यो कुरा गोप्य — एकनारायण भण्डारी
- बाबाको टोपी — गोविन्द हुमागाईं
- परानै दिन्छु — प्रल्हाद शाह
- कर्के नजर — आनन्द अधिकारी

### वर्षको उत्कृष्ट संगीतकार

- बाबाको टोपी — कर्मा ग्याल्जेन बम्जन
- सम्झना — आशिष अविरल
- माया मारि दे — हरि लम्साल
- मायाको तिर्सना — सचिन सिंह
- समाचार — कालीप्रसाद बास्कोटा

### वर्षको उत्कृष्ट लोक गायिका

- लोभी आँखा — लक्ष्मी मल्ल
- लाउँछ माया — सरिता कार्की
- मायाको जाल — देवी घर्ती मगर
- मुखैमा चिनी — सुनिता दुलाल
- गलबन्दी — शान्तिश्री परियार

### वर्षको उत्कृष्ट लोक गायक

- सालको पात — कुलेन्द्र विश्वकर्मा
- खोर्सानी डल्ले — भिषण मुकारुङ राई
- गलबन्दी — प्रकाश सपुत
- चौतारीको वर — विक्रम परियार
- लालुमाई — सन्दिप न्यौपाने

### वर्षको उत्कृष्ट पार्श्व गायक

- जाम न माया जाम — दीपक बज्राचार्य
- जिन्दगी नै भन्दिन — सुगम पोखरेल
- वनकी चरी — रुपक डोटेल
- रहर छ संगै — सुगम पोखरेल
- लै लै — केतन क्षत्री

### वर्षको उत्कृष्ट पार्श्व गायिका

- सक्दिन कि बाँच्न — दीपा लामा
- पहिलो नम्बरमा — बिन्दु परियार
- जिन्दगी नै भन्दिन — प्रविशा अधिकारी
- घाम जून — रेश्मा पुन
- परान — अन्जु पन्त

### वर्षको उत्कृष्ट राष्ट्रिय गीत

- छाती भरी — महेश पौडेल
- हामी हाँसे पो देश हाँस्छ — शैलेन्द्र शरद
- न बिर्स है — चितमान गुरुङ
- पूर्वबाट — अर्जुन रसाईली
- यो हो मेरो देश — कृष्ण खतिवडा

### वर्षको उत्कृष्ट पप गायक

- कर्णाली — सुगम पोखरेल
- क्रमशः — स्वप्न सुमन
- हर्टली माया — नितेशजंग कुँवर
- हतारिदै — सजनराज बैद्य
- अलि अलि — प्रताप दास

### वर्षको उत्कृष्ट पप गायिका

- छ भने छ भन — पूजा थापा
- कर्के नजर — टीका प्रसाईं
- म दामी छु — समृद्धि राई
- रङ — निकिता थापा
- नाकैमा फूली — आस्था राउत

### पिपल्स च्वाईस अवार्ड

- सालको पात — कुलेन्द्र विश्वकर्मा, विष्णु माझी
- यो कुरा गोप्य — प्रमोद खरेल
- रेबन चस्मा — टंक बुढाथोकी, निरुता बानियाँ
- गलबन्दी — प्रकाश सपुत, शान्तिश्री परियार
- ओ मैचा — बृजेश श्रेष्ठ, वर्षा कर्माचार्य

### वर्षको उत्कृष्ट सांगीतिक समूह

- लाहुरे — मन्त्र ब्याण्ड
- गढीमाई — अण्डरसाईड
- हावा हुरी — अभया एण्ड दी स्टीम इञ्जिन्स्
- वरपर — दीपक बज्राचार्य एण्ड दी रिदम ब्याण्ड
- स्वतन्त्र — मुक्ति एण्ड रिभाइबल

### उत्कृष्ट आधुनिक गायक

- जिस्काउँथे म — सुमन श्रेष्ठ
- चाईनाको रेल — सन्तोष लामा
- सम्झना — नरेन्द्र प्यासी
- मेरो भागको — शिव परियार
- तिमीलाई मनपराएँ — विश्व नेपाली

### उत्कृष्ट आधुनिक गायिका

- सम्झनामा नआऊ तिमी — संगीता राना प्रधान
- मनै लोभ्याउने — वानिका प्रधान
- तिमी सधैं — निकिता थापा
- आँखामा — रीमा गुरुङ होडा
- अब छोडेर जाने — अन्जु पन्त

### उत्कृष्ट युगल गीत

- आएँ म त परेर चिटिक्कै — सुजाता उपाध्याय, विश्व नेपाली
- हेर न कान्छी — राज खम्बु, मेलिना राई
- कर्के नजर — सञ्जिव पराजुली, टीका प्रसाईं
- ओ मैचा — बृजेश श्रेष्ठ, वर्षा कर्माचार्य
- लेउ न माउ लेउ — टंक तिमुल्सिना, एलिना चौहान

PEOPLE'S CHOICE award — NATIONAL MUSIC AWARDS 2076

तपाईंको मनपर्ने कलाकारलाई भोट गर्नका लागि

NMA <SPACE> AWARD CODE टाईप गरी **33001** मा SMS गर्नुहोस् ।

LIVE ON KANTIPUR HD · Radio Kantipur · /kantipurradio

Medical Partner: Star Hospital — Online Health Partner: dabai24 — Insurance Partner: Neco Insurance Ltd.

Celebration Partners: City Express Money Transfer, IME Life, Nepal Clearing House, goodlife, 2pm Noodles, Purex Laundry Soap, KNP Japan Pvt. Ltd., JJ Jewellers, शिवम् सिमेन्ट, Bindu Hardware & Sanitary

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

कान्तिपुर पब्लि लि.

• वर्ष २५ • ३० • FRIDAY, 13 DECEMBER 2019 • शुक्रबार, मंसिर २७, २०७६ • पृष्ठ ३२ • मूल्य रु. १५/-





## ऐतिहासिक जितले थपेको जिम्मेवारी

# संक्रमणमा संगीत

## हेर्नें कि सुन्ने ?




Register and download forms from: www.megamodel.imagekhabar.com

FOR MORE INFORMATION facebook.com/image.megamodel

follow our instagram page imagechannelsmegamodel

Forms are also available at Image complex, Panipokhari.
Winner gets a cash prize of 5 Lakh Rupees and many exciting gift hampers.
Kathmandu auditions are on: 7th, 8th, 14th & 15th December, 2019.
11:30 onwards at Hotel Akama, Dhumbarahi
Be there with your forms!

जुम इन




तस्बिर : नवराज बाग्ले

# रामकहानी

■ प्रकाश रानाभाट

वैदेशिक रोजगारीमा हिँड्ने तरखरमा रहेको एक ठिटोलाई भ्वाइस अफ नेपालको विजेता बन्छु भन्ने के थाहा ? पूर्वका केही जिल्लामा आफ्नो स्थानीय ब्यान्ड 'नेपाली सियन'मार्फत कन्सर्ट गर्दै हिँड्ने राम लिम्बूलाई भ्वाइस अफ नेपाल सिजन-२ को अडिसनबारे थाहा समेत थिएन ।

बिर्तामोड, झापाका उनलाई साथीले डिजिटल अडिसनबारे सुनाएपछि विदेशयात्रालाई तत्काल थाती राखेर उनी अडिसनमा सहभागी भएका थिए, एउटा भिडियो क्लिपमार्फत । त्यो क्लिप उनको भाग्य अजमाउने पहिलो खुड्किला बन्यो । त्यही क्लिपले उनलाई भ्वाइस अफ नेपालमा प्रतिस्पर्धाका लागि छनोट गरायो । तिनै राम लिम्बू अन्तत: गत शनिबार भ्वाइस अफ नेपाल सिजन-२ को विजेता घोषित भए । भ्वाइस अफ नेपालको सिजन-२ जितेसँगै उनलाई भावी संगीत स्टारका रूपमा हेरिन थालिएको छ ।

परिवारको कमजोर आर्थिक अवस्थाका कारण विदेश ताकिरहेका उनले भ्वाइसको विजेता बनेसँगै अहिले स्वदेशमै संगीतमा काम गर्ने सबैभन्दा ठूलो मञ्च पाएका छन् । युवापुस्तामा उनको स्टार छवि बनेको छ । उनको परिवारमा ६ जना सदस्य छन् । उनका १ जना जुम्ल्याहा भाइ छन् भने १/१ जना दाइ र दिदी छन्, उनी साहिँला हुन् ।

भ्वाइससम्म विजेता बन्नका लागि विभिन्न चरणका कडा संघर्ष गर्नुपरेजस्तै उनले जीवनमा पनि थुप्रै संघर्ष गरेका छन् । सानो छँदा उनले राम्रो फुटबलर बन्ने सपना देखेका थिए । सानैदेखि राम्रो फुटबल खेल्ने उनी कुनै समयका अन्डर-१२ का राष्ट्रिय खेलाडी पनि हुन् । अहिले २३ वर्षमा हिँड्दै गरेका उनले २ वर्ष एन्फा एकेडेमीमा बिताएका छन् । खेलका क्रममा खुट्टा फ्याक्चर भएर घाइते भएपछि आफ्नो मन संगीतमा गएको उनी बताउँछन् । साथीहरूको उक्साहटमा अडिसन दिएका उनी भन्छन्, 'भ्वाइस अन्तर्राष्ट्रिय रियालिटी शो भएका कारण पहिल्यैदेखि फलो गरिरहेको थिएँ ।'

यसअघि उनले नेपाल आइडलका लागि पनि फारम भरेका थिए । विराटनगरमा भएको अडिसनमा दिनभर कुर्दा पनि पालो नआएपछि अडिसन नै दिएनन् । सांगीतिक क्षेत्रमा गायक प्रमोद खरेललाई गड फादर मान्ने उनी पप रक गीत सुन्न तथा गाउन मन पराउँछन् । यो स्थानसम्म आइपुग्न गायक खरेलले धेरै हौसला तथा सहयोग गरेको उनले बताए ।

गायक सबिन राईका गीतहरू मन पराउने राम नेपथ्य ब्यान्डको फ्यान भएको सुनाउँछन् । दर्शकको माया, हौसला तथा साथले नै यहाँसम्म आएको बताउने उनको अब नेपाली गीत-संगीतमै केही गर्ने धोको छ । कक्षा १२ सम्म अध्ययन गरेका रामले अबको समय अध्ययन र संगीतमा लाग्ने योजना बनाएका छन् । सांगीतिक कार्यक्रमका लागि भ्वाइस अफ नेपालसँग कन्ट्र्याक्ट भएका कारण केही समय यसैमा भुल्ने हुनाले आफ्ना नयाँ गीतका लागि समय लाग्ने उनले बताए । यो उचाइसम्म आइपुग्न आफूहरूको स्थानीय ब्यान्ड नेपाली सियन महत्त्वपूर्ण कोसेढुङ्गा भएको उनको बुझाइ छ । त्यसैले त्यो ब्यान्डमा पनि काम गर्ने उनको चाहना छ ।

> सानैदेखि राम्रो फुटबल खेल्ने उनी कुनै समयका अन्डर-१२ का राष्ट्रिय खेलाडी पनि हुन् । अहिले २३ वर्षमा हिँड्दै गरेका उनले २ वर्ष एन्फा एकेडेमीमा बिताएका छन् । खेलका क्रममा खुट्टा फ्याक्चर भएर घाइते भएपछि आफ्नो मन संगीतमा गएको उनी बताउँछन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला

(फलित ज्योतिष)

**यो साता**

पुस १ गते
पौष संक्रान्ति

पुस २ गते
विश्व आप्रवासी दिवस

## मेष

अरूको विश्वासमा पर्दा गोप्य सूचना बाहिरिन सक्छ । विशिष्ट व्यक्तित्वको प्रेरणाले ऊर्जा प्राप्त भई बुद्धिको उपयोगले समस्या सुल्झाउन सकिनेछ । मेहनतले राम्रै अवसर प्रदान गर्नेछ । राति सवारी साधन चलाउँदा ध्यान दिनुपर्नेछ ।

## वृष

लगनशीलताले विविध अवसर प्राप्त हुनेछ । आफ्नो नामबाट अरूले फाइदा उठाउन सक्छन् । भौतिक सुखले मात्र ढुक्क हुन नसकिएला । प्रेममा अविश्वास जाग्न सक्छ । साताको अन्त्यमा यात्रा गर्ने अवसर जुट्न सक्छ । भोजभतेरमा सहभागी हुँदा पुराना मित्रसँगको भेटले थप मनोरञ्जन दिलाउनेछ ।

## मिथुन

साता खर्चिलो रहनेछ । परिस्थितिसँग सम्झौता गर्दा मन खिन्न हुन सक्छ । लगानीका अवसर आए तापनि सञ्चित धनको खर्च हुनेछ । आध्यात्मिक चिन्ताले मठ-मन्दिरमा भ्रमण गर्न मन लाग्नेछ । ध्यान, योग, कसरततर्फ उत्सुक हुँदा शान्ति मिल्ला ।

## कर्कट

प्रतिस्पर्धाको दौडमा सहपाठीहरूलाई उछिन्न सकिनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । सिर्जनात्मक कामले धेरैको मन लोभ्याउन सकिनेछ । आम्दानीको दिगो स्रोत फेला पर्न सक्छ । विद्वान्हरूको संगतले ज्ञानको दायरा बढाउने अवसर प्राप्त हुनेछ ।

## सिंह

प्रतिस्पर्धाले अध्ययनमा प्रगति गराउनेछ । खर्चको मात्रा बढे पनि धेरै आवश्यकता पूरा हुनेछन् । केही दौडधूप गर्नुपरे पनि आफ्ना लागि विशेष अवसर जुटाउन सकिनेछ । विदेश भ्रमणको प्रयत्न सफल हुन सक्छ । नजिकका साथीभाइ टाढिए पनि नयाँ साथी फेला पर्न सक्छन् ।

## कन्या

प्रियजनसँगको भेटघाटले साता रमाइलो बनाउनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउनुका साथै धेरैको मन लोभ्याउन सकिनेछ । विशेष उपहारका साथ प्रेम प्रस्ताव प्राप्त हुन सक्छ । सवारी साधन जोड्ने अवसर जुट्नेछ । सोमबार र मंगलबार आफन्तहरूसँग मनमुटाव हुन सक्छ ।

## तुला

विशेष जमघटको फाइदा उठाउँदै साथीहरूको मन लोभिने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । बलजफ्ती गर्नाले परिस्थिति प्रतिकूल हुने सम्भावना छ । सानै प्रयत्नले लक्ष्यमा पुऱ्याउन सक्छ । रमाइलो भेटघाटमा स्वादिष्ट भोजनको आनन्द उठाउन पाइनेछ । साताको अन्त्यमा भ्रमणमा जान सकिनेछ ।

## वृश्चिक

रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । परिश्रमअनुसार राम्रै फल पाइनेछ । खर्च बढ्नाले आइतबारपछि आर्थिक अभावको अनुभूति हुनेछ । साताको अन्त्यमा टाढाका साथीभाइसँग वनभोज तथा मनोरञ्जनमा सरिक भइनेछ ।

## धनु

आकर्षक पहिरनमा ठाँटिएर अरूको मन लोभ्याउन सकिनेछ । रचनात्मक कामले आम्दानीको दिगो स्रोत जुटाउन सक्छ । प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । प्रतिभा प्रदर्शन गरेर धेरैलाई आकर्षित गर्न सकिनेछ । बाधाहरू स्वत: हट्नेछन् । चिसो समयमा यात्रा गर्दा स्वास्थ्यको हेक्का राख्नुपर्छ ।

## मकर

आँटेको काम बन्नाले उत्साह जाग्नेछ । लगनशीलताले प्रतिस्पर्धीको दौडमा जित दिलाउनेछ । भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । आर्थिक पक्ष सबल रहनुका साथै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ । अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुऱ्याउनुपर्छ ।


## कुम्भ

श्रमको मूल्यांकन राम्रै भए पनि प्रतिफल हात पार्न केही समय लाग्नेछ । आम्दानीभन्दा बढी खर्च हुन सक्छ । दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर भने जुट्नेछ । हूलमूलमा धनमाल जोगाउन सतर्क रहनुहोला । अप्ठ्यारो परिस्थितिमा गरिएको पुरुषार्थले कृति राख्ने अवसर प्रदान गर्नेछ ।

## मीन

उपलब्धि देखाएर धेरैको मन जित्न सकिनेछ । पहिलेका समस्या सुल्झाएर परिस्थिति अनुकूल बनाउन सकिनेछ । आम्दानीको दिगो स्रोत फेला पर्नुका साथै सवारी साधनसमेत जुटाउन सकिनेछ । परिस्थितिले सञ्चित धन खर्च भई आर्थिक संकट आइपर्न सक्छ हेक्का राखी रकम विनियोजन गर्नुपर्नेछ ।

कान्तिपुर गाथा



किशोर नेपाल

# सुमनको चुटाइपछि खेलकुद



■ अस्पतालमा उपचार गराउँदै पत्रकार चापागाईं ।

पत्रकार सुमन चापागाईंले बिनाकारण पुलिसको पिटाइ खानु नपरेको भए दक्षिण एसियाली खेलकुद समारोहको अन्त्य रमाइलो हुन्थ्यो । पुलिसले सुमनलाई लछार-पछार गर्दै चुटेपछि समारोहको रमाइलोमा मन खिस्रिक्क भयो । हात नचलाई कुरा गर्नै नचाहने हाम्रा पुलिस दाजुभाइको सामाजिक संस्कार नै कुटपिट हो कि आफूलाई मन नपर्नेबित्तिकै धुस्नु चुटान गर्नैपर्ने पेसागत प्रवृत्ति हो ? यो प्रश्नको जवाफ आउला भन्ने आशा छैन । ट्विटरमा सुमनलाई लछार्दै लात्ताले भकुर्दै हिंडेका पुलिसको तस्बिर देखेपछि अचानक पुलिसको सम्झना आयो । संयोगले सुमन पिटिएकै दिन परेछ मानवअधिकार दिवस । त्यसैको उपलक्ष्यमा सुमन पिटिएका हुन् भने त कुरै भएन । होइन भने, यो त्यसै छाड्न मिल्ने घटना भएन ।

गीतामा भगवान् कृष्णले भन्नुभएको छ : मानिसले काम गर्दै जानुपर्छ, फलको आशा राख्नु हुँदैन । भगवान् कृष्णको यो आदेशको, समाजका आस्तिक, नास्तिक र 'न आस्तिक न नास्तिक' - तीनै थरी मानिसबाट पालना हुँदै आएको छ । दशरथ रंगशालामा पुलिसले पत्रकार पिट्दा पनि यही आदेशको पालना गरेको हुनुपर्छ । पुलिसले चोर र डाँकालाई मात्रै होइन, पत्रकारलाई पनि बडो मनोयोगका साथ पिट्छ । गीतामा भगवान् श्रीकृष्णले भन्नुभएकै छ : मानिसको कामकर्म गर्दै जाने हो । फलको आशा भगवान्को जिम्मा लगाइदिने हो । भगवान्लाई फलको आशाको जिम्मा लगाइदिनु पवित्र कार्य हो । यो कुरा संसारभरि नै फैलिएको छ । यस्तोमा भगवान् कृष्ण कतै गल्ली-गल्छ्यौंडामा भेटिएर के फल माग्छौ ? भनेर सोध्नुभयो भने मेरो जवाफ हुनेछ : कान्तिपुर सहरमा अर्को पटक आयोजना हुने खेलकुद समारोहमा कुनै अर्को पत्रकार 'सुमन' पुलिसद्वारा वा अरू कुनै नौटंकी समूहबाट नपिटियोस् ।

पत्रकार सुमनले चुटाइ खाएको घटनालाई छाडेर, बाँकी 'साग' खेलकुद मोहक रह्यो । नेपाली खेलाडीले ५१ स्वर्ण पदक जितेर आफ्नो नाक राखे । यो ठूलो उपलब्धि हो । संसारका प्रायः सबै देशमा खेलाडीहरूको विशेष सम्मान गरिन्छ । नेपालमा उल्टो छ । यहाँ खेलाडीले सम्मान गर्नुपर्ने पदाधिकारीहरूको सूची लामो छ । यो सूचीमा यति धेरै पदाधिकारीको नाम लेखिएको छ कि त्यति धेरै नाम त उहिले-उहिले सर्वहितैषी कम्पनी, जालपादेवी रोड, वाराणसीबाट प्रकाशित हुने पुस्तकहरूको सूचीमा पनि उल्लेख हुँदैनथ्यो होला । यो पत्रकार सुमनको नाम मेरा हातका औंलाहरूले बारम्बार किन स्पर्श गरिरहेका छन् ? मलाई थाहा छैन । किन दिमागमा उनले पिटाइ खाएको कुरा मात्र आइरहेको छ ? कसैसँग यो प्रश्नको जवाफ होला त ? सायद छैन । जवाफ हुनेले भनिहाल्नुभए हुन्छ ।

कान्तिपुरमा सम्पन्न भएको खेलकुदपछि पोखरामा आयोजित शब्द र अक्षरको नृत्यतिर लागौं हामी । पोखराको फेवातालको किनारामा रहेको बाराही घाटमा हुन लागेको साहित्य मेला, महोत्सव र जात्रा, जे भने पनि, कवि, साहित्यकार र लेखकसँग संसर्गको एउटा अवसर हो । यो अवसरमा सहभागी हुने, निम्ता पाउनेहरू दंगदास होलान् । जसले निम्ता पाएका छैनन्, तिनले पनि मन खिस्रिक्क पार्नुपर्ने अवस्था छैन । आईएमई साहित्य महोत्सवको यो आठौं संस्करणमा देशका सुविख्यात, विख्यात र कमविख्यात गरी १ सय १० जना वक्ताको जमघट हुनेछ । आयोजकहरूको आशा छ, बाराही घाटमा बहसमा लट्ठिएका साहित्यकारहरूलाई फेवातालको चिसो स्याँठले प्रभावित तुल्याउने छैन । यो पटक साहित्य महोत्सवमा अन्तर्राष्ट्रिय लेखकहरूको पनि उपस्थिति रहनेछ । निमन्त्रणाको क्राइटेरिया केही भएजस्तो बुझिँदैन । बुकवर्म र ऱ्यान्डम रिडर्सको आमन्त्रणमा साहित्यकार र पर्यवेक्षकहरू सहभागी हुनेहुन् ।

यसपटकको महोत्सवमा, सुन्दै लोभलाग्दो, दक्षिण एसियाली साहित्यिक पुरस्कार गुठीले आठ वर्षदेखि प्रदान गर्दै आएको २५ हजार अमेरिकी डलरको पुरस्कार वितरण गरिनेछ । यो पुरस्कार कसले पाउने हो ? त्यसको जानकारी यथासमय दिइएला । यसले नेपालको रचनात्मक क्रियामा रहेको सुस्त प्रक्रियाको अन्त्य गरेर सिर्जनशीलतालाई प्रोत्साहित गर्नेछ ।

दक्षिण एसियाली खेलकुद समारोहको समाप्ति र साहित्य महोत्सवको प्रारम्भ नेपालीका लागि सुखद संयोग हो ।



सूचना प्रविधि



# ग्याजेटप्रेमी पुस्ता

## युवायुवतीका टप ७ मोबाइल गेम

१. कल अफ ड्युटी
२. टपीको
३. मिनी मिन्ट्रो
४.म्याडेन फुटबल
५.स्याडोगान लेजेन्ड्स
६. स्टार ड्यू भ्याली
७. ओसियन हर्न

प्रकाश रानाभाट

कलेज पढिरहेको एउटा तन्नेरीसँग कति मूल्य बराबरका ग्याजेट होलान् ? २० हजार, ५० हजार वा बढीमा १ लाख ? अहँ, त्यतिले मात्रै कतिपय तन्नेरीको ग्याजेट मोह पूरा हुँदैन् । उनीहरू लाखौंका ग्याजेट बोक्छन् । नभए पर्वतका जिपी पौडेललाई हेरौं न ।

रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनी मार्गमा स्नातक तह अध्ययनरत पौडेलसँग झन्डै ७ लाखभन्दा बढीका ग्याजेट छन् । ग्याजेटप्रेमी उनीसँग अहिले २ वटा एन्ड्रोइड फोन, १ एयर बड, एउटा आईओएस फोन, २ वटा स्मार्ट वाच, एउटा हेडफोन, अर्को एउटा वायरलेस इयर फोन, ८०-डी क्यामेरा तथा एप्पल म्याकको ल्यापटप छ, जसको अहिलेको बजार मूल्य झन्डै ८ लाखको हाराहारीमा छ । पौडेललाई बजारमा नयाँ केही ग्याजेट आयो कि किनिहाल्नुपर्छ । 'बजारमा केही नयाँ ग्याजेट आएपछि मलाई किनिहाल्न मन लाग्छ,' २५ वर्षीय पौडेल भन्छन्, 'नयाँ ग्याजेट त मैले चलाइहाल्नुपर्छ । ट्राभल एजेन्सीलगायतका व्यवसायमा सक्रिय रहेकाले उनका लागि ग्याजेटहरूको उपलब्धता पनि सहज छ ।


जिपी मात्रै होइन, क्यारेबियन कलेज, ललितपुरमा अध्ययनरत दिपेश बरालको ग्याजेट मोह पनि अनौठो छ । दिपेश भन्छन्, 'म ग्याजेट भनेपछि हुरुक्कै हुन्छु ।' खल्तीमा पैसा हुन्जेल बजारमा आएका नयाँ-नयाँ ग्याजेट किनिरहेका हुन्छन् उनी । बजारमा आएका नयाँ आविष्कार प्रयोग गरेर मज्जा लिन तथा केही नयाँ कुरा जानौं, बुझौं भन्ने हेतुले आफूले ग्याजेट किन्ने उनी बताउँछन् । अहिले उनी हुवावेको नोभा-५ टी चलाइरहेका छन् । योभन्दा अघि आफूले एप्पलको २ वटा फोन, स्यामसुङको ३ फोन तथा मोटोरोला कम्पनीको फोन चलाएको सुनाउँछन् । त्यस्तै उनीसँग क्याननको २ वटा क्यामरा, सोनीको १ क्यामरा र डेलको १ ल्यापटप पनि छ, जसको बजार मूल्य झन्डै ४ लाख

> आधुनिक जीवनमा मानिसका लागि ग्याजेटले पाइलापिच्छे महत्वपूर्ण स्थान पाएको छ । ग्याजेटको प्रयोग एकथरीका लागि वरदान सावित भएको छ भने अर्काथरीका लागि भने यसले समस्या पनि सिर्जना गरिरहेको छ ।

रुपैयाँभन्दा बढी पर्न जान्छ ।

दिपेश भन्छन्, 'ग्याजेटप्रेमी भएर होला, साथीभाइ कसैको जन्मदिनमा पनि ग्याजेट नै उपहारका रूपमा दिने गर्छु ।' ग्याजेट किन्नका लागि भने उनी परिवारमा भर पर्छन् । उनको परिवारको गोदावरीमा मिनरल वाटर व्यवसाय छ । अभिभावकको आम्दानीको स्रोत राम्रो भएकाले पनि आफूले नयाँ ग्याजेटहरू अफोर्ड गर्न सक्ने उनी बताउँछन् । 'मेरा कति साथीहरू विदेशमा पनि छन्,' उनी भन्छन्, 'उनीहरूले पनि नेपाल आएका बेला केही न केही ग्याजेट उपहारका रूपमा ल्याइदिएकै हुन्छन् ।'

सहरका युवापुस्ताको ग्याजेट भोक अनौठो नै छ । ट्रिनिटी कलेजमा अध्ययनरत सफल लिम्बूको धेरैजसो समय ग्याजेटसँग बित्ने गर्छ । उनको मोबाइल र एयरफोन सबैभन्दा प्रिय चिज हो । कलेजमा बाहेक आफ्नो कानमा जतिबेलै इयरफोन हुने उनी सुनाउँछन् । सामसङको ए सिरिजका मोबाइल उनलाई मन पर्छन् । केही साताअघि आफूसँग भएको ए-३० मोबाइल हराएपछि ए-५० किनेको उनी बताउँछन् । यसले पनि उनको मोबाइलप्रति अत्यधिक मोह छ भन्ने बुझ्न गाह्रो पर्दैन । योबाहेक उनीसँग १ वायरलेस हेडफोन तथा १ डेलको ल्यापटप छ । पब्जी उनको मन पर्ने गेम हो । उनमा पब्जीमोह कति छ भने कहिलेकाहीं उनी ९ घण्टासम्म पब्जी खेलेरै बिताउँछन् ।



तस्बिरहरू : नवराज बाग्चे

ग्याजेटप्रेमी युवतीहरू पनि सहरमा उत्तिकै छन् । प्रिमियर कलेजमा १२ कक्षामा अध्ययनरत रिजा कोइराला ग्याजेटप्रेमी युवतीहरूकी एक प्रतिनिधी पात्र हुन् । एप्पलका प्रोडक्टहरू असाध्यै मन पराउने उनी आईफोनको लेटेस्ट सिरिजको एक्स चलाउँदै आएकी छन् । बजारमा अपडेटेड ग्याजेटहरू किनिहाल्नुपर्ने स्वभावकी उनले हालै मात्र आईफोन-११ किनेकी छिन् । 'कक्षा ९ देखि नै आईफोन चलाउँदै आएकाले पनि होला, आईफोन निकै मन पर्छ,' कोइराला भन्छिन्, 'मसँग ग्याजेट किन्ने पैसा नभए पनि विदेशमा बस्ने दाइ-दिदीहरूले पठाइदिनुहुन्छ र बुबा-ममीले पनि धेरैजसो ग्याजेट नै किनिदिनुहुन्छ ।' कलेज तथा घरमा पढाइबाहेक अन्य समय टिकटक चलाएर तथा स्याडोगन वार गेम खेलेर समय बित्ने गरेको उनले बताइन् । नयाँ पुस्ताका तन्नेरीहरू नोट बनाउनेदेखि दैनिक रुटिङ तयार पार्ने कामसम्म ग्याजेटमै गर्छन् । कतिले पढाइमा पनि मोबाइल, ल्यापटप, ट्याबहरूको प्रयोग गरिरहेका हुन्छन् ।

ग्याजेटसँग अहिलेको पुस्ताको मन कसरी गाँसिएको छ भन्ने कुरा माथिका केही दृष्टान्तले देखाउँछ । प्रायःजसो अधिकांश तन्नेरी अहिले हिँड्दा होस् वा डुल्दा, खाँदा होस् वा बस्दा, टिभी हेर्दा होस् वा होमवर्क गर्दा नै किन नहोस्, हरेक क्षण ग्याजेटको भरपुर प्रयोग गरिरहेका हुन्छन् । सहरिया माथिल्लो वर्गका ग्याजेटप्रेमीहरू छिनभरमै काठमाडौंमा चाहेको ग्याजेट किन्न सक्छन् । न उनीहरूलाई पैसाको छेकबार छ, न त उपलब्धताको नै । किनभने अमेरिकामा लन्च भएको ग्याजेट नेपाल पुग्न धेरै समय नै लाग्दैन । धन्य अनलाइन सपिङ ।

त्यसबाहेक विदेशमा नेपालीको बढ्दो उपस्थितिका कारण पनि सहरका कलेजहरूमा पढ्दै गरेका नयाँ पुस्ताका युवायुवतीहरूको ग्याजेटमाथिको पहुँच बढ्दै गएको छ । अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, जापानजस्ता देशहरूमा बस्ने आफन्तहरूलाई आफ्नो ग्याजेट अभिरुचि पूरा गर्न उनीहरू फर्माइस गर्छन् । आफ्ना भाइबहिनी, छोराछोरीको फर्माइस पूरा गरिदिन विदेशमा बस्ने उनीहरूका अभिभावकलाई पनि करै लाग्छ ।

युवायुवतीहरूमा ग्याजेटहरू मध्ये सबैभन्दा बढी मोबाइलमा प्रेम देखिन्छ । भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा झन्डै ४३ लाख मोबाइल सेट नेपाल भित्रिएका थिए, जसका लागि नेपालबाट १९ अर्बभन्दा बढी रकम बाहिरिएको थियो । यसले पनि नेपालीहरूमा बढ्दो मोबाइल प्रेम देखाउँछ । मोबाइलमात्रै होइन, क्यामेरा, ल्यापटप, स्मार्टवाच, वायरलेस हेडफोन र ब्लुटुथलगायतका प्रविधिमा पनि नेपालीको रुचि छ ।

आधुनिक जीवनमा मानिसका लागि ग्याजेटले पाइलापिच्छे महत्त्वपूर्ण स्थान पाएको छ । ग्याजेटको प्रयोग एकथरीका लागि वरदान सावित भएको छ भने अर्काथरीका लागि भने यसले समस्या पनि सिर्जना गरिरहेको छ । ग्याजेटको उचित प्रयोगले संसारभरको सूचना प्राप्त गर्न सकिन्छ, विश्वस्थितिका बारेमा जानकारी लिनुका साथै फुर्सदको समयमा यसलाई साथीका रूपमा समय कटाउन सकिन्छ । पछिल्लो समय आविष्कार भएको स्मार्ट वाचको सहायताले त झनै आफ्नो स्वास्थ्य अवस्थाका बारेमा थाहा पाउन सकिन्छ । त्यस्तै यसको राम्रोसँग प्रयोग गर्न नजान्दा अहिले समाजमा विकराल अवस्था पनि सिर्जना भएको छ । केही समयअघि लोकप्रिय मानिएको पब्जी गेमका कारण धेरै युवायुवती मानसिक रोगको सिकार भए भने कतिले ज्यान नै गुमाए । यो त एउटा उदाहरण मात्र हो ।

# सन् २०१९ का टप ७ ग्याजेट

## आईफोन-११ प्रो




पाँच महिनाअघि सार्वजनिक गरिएको आईफोन-११ प्रो यो वर्षकै सबैभन्दा राम्रो ग्याजेट सावित भएको छ । एप्पलले यो फोनमा ३ वटा क्यामेरा राखेको थियो भने यसको क्वालिटीमा पनि विस्तार गरेको थियो । त्यस्तै यो फोनमा ब्याट्री, भिडियो क्वालिटी तथा फोटोका लागि नाइट मोडको पनि व्यवस्था गरिएको थियो । प्रयोगकर्ताहरूका लागि यसको मूल्यले पनि आकर्षित गरेको थियो ।

## फिटनेस स्मार्टवाच




मानिसको स्वास्थ्यलाई मध्यनजर गर्दै तयार पारिएको फिटबिट भर्सा कम्पनीको फिट्नेस स्मार्टवाचले यो वर्ष पाएको प्रतिक्रिया राम्रो छ । कम्पनीले वाचमा मानिसको तापक्रम, हार्ट रेट, तौल, हिँडाइको चाल तथा ब्लडको प्रेसरजस्ता फिचरलाई समावेश गरेको छ ।

## वाटरप्रुफ वायरलेस स्पिकर



यो वर्ष वोन्डरबुम-२ को वाटरप्रुफ वायरलेस स्पिकरले पनि राम्रो स्थान पायो । वाटरप्रुफको यो स्पिकरको विशेष गरी लुक्स, पानीभित्र पनि बजाउन मिल्ने तथा यसको ३६० डिग्री अडियो क्षमताले गर्दा मानिसको रोजाइमा पर्न सफल भयो । त्यस्तै यसको १३ घण्टासम्म चल्ने क्षमता भएको ब्याट्री पनि मन पराउनुको कारण रहेको छ ।

## वायरलेस इयरबड्स



क्यामरिजको अडियो मेलोमनिया वायरलेस इयरबड्स यो वर्ष इयरफोनका रूपमा धेरै प्रयोग गरियो । प्रयोगकर्ताहरूले यसको अडियो क्वालिटी, वायरलेस टोन, वाटर रेजिसटेन्स तथा ब्याट्रीको टिकाउ क्षमता रुचाएका थिए ।

## पिक टेक पाउच



यात्रुहरूलाई भनेर निर्माण गरिएको पिक डिजाइन टेक पाउच यो वर्ष ट्राभल गर्न रुचाउनेहरूको रोजाइमा पऱ्यो । यो झोलामा घुमफिरमा रहेका बेला प्रकृतिका रमाइला तथा रोचक दृश्यहरू कैद गर्न ससाना ग्याजेटहरू राख्न मिल्ने हिसाबले तयार गरिएको थियो, जुन वाटरप्रुफ थियो ।

## प्रो टेबल फोटो प्रिन्टर




एच पीको यो फोटो प्रिन्टर निकै स्टाइलिस फोटो प्रिन्टर ग्याजेट मानिएको छ । यो प्रिन्टरबाट २ दशमलव ३ बाइ ३ इन्चको फोटो निकाल्न सकिन्छ । यो प्रिन्टर ब्लुटुथबाट स्मार्टफोनमा कनेक्ट गर्न सकिन्छ । मोबाइलमा स्परकेट एपको प्रयोग गरेर यो प्रिन्टरबाट फोटो प्रिन्ट गर्न मिल्नेछ ।

## ग्यालेक्सी नोट-१० प्लस




मोबाइल फोन प्रयोगकर्ताहरूमाझ यो वर्ष सार्वजनिक भएको फोन स्यामसङ ग्यालेक्सी नोट-१० ले पनि राम्रो स्थान पायो । एन्ड्रोइड लभरहरूका लागि यो फोनको क्यामेराको क्षमता, अडियो साउन्ड, डिजाइन, फोनको यास पेन तथा अन्य फिचरहरूले मन जितेको थियो ।

कलिउड

# सबैको रोजाइमा मुस्ताङ

■ नेमिष गौतम

एक समय नेपाली चलचित्रका रोमान्टिक दृश्य पोखरा र क्लाइमेक्स काठमाडौं को चोभारमा खिचिन्थे । चलचित्रकर्मीले चलचित्रमा सुन्दरता खोज्न पोखरालाई नै प्राथमिकता दिन्थे । अहिले भने चलचित्रकर्मीको ध्यान पोखराबाट पर हिमालपारिको जिल्ला मुस्ताङ पुग्न थालेको छ । त्यसैकारण नेपालमा निर्माण भएका वा भैरहेका अधिकांश चलचित्रको सुटिङ गन्तव्य मुस्ताङ बनिरहेको छ । मुस्ताङले स्वदेशीमात्र नभई विदेशी चलचित्रकर्मीहरूलाई पनि तानेको छ । बलिउड अभिनेता अमिताभ बच्चन तथा अभिनेत्री श्रीदेवी अभिनीत चलचित्र 'खुदागवाह' एवं भोजपुरी स्टार दिनेशलाल यादव निरहुआ अभिनीत 'शेर ए हिन्दुस्तान' को छायांकन मुस्ताङमै गरिएको थियो । अमिताभले समय-समयमा नेपाल सम्झँदा मुस्ताङको अनुभव छुटाउँदैनन् ।



## छायांकन रहर पूरा गर्न मुस्ताङ


**भूषण दाहाल, निर्देशक**



मुस्ताङमा गएर चलचित्रको छायांकन गर्ने रहर थियो । मेरा लागि त्यो रहरसँगै आवश्यकता पनि थियो । किनभने हामीले कागबेनीको कथा पनि त्यहीअनुसार तयार पारेका थियौं । हामी अलिक फरक लोकेसन र फरक विषयमा चलचित्र बनाउन चाहिरहेका थियौं । त्यही चाहना पूरा गर्न हामी मुस्ताङ गयौं । अब अहिलेका चलचित्रकर्मीहरू किन मुस्ताङ जान्छन् भन्ने कुरा त थाहा भएन, तर मलाई लाग्छ, धेरैलाई मुस्ताङको सुन्दरताले तानेको छ । किनभने मुस्ताङ आफैमा सुन्दर ठाउँ हो ।

## मुस्ताङको सुन्दरताले सबैलाई तान्छ

**सुदर्शन थापा, निर्देशक**



मुस्ताङमा चलचित्र छायांकन गर्नुको कारण त्यहाँको सौन्दर्य नै हो । त्यहाँको सुन्दरताले सबैलाई तान्छ । मैले 'प्रेमगीत' छायांकन गर्दा चलचित्रको कथाले तल्लो मुस्ताङ मागेको थियो । चलचित्र 'म यस्तो गीत गाउँछु' को सुटिङका लागि म अपर मुस्ताङ पुगेको थिएँ । चलचित्रको 'भन्छु आज मनको कुरा' गीतलाई भर्जिन लोकेसन चाहिएको थियो । त्यसैले मैले अपर मुस्ताङ रोजें । आर्थिक रूपले मुस्ताङ जति महँगो छ, सौन्दर्यका दृष्टिले पनि उस्तै महँगो छ । मुस्ताङ कसैलाई मन पर्ला, कसैलाई नपर्ला तर मलाई मुस्ताङ असाध्यै मन पर्ने स्थान हो ।

## हरेक ठाउँ नयाँ लाग्छन्

**आकाश अधिकारी, निर्देशक**



सडक मार्गबाट मुस्ताङ पुग्न निकै गाह्रो छ, तर त्यहाँ पुगेपछि हरेक कोणबाट मुस्ताङ राम्रो लाग्छ, जता फर्कियो उतै भर्जिन लोकेसन । मुस्ताङको मुख्य बाटो छोडेर दायाँबायाँ लागेपछि हरेक ठाउँ नयाँ लाग्छन् । लोभ्याउने किसिमको ठाउँ भएकाले पनि मुस्ताङ सबैको प्यारो ठाउँ बनेको हो । त्यहाँ खाने-बस्ने सबै सुविधा छ । पोखरा तथा म्याग्दीबाट सामान लगिने भएकाले त्यसको ढुवानी खर्चका कारण मुस्ताङ केही महँगो पनि छ । चलचित्र छायांकनका लागि मुस्ताङ किन सजिलो छ भने काठमाडौंमा जस्तो झन्झट बेहोरिरहनु पर्दैन । धेरै ठाउँमा सुटिङ गर्दा कलाकारलाई पर्खनुपर्ने, कलाकार खोज्नु पर्ने अवस्था आउँछ, तर त्यहाँ सबैजना एकै ठाउँमा भइने हुनाले हरेक काम सजिलो हुन्छ । समयको व्यवस्थापन पनि हुन्छ । एक ताका मुस्ताङ पुग्न सिन्डिकेट थियो, तर अहिले त्यो व्यवस्था हटिसकेको छ । सरकारले मुस्ताङ पुग्ने बाटो व्यवस्थित गरिदिनुपर्छ । भारतीय तथा विदेशी पर्यटकका लागि मुस्ताङ उपयुक्त पर्यटकीय गन्तव्य हो भने यो हनिमुनका लागि स्वीजरल्यान्डभन्दा उपयुक्त छ ।

## जता हेऱ्यो उतै रमाइलो

**हेमराज बीसी, निर्देशक**



पहिलो कुरा मुस्ताङको खाना नै मीठो छ । अहिले धेरै चलचित्रकर्मीले मुस्ताङमा चलचित्र खिच्न थालेका छन् जसले गर्दा नयाँ निर्माता तथा निर्देशकलाई त्यो स्थान पुग्न मन लाग्छ । मुस्ताङ आफैमा प्राकृतिक रूपमा सुन्दर थलो हो । त्यहाँ पुगेपछि निर्देशक तथा छायाँकारलाई कुन कोणमा, कुन फ्रेम क्यामेरामा कैद गरौं भन्ने चिन्ता हुँदैन । किनभने त्यहाँ जता हेऱ्यो, उतै रमाइलो लाग्छ । हामी दर्शकलाई कति एउटै लोकेसन मात्र देखाइर हने भनेर चलचित्र 'जेरी' खिच्न मुस्ताङ पुगेका थियौं । त्यहाँ लामो समय बस्दा स्वास्थ्यमा समस्या सिर्जना हुन सक्छ । खास गरी घाम तथा चिसोले छाला डढ्ने समस्याले सताउँछ । दिउँसो १२ बजेदेखि ठूलो हावा चल्ने भएकाले इन्डोर सुटिङ मात्र गर्न सकिन्छ । घुम्नकै लागि जानेहरूका लागि पनि मुस्ताङ निकै रमाइलो छ ।

## मुस्ताङ मिनी स्टुडियो

**दिवाकर भट्टराई, निर्देशक**



मैले ड्रिम्स, ऐश्वर्या र क्याप्टेनको गीतको छायांकन मुस्ताङमा गरे को छु । गीत सुटिङका लागि उपयुक्त लोकेसन भनेको मुस्ताङ नै हो, किनभने त्यहाँ हरियाली, खोलानाला, मरुभूमि र हिमाल सबै छन् । त्यहाँ पुग्न हवाई यातायातसँगै सडक यातायातको सुविधा पनि छ । मुस्ताङमा थुप्रै चलचित्रको छायांकन भइरहने भएकाले स्थानीयस्तरमा चलचित्रकर्मीहरूका लागि वातावरण पनि राम्रो छ । चलचित्रको एउटा गीत होस् वा पूरै प्याकेजका लागि मुस्ताङ सबै दृष्टिले उपयुक्त थलो हो । मेरो नजरमा मुस्ताङ चलचित्रका लागि मिनी स्टुडियो नै हो ।

## संसारकै सुन्दर थलो

**भुवन केसी, अभिनेता/निर्देशक/निर्माता**



म अफ्रिकासहित अन्य एक-दुई देशबाहेक संसारका प्रायः सबै देश पुगिसकेको छु । ती सबै देश पुग्दा मलाई संसारकै सबैभन्दा सुन्दर देश नेपाल नै लाग्यो । त्यसमा पनि मुस्ताङको सुन्दरता अन्य मुलुकमा पाइँदैन । हाम्रो दुर्भाग्य के छ भने नेपालकै सुन्दर ठाउँ भएर पनि मुस्ताङलाई नेपाली समुदायले नै देख्न पाएको छैन । त्यही कारण त्यहाँको सुन्दरतालाई दर्शकमाझ ल्याउन मैले चलचित्र ड्रिम्सको केही दृश्य मुस्ताङमा छायांकन गरें । मुस्ताङको पर्यटन प्रवर्द्धनमा नेपाली चलचित्रको ठूलो हात छ । अमेरिकामा भएका मेरा कतिपय साथीहरू मेरै चलचित्र हेरेर मुस्ताङ घुम्न आएका छन् । सरकारी तवरबाट त्यहाँ बाटोघाटो र होटलको राम्रो व्यवस्था गरिदिए अझ बढी पर्यटक मुस्ताङ पुग्न सक्छन् । त्यहाँको सुन्दरता खिचिएका नेपाली चलचित्रलाई अंग्रेजी सबटाइटल गरेर विश्व समुदायमाझ पुऱ्याउन सके मुस्ताङको मूल्य अझ बढ्ने निश्चित छ । सरकारले नेपालमा निर्माण भएका चलचित्रलाई सहुलियत, सुविधा दिए मुस्ताङजस्ता धेरै भर्जिन पर्यटकीय गन्तव्यको विकास हुने थियो ।

## पर्दामा मुस्ताङ देखेर ताली बजाए

**एभरेस्ट सूर्य बोहोरा, निर्देशक**




मेरो चलचित्र भैरेको छायांकन उपल्लो मुस्ताङ र तल्लो मुस्ताङमा भएको हो । मुस्ताङमा सुटिङ गर्नुपर्ने कारण पनि छ । अहिले दर्शकहरूको स्वाद फेरिएको छ । उनीहरू नयाँ परिवेश र नयाँ ठाउँको अनुभव गर्न चाहन्छन् । काठमाडौं, चितवन, भक्तपुर, पोखरा हेर्दा-हेर्दा चलचित्रकर्मी तथा दर्शक दिक्क भइसकेका छन् । मेरो चलचित्रको कथा मुस्ताङको मुक्तिनाथबाटै सुरु भएको थियो । नेपालमा अनगिन्ती प्राकृतिक गन्तव्य छन् जहाँ आम व्यक्तिले चाहेजसरी पुग्न सम्भव छैन । भैरेको प्रदर्शन क्यानाडा, अमेरिकामा गर्दा मुस्ताङको लोमान्थाङ, मुक्तिनाथ देखेर दर्शकहरूले ताली बजाए । मेरो अहिलेको प्रोजेक्ट हेल्लो जिन्दगी पनि मुस्ताङको मुक्तिनाथबाटै सुरु हुन्छ । मेरो अनुभवमा मुस्ताङ खासै महँगो पनि छैन ।

बलिउड



# २०१९ का उत्कृष्ट बलिउड अभिनेता








सन् २०१९ बलिउडका लागि निकै सुखद रह्यो । कैयौं यस्ता चलचित्र प्रदर्शनमा आए, जसले बक्स अफिसमा उत्कृष्ट कलेक्सन गर्‍यो नै, कलाकारको करियरलाई नयाँ आयाम नै दियो । सन् २०१९ ले उनीहरूको करियरलाई एउटा नयाँ उचाइमा पुर्‍यायो ।

अभिनेता शाहिद कपुरले चलचित्र उद्योगमा कम उमेरमै आफ्नो करियर बनाए । अभिनय करियरमा उनले धेरै सफल चलचित्रमा काम गरे, तर त्यो सफलताभन्दा उत्कृष्ट सफलता भने उनले सन् २०१९ मै पाए । यो वर्ष शाहिद अभिनीत 'कबिर सिंह' ले वर्षमा सर्वाधिक कमाउने दोस्रो चलचित्रको रेकर्ड राख्यो । अर्जुन रेड्डीको यो रिमेक चलचित्रले २ सय ७८ करोडको कलेक्सन गरेको थियो । बक्स अफिस कलेक्सनको औसत हिसाब हेर्ने हो भने शाहिद वर्षकै नम्बर एक अभिनेता हुन् ।

अर्को अभिनेता विक्की कौशल बक्स अफिस सफलताको हिसाबमा दोस्रो नम्बरमा छन् । विक्कीको यो वर्ष प्रदर्शनमा आएको 'उरी-द सर्जिकल स्ट्राइक'ले २ सय ४० करोडको कलेक्सन गरेको थियो । यो चलचित्रले विक्कीलाई बलिउडको नयाँ स्टारका रूपमा स्थापित गराइदियो ।

अभिनेता रितिक रोशनको यो वर्ष दुई चलचित्र प्रदर्शनमा आए, जसमा 'वार' ले ३ सय १८ करोडको कलेक्सन गर्दै सन् २०१९ मा सर्वाधिक कलेक्सन गर्ने चलचित्रको रेकर्ड राख्यो । उनको दोस्रो चलचित्र 'सुपर ३०' ले १ सय ४६ करोडको कलेक्सन गरेको थियो । यी दुई चलचित्रको कलेक्सनको औसत हिसाब निकाल्दा २ सय ३२ दशमलव ०५ करोड हुन आउँछ । रितिकको बक्स अफिस कलेक्सनको औसत आम्दानी तेस्रो नम्बरमा पर्छ ।

त्यस्तै अभिनेता सलमान खान वर्षको सूचीमा चौथो स्थानमा पर्छन् । सलमानको यो वर्ष 'दबंग-३' बाहेक चलचित्र 'भारत' मात्र रिलिज भयो, जसले बक्सअफिसमा २ सय ९ दशमलव ३६ करोडको कलेक्सन गरेको थियो । चलचित्र 'दबंग ३' रिलिजको सँघारमा छ । यो चलचित्रले बक्सअफिसमा २ सय करोड कलेक्सन गर्ने प्रारम्भिक अनुमान गरिएको छ । यदि यस्तो हुन सकेमा औसत बक्स अफिस कलेक्सनका हिसाबले सलमानले चौथो स्थानमा आफूलाई उभ्याउनेछन् ।



अभिनेता रणवीर सिंह सफल अभिनेताको छैटौं स्थानमा छन् । उनको चलचित्र 'गली ब्वाइ'ले १ सय ३९ कराड आसपासको कलेक्सन गरेको थियो । रणवीरको यो वर्ष एक चलचित्र मात्र प्रदर्शनमा आयो ।

बक्स अफिसको सफलतामा नयाँ सफलता लेखिरहेका अभिनेता अक्षय कुमारको सन् २०१९ मै तीन चलचित्र रिलिज भए, जसमा 'केशरी'ले १ सय ५३ करोड, 'मिसन मंगल'ले २ सय करोड र 'हाउसफुल-४' ले २ सय ६ करोडको कलेक्सन गरेको थियो । यी तिनै चलचित्रको कलेक्सनको औसत आम्दानी १ सय ८६ दशमलव ३८ करोड हुन आउँछ । यी तीन सफलतालाई आधार मान्दा अक्षय सन् २०१९ को पाँचौं सफल अभिनेता भएका छन् । उनको चलचित्र 'गुड न्युज' डिसेम्बर २७ मा रिलिज हुँदैछ । यदि यो चलचित्रले २ सय करोडको व्यापार गर्न सक्यो भने अक्षयले पाएको सफलताको स्थान सुरक्षित नै रहनेछ ।

अर्को अभिनेता रणवीर सिंह सफल अभिनेताको छैटौं स्थानमा छन् । उनको चलचित्र 'गली ब्वाइ'ले १ सय ३९ कराड आसपासको कलेक्सन गरेको थियो । रणवीरको यो वर्ष एक चलचित्र मात्र प्रदर्शनमा आयो ।

यसैगरी अजय देवगनको दुई चलचित्र 'दे दे प्यार दे' र 'टोटल धमाल' रिलिज भए । दुवै चलचित्रको बक्स अफिस कलेक्सनको औसत हिसाब १ सय २८ दशमलव ३५ करोड निस्कन्छ, जसका कारण अजयलाई सूचीको सातौं सफल अभिनेता मान्न सकिन्छ ।

वर्षको सफल अभिनेतामा नछुट्ने नाम भनेको आयुष्मान खुराना पनि हो । उनको सफलताको उचाइमा नयाँ इँटा थप्ने काम सन् २०१९ ले गरेको छ । आयुष्मानको तीन चलचित्र 'आर्टिकल १५', 'बाला' र 'ड्रिम गर्ल' बक्सअफिसमा हिट साबित भए । 'बाला' र 'ड्रिम गर्ल' सय करोड क्लबमा पुगे । यो हिसाबले उनको बक्सअफिस कलेक्सनको औसत १ सय ६ दशमलव ०१ करोड रह्यो । त्यसकारण उनी आठौं सफल अभिनेता बने ।

स्रोत : एजेन्सी

हलिउड

# दशकका दश हलिउड चलचित्र

अमेरिकन चलचित्र समीक्षक टोड म्याकार्थीले सन् २०१० मा प्रदर्शन भएको हलिउडको चलचित्र "कार्लोस" लाई यो दशककै सबैभन्दा उत्कृष्ट चलचित्र भएको बताएका छन् । एउटा अंग्रेजी न्युज वेबसाइटका लागि स्तम्भ लेख्ने टोडले दशकका उत्कृष्ट हलिउड चलचित्रहरुको सूची तयार पारेका छन् । उनको यो सूचीमा "द सोसल मिडिया" तथा "ब्रुकिलन" सहित अन्य थुप्रै सफल चलचित्र समावेश छन् ।



### १. कार्लोस

सन् २०१० मा प्रदर्शन भएको यो क्राइम-ड्रामा चलचित्र भेनेजुएलाका क्रान्तिकारी इलिच रामिरेज सान्चेजको जीवनमा आधारित छ । इलिजले एक आतंकवादी संगठनको थालनी गरेका थिए, जसले सन् १९७५ मा आयोजित ओपेक मिटिङमा आक्रमण गरेको थियो । ५ घण्टा ३४ मिनेट लामो उक्त चलचित्रले एक गोल्डेन ग्लोब एवार्डसहित अन्य थुप्रै पुरस्कार जित्न सफल भएको थियो । आफ्नो उत्कृष्ट कथा तथा प्लटका साथै यो चलचित्र यो दशककै टोडको सूचीको उत्कृष्ट चलचित्र बन्न सफल भएको छ ।

### २. द सोसल नेटवर्क

फेसबुकका संस्थापक मार्क जुकरबर्गको जीवन तथा सोसल मिडिया फेसबुकको यात्राबाट प्रेरित यो चलचित्रले तीनवटा ओस्कार एवार्ड जित्न सफल भएको थियो । यो चलचित्रमा मार्कको मुख्य भूमिकामा जेस इसनबर्गले निर्वाह गरेका थिए, जबकि उनका साथी एड्वार्डोको भूमिका एन्ड्रयू गार्फिल्डले निर्वाह गरेका थिए । यो फिल्मले विश्वभरिबाट २ सय २४ मिलियन डलरको व्यापार गरेको थियो ।

### ३. इन्साइड लेभिस डेभिस

सन् २०१३ मा प्रदर्शन भएको यो चलचित्रमा सन् १९६१ को एउटा कथालाई प्रस्तुत गरिएको छ । यो चलचित्रमा एक जना त्यस्ता लोकगायकको कथालाई चित्रण गरिएको छ, जसले सांगीतिक क्षेत्रमा सफलता हासिल गर्न सक्दैनन् । चलचित्रमा ओस्कार आईज्याकले मुख्य भूमिका निर्वाह गरेका छन् । यो चलचित्रको निर्देशन इथन कोएन तथा जोएल कोयनले संयुक्त रूपमा गरेका हुन् । करिब दुई घण्टा लामो यो चलचित्र ओस्कारका दुई विधामा मनोनीत हुन सफल भएको थियो ।

### ४. वन्ली लभर्स लेफ्ट अलाइभ

२५ डिसेम्बर २०१३ मा प्रदर्शन भएको यो चलचित्रमा नार्नियामा बीचको चरित्र निर्वाह गरिसकेकी टिल्डा स्विन्टनले मुख्य भूमिका निर्वाह गरेकी छिन् । उनका साथमा टम हिडल्स्टन पनि चलचित्रको महत्त्वपूर्ण भूमिकामा छन् । चलचित्रले वर्षौं पुराना दुई जोडीको कथा बोकेको छ, जो आधुनिक समाजअनुसार आफूलाई परिवर्तन गर्ने प्रयास गर्छन् । जिम जार्मुसद्वारा निर्देशित यो चलचित्रले विश्वभरिबाट करिब ७ मिलियन डलरको व्यापार गर्न सफल भएको थियो ।

### ५. द ह्यान्डमेडन

सन् २०१६ मा प्रदर्शन भएको यो कोरियन तथा जापानिज चलचित्रले थुप्रै चलचित्र समीक्षकको ध्यान आकर्षित गर्न सफल भएको थियो । रोमान्स, ड्रामा तथा थ्रिलर विधाको यो चलचित्रले एक बाफ्टासहित ६२ एवार्ड आफ्नो पक्षमा पार्न सफल भएको थियो । यो चलचित्रको निर्देशक चान वु पार्क हुन् । चलचित्रमा मिन सिक चोई, जी ताय यूले मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रको कथा एक बेलायती उपन्यासबाट प्रेरित थियो । चलचित्र समीक्षक टोडले यसलाई दशककै सबैभन्दा उत्कृष्ट इरोटिक थ्रिलर चलचित्रको दर्जा दिएका छन् ।

### ६. लेभियाथन

सन् २०१४ मा प्रदर्शन भएको यो चलचित्रमा एक रूसी फिसरम्यान भ्रष्ट मेयरसँग आफ्नो हकका लागि लड्छन् । चलचित्रले ग्लोबल बक्स अफिसमा ४ मिलियन डलरको आम्दानी गर्न सफल भएको थियो । चलचित्रमा एलेक्से सेरेब्रियाकोव तथा एलेना ल्यादेवाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । यो चलचित्र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय कथानक चलचित्रको विधामा ओस्कार एवार्डका लागि मनोनीत हुन सफल भएको थियो ।

### ७. वन्स अपन अ टाइम इन हलिउड

दिग्गज क्वेन्टिन टेरेन्टिनोको यो चलचित्रले विश्वव्यापी बक्स अफिसमा ३ सय ७२ मिलियन डलरको व्यापार गर्न सफल भएको थियो । ओस्कार विजेता लियोनार्दो डि क्याप्रियो, ब्राड पिट तथा मार्गोट रोबीले चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रमा एक जना टेलिभिजन अभिनेता तथा उनका एक स्टन्ट म्यानले सन् १९६९ को समयमा उद्योगमा सफलता पाउनका लागि गरेको प्रयासलाई चित्रण गरिएको छ ।

### ८. ब्रुक्लिन

ड्रामा तथा रोमान्सले भरिएको यो चलचित्र ओस्कार एवार्डका तीन महत्त्वपूर्ण विधामा मनोनीत हुन सफल भएको थियो । चलचित्रमा एक आइरिस प्रवासी महिलाको कथा चित्रण गरिएको छ, जो स्थानीय युवकको प्रेममा पर्छिन् । सन् २०१५ मा प्रदर्शन भएको हुई जोन क्राउलेद्वारा निर्देशित यो चलचित्रले विश्वभरिबाट ६२ मिलियन डलर व्यापार गर्न सफल भएको थियो ।

### ९. म्याड म्याक्स : फ्युरी रोड

सन् २०१५ मा प्रदर्शन भएको यो एक्सन-एड्भेन्चर चलचित्रले थुप्रै दर्शकलाई आफूतिर आकर्षित गर्न सफल भएको थियो । चलचित्रको कथा अनुसार एक बागी महिला मरुभूमिमा महिला साथीहरू तथा म्याक्स नाम गरेका ड्रिफ्टरको सहयोगले शासकविरुद्ध लड्छिन् । यो चलचित्रले ६ वटा ओस्कारसहित थुप्रै महत्त्वपूर्ण एवार्ड जित्न सफल भएको थियो । यो चलचित्रको निर्देशन जर्ज मिलरले गरेका थिए । चलचित्रमा टम हार्डी तथा चार्लिज थेरोन मुख्य भूमिकामा थिए ।

### १०. द गेटकिपर्स

सन् २०१२ मा प्रदर्शन भएको यो चलचित्रले टोडको लिस्टमा स्थान बनाउन सफल भएको छ । ड्रोर मोरेहद्वारा निर्देशित यो चलचित्रमा शिन बेटका ६ पूर्व प्रमुखहरूको दृष्टिकोणबाट इजरायलको अन्तरिम सुरक्षा सेवा शिन बेटको कथाका बारे बताइएको छ । वृत्तचित्र शैलीको यो चलचित्रलाई लामा-लामा अन्तर्वार्ता तथा कम्प्युटर एनिमेसनमार्फत निर्माण गरिएको छ । यो वृत्तचित्र ८५ औं ओस्कार एवार्डमा उत्कृष्ट वृत्तचित्र विधामा मनोनीत भएको थियो ।

स्रोत : एजेन्सी

केवल एक प्रश्न

# संगीतमा चोरीको समस्या हटाउन के गर्नुपर्ला ?



अब गीतहरू नै यति धेरै बनिसके कि कहीँ न कहीँ, कतै न कतै अलिकति त मिल्छ-मिल्छ । फेरि नयाँहरूले पुरानो गीत धेरै सुन्ने हुँदा त्यसकै केही अंश आउनु स्वाभाविक हो, तर हुबहु मिल्नुचाहिँ हुँदैन । त्यसैले यो पूर्ण रूपमा हट्न मुस्किल छ ।

**अजय अधिकारी सुशील, गायक**

यो नक्कल र चोरीलाई दुई किसिमले हेर्नुपर्छ । चोरी भनेको चोरी भयो, नक्कल भनेको अरूबाट अलि-अलि प्रभावित भयो भन्ने हो । नक्कल र चोरी त सकेसम्म आफ्नोपन हाल्न नगर्दा बेस हुन्छ, तर संसारभरि यति धेरै गीत भएका छन् कि आफ्नोपन भएको लोकदोहोरीबाहेक अझ संस्कृतिसँग जोडिएका गीत भनौं, यी गीतका फ्लेभर कहीं न कहीं भेटिन्छ । एउटा उदाहरणका रूपमा पश्चिम नेपालका गीतहरूको कलरचाहिँ अल्बानियम कल्चरसँग मिल्छ, तर नक्कल र चोरी गर्नुभन्दा पनि सर्जक आफैं सचेत भयो भने यी कुरा निराकरण हुन्छ ।

**अर्जुन पोखरेल, संगीतकार**

सर्वप्रथम त कुनै पनि स्रष्टालाई बौद्धिक सम्पत्तिका बारेमा ज्ञान हुनु जरुरी छ, साथै संगीतकारहरूले आफ्नो मौलिक धुन खोज्नुपर्छ ।

**भोजराज गुरुङ, निर्देशक**

स्रष्टामा इमानदारी र विवेकशीलता हुनुपर्छ ।

**वसन्त बी थापा, गीतकार**

नक्कल हटाउन त सजिलो होला, तर सबै संगीतकर्मीले आफ्नोपन, पृथकता र सिर्जनशीलतामा विश्वास गर्न सक्नुपर्छ । जहाँसम्म चोरीको कुरा छ, यसमा भने कानुन बनाएर नै अघि बढ्नु उपयुक्त हुन्छ जस्तो लाग्छ ।

**विमल गौतम, गायक**

चोरी भएको गीत युट्युबमा जसले राख्छ, त्यसको युट्युब एकाउन्ट नै उडाइदिनुपर्छ । डिलिट नै गरिदिनुपर्छ । जय संगीत !

**आशुसेन लामा, गायक**

प्रश्नका लागि धन्यवाद । चोर्नेलाई दण्ड, जरिवाना र मौलिक संगीतलाई प्रोत्साहन गर्नुपर्छ । सुन्नेले पनि चोरेका संगीतहरू आयो कि कान थुन्नुपर्छ ।

**जनकदीप पराजुली, निर्देशक**

चोरी गर्ने र नक्कल गर्नेलाई कानुनी प्रक्रियाअनुसार सजाय नै दिनुपर्छ । अरूको सम्पत्ति चोर्न, नक्कल गरेर आफूले गाएर हिँड्न त पाइएन नि ! त्यसको उपयुक्त समाधान भनेको सजाय नै हो ।

**कर्णराज गिरी, गायक**

त्यसका लागि कानुन कडा हुनुपर्छ । कडा कानुनकै कारण कसैलाई पनि चोर्ने आँट नआओस् । स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ जस्तो लाग्छ ।

**किरण लाकौल, मोडल**

प्रथमतः कलाकार आफैं सजग हुनुपर्छ र प्रतिलिपि अधिकारको कडा कानुन हुनुपर्छ । नक्कल गर्नु वा चोरी हुनु भनेको हाम्रो संस्कारको कमी हो । त्यसैले हाम्रो संस्कारमै परिवर्तन ल्याउनु जरुरी छ । सायद यो परिवर्तन रातारात त नहोला, तर आजबाटै यो संस्कार बसाउन थाल्यौं भने भोलिका दिनमा यो समस्या हटेर जान सक्छ ।

**लिना रेग्मी, अध्यक्ष, विन्ध्यवासिनी म्युजिक**

गीतको नक्कल र चोरी हटाउन यही नै प्रणाली छ जस्तो मलाई लाग्दैन । तैपनि नेपाली जनमानसमा के कुरा पुऱ्याउन जरुरी छ भने अरूको सिर्जना कपि गरेर, चोरेर, हुबहु लिएर बनाइएका सिर्जनालाई सबै क्षेत्रबाट बहिष्कार गर्न सक्ने एउटा सिस्टम ल्याउन सकेमा त्यसरी चोर्ने प्रविधि हट्छ । त्यस्तो काम गर्ने मान्छे आफैं सतर्क हुने गर्छ । त्यस्तो भएमा कडाभन्दा कडा कारबाही गरेर जरिवाना तिराउने व्यवस्था पनि हुनुपर्छ ।

**कृष्ण काफ्ले, गायक**

कसैको सिर्जनाबाट प्रभावित हुनु र जसको सिर्जना हो उसैलाई सोधेर केही नक्कल गरिन्छ भने त्यो नराम्रो कुरा होइन । तर, कसैको सिर्जना नसोधी हुबहु नक्कल गरिन्छ भने त्यो ठूलो अपराध हो । यस्तो अवस्थामा राज्य र प्रतिलिपि अधिकारले कडाभन्दा कडा सजाय दिलाउने कानुन बनाउन जरुरी छ ।

**केदार धिताल, म्युजिक भिडियो निर्देशक**

उच्चतम जरिवानासहितको कठोर कानुन बन्नु जरुरी छ ।

**विधान कार्की, निर्देशक**

सशक्त कानुनी कारबाही र इमानदारिता लागू गर्नुपऱ्यो ।

**हरिमाया भेटवाल, साहित्यकार**

कानुनी उपचारबाहेक अर्को विकल्प छैन । मिडियाले पनि सक्कली कलाकार र नक्कली कलाकार छुट्याउन सक्नुपर्छ ।

**मीना निरौला, गायिका**

समयअनुसार कस्तो संगीत चलेको छ, कहिले रक, कहिले आधुनिक, कहिले पप, कहिले दोहोरी, त्यसको नक्कल गर्नुचाहिँ ठीकै हो, तर गीत चोरीको समस्या हटाउनु र गीत चोरी गर्नेलाई कानुनले कडाभन्दा कडा कारबाहीचाहिँ गर्नुपऱ्यो, अनि मात्र यो समस्या हट्छ जस्तो लाग्छ । कानुनभन्दा ठूलो कोही छैन । धरौटीमा निस्कन नमिल्ने गरी कम्तीमा एक वर्षको जेल चलान हुनुपर्छ ।

**सपन श्रेष्ठ, गायक**

यो एउटा जटिल प्रश्न हो । अधिकांश अंश हुबहु भएको गीतलाई त सजिलै चोरी या नक्कल भन्न सकिएला, तर सानो अंश मिलेको गीतलाई चोरी या नक्कलको आरोप लगाइहाल्नु उपयुक्त हुँदैन । संगीत क्षेत्रका विज्ञहरूमै पनि यस विषयमा एकमत भएको पाइँदैन । सात सुरभित्र अलिअलि मिलेजस्तो लाग्नु स्वाभाविक भएको उनीहरूको मत रहँदै आएको छ । कति अंश मिलेकोलाई चोरी या नक्कल भन्ने विषयमा निश्चित मापदण्ड नभएको र यस्ता विषयमा अदालतमा बहससमेत नचलेको हुँदा एउटा कानुनी नजिर बस्न भने जरुरी भइसकेको छ । शब्द वा लय उस्तै-उस्तै लाग्ने गीत बजारमा नआएका भने होइनन्, तर खासगरी लोक तथा दोहोरी गीतको सन्दर्भमा यो विषय अझ जटिल छ । कतिपय व्यक्तिले प्रतिलिपि अधिकार ऐनलाई हतियार बनाएर मुद्दामै नगई मिलापत्रको नाममा बदनीयतपूर्ण ढंगमा अस्वाभाविक क्षतिपूर्तिको प्रयास र असुल गरेको पनि देखिएको छ । यो विषयमा अदालतमा बहस हुन र एउटा नजिर बस्न जरुरी देखिएको छ ।

**तुलसी गिरी 'भावुक', सञ्चारकर्मी**

संगीत विकास बोर्डको गठन गरेर त्यही निकायबाट नियमन अनुगमन र नियन्त्रण गर्नुपर्छ ।

**सुवास रेग्मी, संगीत उद्यमी**

कडा कानुनको व्यवस्था हुनुपऱ्यो ।

**यशकुमार, गायक**

जब स्रष्टाको सिर्जनामा मौलिकता र निजत्व समाप्त हुन्छ अनि नक्कल र चोरीको बाटोमा लाग्ने गरेको पाइन्छ । संगीतमा कसैको नक्कल र चोरी गर्नुभन्दा यो क्षेत्र छोडेर अर्को कुनै क्षेत्रमा जानु राम्रो हुन्छ । विविध समस्याका बाबजुद पनि यही क्षेत्रमा केही नवीन सिर्जना गर्ने हो भने संगीतको सैद्धान्तिक अध्ययन गरेर त्यसलाई प्रयोगात्मक रूपमा पनि सफल बनाउनेतर्फ लाग्नु उपयुक्त हुन्छ ।


**सन्तोष श्रेष्ठ, संगीतकार**

पहिलो कुरा त प्रतिलिपि अधिकार लगाउनुपर्छ । एउटा संगीत बोर्ड बनाउनुपर्छ । त्यसमा आफ्नो संगीत दर्ता गराउनुपर्छ । प्रतिलिपि अधिकार लगाएर गीतलाई युट्युबबाट हटाउनुपर्छ । अर्काको सिर्जना चोरी गर्नु भनेको अपराध नै हो ।

**स्मृति पोखरेल, गायिका**

## ह्याप्पी बर्थ डे

अभिनेत्री बिपना थापाको आज शुक्रबार जन्मदिन परेको छ । हाल भारतमा बसोबास गर्दै आइरहेकी यी अभिनेत्री आफ्नो समयकी राम्रो अभिनय कला भएको अभिनेत्रीका रूपमा गनिन्छिन् । त्यस्तै पाका गायकका रूपमा चिनिने गायक दीप श्रेष्ठको आउँदो सोमबार जन्मदिन हो । अभिनेता आयुषमान देशराज जोशी तथा गायिका देवीका बन्दनाको पनि आउने मंगलबार जन्मदिन परेको छ । यी अभिनेता, अभिनेत्री, गायक तथा गायिकाको जन्मदिनको अवसरमा उनका साथीभाइ तथा सहकर्मीहरूले साप्ताहिकमार्फत दिएको शुभकामना तथा प्रतिक्रियाहरु :



**विपना थापा** कुशल अभिनेत्री त हुन् नै, त्योभन्दा पनि बढी मेरा लागि असल साथी हुन् । जहाँ जे पर्दा पनि हामी कुराहरू सेयर गरिरहेका हुन्छौं । हाम्रा धेरै महत्त्वपूर्ण किस्साहरू छन् । यति मिलनसार संगिनीको बिहेका बेला उनी मण्डपमा र म हस्पिटलमा भएर मैले सहभागिता जनाउन नपाएको किस्सा पनि छ । सबैसँग मिल्ने मिलनसार प्रवृत्ति उनमा छ । उनी सहयोगी भावनाको हुनुका साथै रमाइलो गरिराख्नुपर्ने उनको बानी छ । हराउनु भएका साथीहरू चलचित्रमा देखिराख्नु भएको छ । मलाई पनि उनी छिट्टै अभिनयमा फर्किदिए हुन्थ्यो जस्तो लाग्छ ।

**सरिता लामिछाने, कलाकार**



**दीप श्रेष्ठ** र मैले नेपाल प्रज्ञा-प्रतिष्ठानमा धेरै वर्षसँगै काम गरेका छौं । उनको व्यक्तिगत आनीबानी अलि रिजर्भ टाइपको छ । त्यस्तै उनको सांगीतिक जीवनको कुरा गर्ने हो भने उनी अलिक चुजी छन् । उनी धेरै विचार गरेर मात्र गीत गाउने गर्छन् । धेरैले उनलाई संगीतकारका रूपमा चिन्छन् तर मलाई चाहिँ उनी संगीतमा भन्दा पनि गायनमा सफल छन् जस्तो लाग्छ । उनमा आफ्नो संगीतमा मीठो स्वर भर्ने क्षमता छ, त्यसैले उनले अरूका संगीतमा गाएका गीतहरूभन्दा आफैंले संगीत भरेका गीतहरू चर्चित छन् ।

**शम्भुजित बाँस कोटा, संगीतकार**



**देविका बन्दना** मेरी आदरणीय दिदी हुनुहुन्छ । आज उहाँ संगीतको जुन उचाइमा हुनुहुन्छ, त्यो उहाँको दुःख तथा साधनाले गर्दा सम्भव भएको हो । उहाँ संगीतमा निकै अपडेटेड हुनुहुन्छ । उहाँले बजारमा आएका सबैजसो गीत सुनेर त्यसको प्रतिक्रिया दिने गर्नुहुन्छ । गीतकार, संगीतकार तथा गायकलाई प्रेरणा दिने काम उहाँले गर्नुहुन्छ । त्यस्तै सबैलाई माया गर्ने, घुलमिल हुने स्वभाव दिदीको छ । गायनमा उहाँ अलि चुजी हुनुहुन्छ, गीत गाउनुभन्दा पहिले उहाँ शब्द छनोटमा ध्यान दिनुहुन्छ । मलाई यो उहाँको विशेषता हो जस्तो लाग्छ ।

**राजु सिंह, संगीतकार**

**आयुष्मान** मलाई फ्र्यांक स्वभाव भएको व्यक्ति लाग्छ । उनी बाहिर देखिएजस्तो रिजर्भ छैनन् । सुटिङ सेटमा होस् वा बाहिर, उनको सबैसँग घुलमिल हुने बानी छ । त्यस्तै उनी वातावरणअनुसार आफूलाई मेन्टेन राख्न सक्छन् । देशअनुसारको भेष भन्छन् नि, हो त्यस्तै । अप्ठेराको बीच पनि आफूलाई एडजस्ट गर्न सक्ने गुण उनमा छ । उनले र मैले समाजमा परिवर्तन ल्याउने विभिन्न कार्यक्रममा सहकार्य गरेका छौं । यीबाहेक म्युजिक भिडियो तथा केही सर्ट मुभीमा पनि काम गरेका छौं । कामको मेन थिम अनुसार काम गर्न सक्ने खुबी उनको छ ।



**सरोज वली, निर्देशक**

आवरण



# सुर हराएको संगीत

## हेर्ने कि सुन्ने ?

“

राम्रो गायक-संगीतकर्मीलाई स्टार हुन न त रेडियो नेपाल धाउनुपर्ने बाध्यता छ, न त अन्त कतै जागिर खोज्नुपर्ने आवश्यकता नै । क्यासेट बनाएर श्रोता-दर्शककहाँ पुर्‍याउने भन्ने चिन्ता त एकादेशको कथाजस्तो भइसकेको छ ।

■ महेश तिमल्सिना

झन्डै ५० वर्ष पुग्न लागेछ, शम्भुजित बाँस्कोटा संगीत कर्ममा लागेको । उनले रेडियो नेपाल छिरेर पहिलो गीत ‘कुन सहरमा छौ मायालु…’ गाएको ठ्याक्कै २०२८ सालमा हो । त्यसअघि पनि उनी विभिन्न मञ्चहरूमा संगीतकर्म गरिरहेका भेटिन्थे । यद्यपि पहिलो गीत गाएपछि उनी श्रोतासँग जोडिए ।

‘लक्ष्मीले साथ नदिएको सरस्वतीले साथ दिएको समय थियो त्यो,’ ६२ वर्षीय बाँस्कोटा त्यो बखत सम्भन्छन्, ‘राम्रा कलाकार, राम्रो साधनाबाट आएका उपासकहरू थिए ।’

गायक तथा संगीतकर्मीहरू कोही रेडियो नेपालमै आबद्ध थिए, कोही जीविकोपार्जनका लागि अन्ततिर जागिर गर्थे । तर, साधनाका रूपमा संगीतकर्मलाई अँगाल्थे । व्यावसायिक रूपमा गायक वा संगीतकार बनेर हातमुख जोर्न धौ-धौ पर्ने समय थियो । यति हुँदाहुँदै पनि जागिरे बनेरै भए पनि बाँस्कोटाले जीवनभर संगीतकर्मलाई निरन्तरता दिइरहे । कसरी ? भन्छन्, ‘माहौलले नै मलाई जिन्दगीभर यसैमा तानिरह्यो । संगीत सिर्जनालाई श्रोताले दिएको ‘वाहवाही’ले निरन्तर डटिरहन ऊर्जा दिने काम गर्‍यो ।’

नेपालका कुना-कन्दराबाट मात्र होइन, दार्जीलिङ र सिक्किमतिरबाट पनि ‘क्या मीठो गाना, कति मीठो संगीत’ भन्दै उनका फ्यानहरू फुर्काउँथे । त्यही नै उनका लागि यसैमा डटिरहने ऊर्जा बन्थ्यो । पछि क्रमशः चलचित्र र टेलिभिजन हुँदै संगीत बजार व्यावसायिकतातर्फ फड्को मार्दै गयो । सुगम, आधुनिक र सबै खाले संगीतमा उनका कालजयी सिर्जनाले अथाह प्रेम पाए ।

‘के घर के डेरा’बाट सुरु भएको उनको चलचित्र संगीत र गायन लभ स्टेसनसम्म आउँदा ३ सय ६७ चलचित्र पुगिसकेको छ । त्यसबाहेक उनका विभिन्न सांस्कृतिक, राष्ट्रभक्ति, प्रेमभाव भरिएका थुप्रै कालजयी गीत नेपाली समाजलाई दिएका छन्, ‘निधारैमा लर्काएर’, ‘तिहारै आयो’, ‘गैरी खेत’ जस्ता धेरै छन् ।

‘त्यो बेला रेडियो नेपाल कुद्नुपर्ने, मन परेको गीत सुन्न फुर्माइस कुरेर बस्नुपर्ने र क्यासेट खोज्नुपर्ने समय थियो ।’



शम्भुजित बाँस्कोटा, संगीतकार

संगीतमा अविराम लागेका बाँस्कोटालाई नेपाली संगीतको पछिल्लो अवस्था कस्तो लागिरहेको छ ? ‘विकास र सडकजस्तै हो । त्यतिबेलाको अर्गानिक, मौलिकता र वातावरणीय सुन्दरता बेग्लै थियो,’ उनी सांकेतिक जवाफ फर्काउँछन्, ‘अहिलेको विकासको बेग्लै रमाइलो छ । त्यो बेला रेडियो नेपाल कुद्नुपर्ने, मन परेको गीत सुन्न फुर्माइस कुरेर बस्नुपर्ने र क्यासेट खोज्नुपर्ने समय थियो ।’

बाँस्कोटाले भनेजस्तै अहिले नेपाली सांगीतिक आकाशमा धेरै परिवर्तन देखा परेका छन् । राम्रो गायक-संगीतकर्मीलाई स्टार हुन न त रेडियो नेपाल धाउनुपर्ने बाध्यता छ, न त अन्त कतै जागिर खोज्नुपर्ने आवश्यकता नै । क्यासेट बनाएर श्रोता-दर्शककहाँ पुर्‍याउने भन्ने चिन्ता त एकादेशको कथाजस्तो भइसकेको छ । गीत सुन्न न क्यासेट किन्नुपर्छ, न त कसैको फर्माइस नै कुर्नुपर्ने जमाना रह्यो । सूचना-प्रविधिको तीव्रतर विकास, बढेको व्यावसायिकतासँगै अहिले सोसल मिडियाको युग सुरु भएको छ । संगीत बजारमा थुप्रै रियालिटी शोले रातारात स्टार जन्माइरहेका छन् । तर, संगीतमा देखिएका यी वैभवशाली विकासका बीच पनि नेपाली संगीतमा केही ‘मिस’ भइरहेको छ, खट्किरहेको छ । फेसबुक र सोसल मिडियामार्फत स्टार गायक जन्माइने अहिलेको पुस्ताका गायक/गायिका र संगीतकर्मीहरूका



लागि टड्कारो प्रश्न खडा भइरहेको छ– अहिलेका गीत-संगीत किन कालजयी हुन सकेनन् ? संगीतको मौलिकता कता हरायो ?

केही अग्रज कलाकारहरू सांगीतिक क्षेत्रमा कलाकारको बाढी र सर्जकमा साधनाको अभावका कारण यो अवस्था आएको बताउँछन् । यस्तो धारणा राख्नेमध्येका एक हुन्– पुराना गायक प्रेमध्वज प्रधान । उनका अनुसार, असीमित कलाकार र पैसाको चलखेल हुन थालेपछि सिर्जना दिगो हुन सकेन । 'हिजो जति गीत बन्थे, सीमित बन्थे र राम्रा बन्थे, उत्कृष्ट सिर्जनामात्र हिट हुन्थे तर अहिले दिनमै सयौं गीत निस्कन्छन् कसको कुन गीत निस्कियो पनि पत्तो हुँदैन ।' उनी भन्छन्, 'नराम्रा गीत-संगीतलाई पैसा खर्चेर हिट हुने भएकाले गर्दा राम्रा सिर्जनाले स्थान पाएनन् ।'

सांगीतिक, कलात्मक हिसाबले नेपाली संगीतलाई हिजो नारायण गोपाल, अमर गुरुङ, नातिकाजी, भक्तराज आचार्य, प्रेमध्वज प्रधान, दीपक खरेल, शम्भुजित बाँस्कोटा, यादव खरेलका गीत-संगीत सदावहार मानिन्छन् । त्यो पालामा नेपाली संगीत भनेपछि आहा ! भन्ने हुन्थ्यो । यद्यपि आज शास्त्रीय, लोक होस् या सुगम संगीतमा प्रतिभा जन्मिन सकेनन् ।

> 'त्यो बेलाका साधकहरू गीत-संगीतलाई सौखका रूपमा लिन्थे । उनीहरूको जीवन धान्ने व्यवसाय, पेसा अरू कुनै हुन्थ्यो । तर, अहिले व्यवसाय नै संगीत भएपछि अब जे गरेर भए पनि बाँच्न त पर्‍यो, जसका लागि संगीत बेच्नुपर्‍यो ।'
>
> 
>
> रमण घिमिरे, गीतकार

गीतकार तथा सञ्चारकर्मी रमण घिमिरे सांगीतिक क्षेत्रका मानिसहरू व्यावसायिक भएका कारण यस्तो अवस्था आएको बताउँछन् । 'हरेक कुरामा पैसाको चलखेल हुन थाल्यो,' उनी भन्छन्, 'त्यो बेलाका साधकहरू गीत-संगीतलाई सौखका रूपमा लिन्थे । उनीहरूको जीवन धान्ने व्यवसाय, पेसा अरू कुनै हुन्थ्यो । तर, अहिले व्यवसाय नै संगीत भएपछि अब जे गरेर भए पनि बाँच्न त पर्‍यो, जसका लागि संगीत बेच्नुपर्‍यो । बेच्दा सधैं राम्रो चिज उत्पादन हुन्छ भन्ने छैन । त्यसैले यसको कला पक्ष कमजोर भयो ।' घिमिरे अहिले गीतहरू रातारात मेसिनले पत्रिका छापेजस्तो गरेर आइरहेको बताउँदै त्यसको गुणस्तरमा ध्यान नदिएको गुनासो गर्छन् ।

नेपाली सांगीतिक क्षेत्रमा जति पनि गीत-संगीत आउँछन्, जसले छोटो समयमै सांगीतिक बजारमा हलचल मच्चाउँछन् र त्यति नै छोटो समयमा हराइहाल्छन् । यसको मतलब हो, सर्जकहरू मेहनत गर्दैनन् र हतारमा चर्चा कमाउन अभ्यस्त छन् । अर्ग्यानिक स्वाद नहुँदा पनि चटपटे शैलीमा त्यस्ता गीतहरू हराइहाल्छन् ।

पछिल्लो पुस्ताका कलाकारले साधनामा केन्द्रित नभएकाले नेपाली संगीतको अवस्था बिग्रँदै गएको सर्जक एकनारायण भण्डारी बताउँछन् । 'नेपाली मूल संगीतको एउटा धार छ तर अहिले हरेक संगीतमा फ्युजन गराउन थालियो,' भण्डारी भन्छन्, 'लोकसंगीतलाई अंग्रेजी संगीत, भारतीय संगीतसँग फ्युजन गराउन थालेपछि मौलिकता कहाँ रहन्छ ?' यो अवस्था आउनुको कारण कलाकारमा साधनाको कमी हुनु हो । भण्डारी थप्छन्, 'हिजो एउटा गीत-संगीतको सिर्जना गर्न महिनौं लाग्थ्यो, तर अहिले एउटा गीत तयार हुन एक साता पनि ढिलो हुन थालिसक्यो अनि कहाँ सिर्जना राम्रा हुन्छन् त !'

नेपाली संगीत दुई प्रकारका प्रवृत्ति देखिएको बताउँछन्, कला विश्लेषक प्रकाश सायमी । उनका अनुसार टेम्पोररी र कन्टेम्पोररी अहिले नेपाली संगीतमा देखिएका दुई अलग प्रवृत्ति हुन् । 'टेम्पोररी संगीत बिग्रियो भने त्यो ट्र्यास म्युजिक हुने हो । संगीतले त श्वास फेरेजस्तो आनन्द अनुभूति दिनुपर्ने हो, तर श्वास फेरिए पनि श्वास फेर्न गाह्रो भइरहेको अवस्थामा अहिलेको नेपाली संगीत पुगेको छ,' उनी भन्छन् ।

नेपाली संगीतको विकासक्रमको हिसाबले २०२० देखि २०४० सम्मको समयलाई संगीतको स्वर्णिम युग मानिन्छ, तर अब धमिलो युग आएको सायमी बताउँछन् । यसरी नकारात्मक ढंगले सांगीतिक युग परिवर्तन हुँदै जाँदा भविष्यमा यसले एकदमै राम्रो गर्छ कि त यसपछि निकै नराम्रो गर्ने उनको धारणा छ ।

गीतकार राजेन्द्र थापा आधुनिक संगीत भनेको आजको संगीत हो र यो

> 'लोकसंगीतलाई अंग्रेजी संगीत, भारतीय संगीतसँग फ्युजन गराउन थालेपछि मौलिकता कहाँ रहन्छ ?'
>
> 
>
> एकनारायण भण्डारी, सर्जक

> 'टेम्पोररी संगीत बिग्रियो भने त्यो ट्र्यास म्युजिक हुने हो । संगीतले त श्वास फेरेजस्तो आनन्द अनुभूति दिनुपर्ने हो, तर श्वास फेरिए पनि श्वास फेर्न गाह्रो भइरहेको अवस्थामा अहिलेको नेपाली संगीत पुगेको छ'
>
> प्रकाश सायमी, विश्लेषक



यतिबेला यही आजमा नै रहेको बताउँछन् । 'संगीत आजकै गतिमा आजकै समाज, मानिस र साथीसंगीले बनेको छ,' थापा भन्छन्, 'आजको संगीत हिजोकोजस्तो छैन भनेर केही व्यक्ति बोलिरहन्छन्, तर उनीहरू पनि हिजोको आफ्ना आमा-बाजस्ता छैनन् नि । उनीहरूको सोच, पहिरन, खानपिन आजको जस्तो भएपछि संगीत पनि आजको जस्तो हुँदैन र ?' आज नेपाली संगीतले हिन्दी संगीतलाई विस्थापित गर्नु नेपाली संगीतको ठूलो प्रगति भएको थापाको धारणा छ ।

संगीतका शास्त्रीहरूका अनुसार संगीतमा पाँच युग आउँछन्, जसअन्तर्गत क्रमशः धुन, धुम, ध्वनि, घुन र धूलोको युग पर्छन् । यद्यपि नेपाली संगीत भने यी युग पार नगरी अन्यत्र लागेको संगीत विश्लेषकहरूको बुझाइ छ । संगीत प्रवीण नरराज ढकालले आफूलाई भनेको कुरा स्मरण गर्दै सायमी थप्छन्, 'संगीत जान्न सारेगमपधनि सातवटा नोट जान्नुपर्छ, तर नेपाली संगीतमा एउटा यस्तो चरण आउँदैछ जसमा अगाडिको केही जान्नु पर्दैन । पछिको ध र नि जाने पुग्छ । धनी भयो भने गायक, संगीतकार, गीतकार सबै बन्छ ।'

> 'अर्बौंको आम्दानी एक सुका पनि खर्च नगर्ने कम्पनीले खाइरहेका छन्, दर्जनौं डिजिटलमाध्यमबाट हाम्रा गीतको आम्दानी सोर्छन् तर हामीलाई जिरो ।'
>
> राजेन्द्र थापा, गीतकार



कलाका विविध क्षेत्र छन्, जसमा प्रविधिको उचित प्रयोगले ती क्षेत्रको समृद्धिमा बल पुऱ्याएको छ । यद्यपि, संगीतमा जसरी प्रविधिले सकारात्मक प्रभाव पारिरहेको छ, त्यसरी नै केही नकारात्मक प्रभाव छाड्दै गएको छ । गायक तथा संगीतकर्मीहरूको एक्स्पोजर, कमाइ, श्रोतासँगको सहज पहुँचजस्ता कुरा अहिलेको समयका वरदान हुन् । यति हुँदाहुँदै पनि प्रविधिको अनुचित प्रयोगले यसको मर्म गिर्दै गएकोतर्फ भने कसैको ध्यान गएको छैन । प्रविधिको प्रयोगले कला र गला नभएकाहरूको ठूलो जमातलाई संगीत क्षेत्रमा हुलेको छ । कतिपय पुराना संगीतकर्मीको स्वर काम्न थालिसक्यो । तैपनि उनीहरू अझै सांगीतिक क्षेत्रमा सक्रिय छन् र अडियो ट्युनमा गाएर गीत रेकर्ड गराइरहेका छन् । संगीतै नसिकी आँसु बेच्ने र भाइरल प्रवृत्तिले पनि नेपाली संगीतको उन्नयनमा बाधा पुगेको देखिन्छ ।

प्रविधिले अवसरका बहुमार्ग खोल्छ । पुराना सामग्रीको बदलामा नयाँ सामग्री र थप विकल्पहरू दिन्छ । संगीतमा पनि यही भइरहेको गीतकार थापा बताउँछन् । उपकरणबाट विश्वभरका वाद्यहरूको उपयोग गर्न सहज छ, जसले गर्दा यसलाई सकारात्मक ढंगले हेर्नुपर्ने थापाको बुझाइ छ । 'हिजोका बिलौनावादीहरू आजको सुविधाले पुरानो यो खोस्यो त्यो खोस्यो भनेको सुनिन्छ,' थापा भन्छन्, 'आजले हिजो खोस्नु नै प्रकृति हो प्रगति हो । आजको प्रविधि उपयोग गरेर आजको समयमा पनि हिजोकाले अग्रपंक्तिमा त्यो ज्ञानलाई आजको समयमा मिसाएर जनमनलाई छुन सकेर आफ्नो क्षमता देखाउनुपर्छ ।'

तर, हातमै उपलब्ध कतिपय अवसरको फाइदा लिन हाम्रा गायक तथा संगीतकर्मीहरू चुकेका छन् । 'आजको संगीत अन्धकार लाग्छ भने सीएफएल बालेर उज्यालो देखाउ न भन्दै,' थापा आक्रोश पोख्छन् ।

नेपाली संगीतमा पछिल्लो समय गुणात्मकभन्दा पनि संख्यात्मक आधारलाई लिएर अघि बढ्नेहरू थुप्रै छन् । यद्यपि उनीहरूको संगीतलाई कसले कति सुनेको छ र आफ्ना गीत-संगीत कालजयी हुन्छन् वा हुँदैनन् भन्नेतर्फ सर्जकको ध्यान पुगेको देखिँदैन । हिजो १ सय ३७ गीत गाएका नारायण गोपालले आज हजारौं गीत गाउनेलाई जितिरहेको सायमी बताउँछन् । 'नारायण गोपालजस्तै ३४ वटा गीत गाउने बच्चुकैलाश, २६ वटा गीत गाउने अरुण थापा यति धेरै लोकप्रिय छन्,' सायमी भन्छन्, 'अहिलेका गायक-गायिका ५/६, हजारवटा गीत गाएँ भन्छन् तर तिनीहरूको गीत नै सुनिएको हुँदैन । अहिले त यहाँ नग्न छाती र तीघ्रा प्रदर्शन गऱ्यो, गीत गायो नाच्यो जसले गर्दा संगीतलाई एउटा तमासाको बजार बनाइदियो ।' उनलाई चिन्ता छ, 'भविष्यमा बाबुआमाले आफ्ना छोराछोरीलाई संगीतमा ल्याउलान् कि नल्याउलान् भन्ने डर भयो ।'

नेपाली संगीतको स्वर्णिम कालमा जुन खालका गीत-संगीत आएका थिए । त्यस्ता सिर्जना अहिले आउन सकेका छैनन् । पछिल्लो समय सञ्चारमाध्यमको व्यापकताले राम्रो सिर्जना आउन बाधक बनेको संगीतकर्मीहरू बताउँछन् । पहिला एउटा रेडियो नेपालमात्र थियो । त्यसमा गीत गाउन स्वर परीक्षा पास गर्नुपर्थ्यो, जसले गर्दा त्यतिबेलाका गायन क्षेत्रमा आउनेले राम्रो सँग संगीत सिकेर मात्र आउनुपर्थ्यो । यद्यपि अहिले त्यो अवस्था छैन । अहिले कुनै व्यक्तिलाई गायक बन्न मनलाग्यो भने एउटा स्टुडियोमा गएर गाए हुन्छ, प्रविधिले बेसुरलाई पनि सुरमा ल्याइदिन्छ । त्यसैले प्रविधिको विकासले गर्दा गायन क्षेत्रमा आउनेले संगीतको अध्ययन गर्न छाडेको रमण घिमिरे बताउँछन् ।

अझै सांगीतिक क्षेत्रको आर्थिक पाटो पनि दयनीय नै छ, जसले गर्दा स्रष्टा र सर्जकहरूलाई बाँच्न चुनौती थपिएको गीतकार थापा बताउँछन् । 'संगीतको लगानी र सिर्जना स्रष्टाको छ तर सम्पत्तिको अधिकार उत्पादकको हातमा छ । आम्दानी पनि यिनैको हातमा छ ।' उनी भन्छन्, 'अर्बौंको आम्दानी एक सुका पनि खर्च नगर्ने कम्पनीले खाइरहेका छन्, दर्जनौं डिजिटलमाध्यमबाट हाम्रा गीतको आम्दानी सोर्छन् तर हामीलाई जिरो ।' त्यसो त यतिबेला नेपाली सांगीतिक क्षेत्रमा देश विदेशमा मेलामा गाउने केही हिट कलाकारमात्र बाँच्न सफल भएका छन् भन्ने थापाको धारणा छ । रोचक त के छ भने कतिपय मानिसमा पैसा कमाइसकेपछि गायक बन्ने धुन चढेको पनि पाइन्छ । यसले कर्पोरेट कल्चरले संगीतको मर्मलाई कसरी थिच्दै गएको छ भन्ने देखाउँछ । 'धन्यवाद विदेशमा केही कमाएपछि गीत रेकर्डिङ गराउने गीतकारहरूलाई । यिनकै सोखले सबै स्टुडियो, प्राविधिक, वादक, एरेन्जर, संगीतकार र केही सिंगरहरूले दैनिक नोट छाप्छन्,' थापा व्यंग्य गर्छन्, 'यिनीहरू बन्द हुने बित्तिकै ९० प्रतिशत कोल्याप्स



मनोज केसी, गितारिस्ट

टिप्पणी

# हेर्ने संगीतको मूल्य



शेखर खरेल



संसारमा संगीतको जस्तो परिदृश्य देखिँदैछ, नेपाली संगीतको दिशा र दशा पनि त्यही हो । विश्वव्यापीकरण र प्रविधि सांगीतिक रथका दुई पांग्रा हुन् । दक्षिण एसियाली, युरोपेली, अमेरिकी, अफ्रिकी हुन् वा क्यारेबियन, कुनै एक भूगोलका संगीत अर्को भूगोलको प्रभावबाट मुक्त छैनन् । हाम्रा आधुनिक संगीतमा पश्चिमेली प्रभाव अत्यधिक छ । बाजा र वाद्ययन्त्र मात्र नभएर पश्चिमेली शैली नै हामीमाथि हाबी छन् । हिजो नेपाली सुगम संगीत हिन्दुस्तानी शास्त्रीय र बलिउडका पार्स्व संगीतको अत्यधिक प्रभावमा रह्यो । तर, जसै भारतीय नै पश्चिमेली संगीतको उग्र प्रभावमा पर्दै गए, नेपाली संगीतमाथि भारतीय (खासमा बलिउड) र पश्चिमेली संगीतको दोहोरो प्रभाव पर्दै गयो । यसको अर्थ पूर्वीय संगीत मात्र पश्चिमेली संगीतको एकोहोरो प्रभावमा परे भन्ने होइन, पश्चिमेली पनि पूर्वीय शास्त्रीय संगीतबाट उति नै प्रभावित देखिन्छन् । विटल्सका गिटारबादक जर्ज ह्यारिसनले गुरु नै थापेर पण्डित रविशंकरसँग सितार सिकेनन् मात्र, विटल्सका केही कम्पोजिसनमा सितारको प्रयोग पनि गरे । विश्वव्यापीकरणका कारण संगीतमाथि वैश्विक प्रभाव त छँदै छ, सँगसँगै यसले एक भूगोलका लागि अर्को भूगोल बजारका रूपमा पनि उपलब्ध गराएको छ ।

हिजो नेपाली संगीत लोक, शास्त्रीय र सुगम गरी तीन धारमा प्रावहित रह्यो । तर, समयक्रमसँगै अन्य भँगाला पनि नेपाली संगीतको मूलधारमा मिसिँदै गए । पश्चिमेली क्लासिकल, रक र जाँज मात्र नेपाली आधुनिकताका अवयवमा सीमित रहेनन्, स्वयं पश्चिमेली नै प्रभावमा रहेको अफ्रिकन 'आर एन्ड बी' (रिदम एन्ड ब्लूज), क्यारिबियन रास्ताफारियन र रेग्गी अनि अमेरिकामा अफ्रिकन अनि ल्याटिनो अमेरिकनद्वारा विकसित हिप-हप अर्थात् ¬र्‍याप म्युजिकको बाछिटा पनि नेपाली संगीतमा भरपुर परेको छ । त्यसैले आजको नेपाली संगीतको धार के हो भन्ने प्रश्नको 'पोलिटिकल करेक्ट' उत्तर नपाइन सक्छ । तर, संगीतलाई यहाँसम्म डोर्‍याउने कारक तत्त्व के हुन् भन्नेबारे विवेचना र विश्लेषण भने हुन सक्छ, जसका अनेकौं कारक हुन सक्छन् । र, तीमध्येका दुई शीर्ष कारक प्रविधि र बजारउपर चर्चा गरिनु सान्दर्भिक हुन सक्छ ।

## सुन्नेबाट हेर्ने

नेपाली भाषाका प्रारम्भका गीतहरू नेपालबाहिरै रेकर्ड भए पनि राणाविरोधी क्रान्तिको शंखनादनिम्ति स्थापित 'प्रजातन्त्र रेडियो' प्रजातन्त्रको प्राप्तिपछि रेडियो नेपालका रूपमा स्थापित भएपछि नेपालमा सुगम संगीतको अध्याय सुरु भएको हो । रेडियो नेपालको स्थापनाबाट नेपालमा सूचनासँगै संगीतको युगको पनि आरम्भ भयो । स्वाभाविक थियो, श्रव्य माध्यम रेडियोबाट प्रसारित सूचना र संगीत सुनिनु मात्र सम्भव थियो । रेडियो पुस्ताले गीत-संगीत त्यसैगरी सुने जसरी उनीहरू समाचार सुन्थे । तर, प्रकृतिजस्तै प्रविधि पनि कहिल्यै स्थिर रहन सक्दैन । रेडियो स्थापनाले चार दशक पनि पार नगर्दै नेपालमा श्रव्यसँगै दृश्य माध्यम भित्रियो, जसलाई टेलिभिजन भनियो । हुन त टेलिभिजनको युगअघि नै चलचित्रमा 'प्ले ब्याक' (पार्श्व गायन) मार्फत गीतउपर दृश्य नबनेका होइनन् । नेपालमा सिनेमा निर्माण ढिलो गरी सुरु हुनु र त्यो पनि न्यून संख्यामा उत्पादन हुने कारण संगीत लामो समयसम्म श्रव्य माध्यममै सीमित रहनुपर्‍यो । तर, टेलिभिजनले प्राप्त गरेको लोकप्रियता र चलचित्र निर्माणमा गुणात्मक नभए पनि संख्यात्मक छलाङसँगै नेपालमा पनि गीत-संगीत काँच र कपडाको पर्दामा हेर्न थालियो ।

टेलिभिजन, सिनेमा र पछि इन्टरनेट माध्ययम सोसल साइटको अभ्युदयपछि त पढ्ने र सुन्ने कुरामाथि हेर्ने अर्थात् दृश्य नै हावी हुन थाल्यो । हिजो समाचार सुनिन्थ्यो र त्यसैगरी गीत-संगीत पनि सुनिन्थ्यो, तर आज समाचार र गीत हेरिन्छ । कुनै गायक-संगीतकारले गीत मात्र सार्वजनिक गर्छ भने उसको हालत त्यस्तो व्यक्ति जस्तो हुन्छ, जसले घर बनाउने सपना त देखेको छ, तर ऊ घरको साटो हातमा नक्सा लिएर बसेको छ । प्रविधिको विकास र परिष्करणका कारण क्यासेट (चक्का) इतिहास बनिसकेको छ । त्यसैगरी सिडी (कम्प्याक्ट डिक्स) लगभग लोपोन्मुख छ । एनालगबाट डिजिटल फड्कोका कारण संगीतसमेत डिजिटलाइज्ड भइसकेको छ । संगीतको उत्पादन वा कपी निमेषभरको मामिला बनेको छ । संगीतको संग्रह भौतिकभन्दा पनि 'भर्चुअल' (अवास्तविक) स्थानमा सम्भव भएकाले इन्टरनेट र एप्स (एप्लिकेसन) मार्फत यो उपलब्ध र सुलभ बनेको छ ।


## हिट्स र मोनेटाइज

'हिट्स' संगीतसँग जोडिने शब्दावली हो । हिजो रेडियोमा सर्वाधिक फर्माइस बजाइने वा क्यासेट र सिडी बढी बिक्ने सर्जक (गायक र संगीतकार) हिट रहन्थे । 'हिट' ले लोकप्रियता र अर्थोपार्जन दुवै जनाउँथ्यो, जसको क्यासेट र सिडी बढी बिक्थ्यो, रोयल्टी त्यसैमुताबिक हात पर्थ्यो । तर, आज गीत-संगीत सुन्नेबाट हेर्ने वस्तु बनेसँगै ती सिर्जना वा उत्पादन देखाइने माध्यम पनि बदलिएको छ । टेलिभिजनका पर्दाभन्दा बढी गीत आज युट्युबमा हेरिन्छन् । एउटा सर्जक कति 'हिट' छ भन्ने कुरा उसको सिर्जनाको 'भ्यूज' ले निर्धारण गर्छ । जति धेरै 'भ्यूज' उति धेरै नै अर्थोपार्जन । त्यसैले सिर्जनाको 'मोनेटाइज' (मुद्रीकरण) क्यासेट वा सिडीको बिक्रीबाट नभएर युट्युब वा संगीतसम्बद्ध एप्सको 'भ्यूज' ले निर्धारण गर्छ ।

गायक र संगीतकारको अर्थोपार्जनको अर्को माध्यमचाहिँ उनीहरूको स्टेज वा लाइभ पर्फमेन्स पनि हो । सूचना-प्रविधिको विकास, कनेक्टिभिटी र नेपालीभाषी समुदायको आन्तरिक र बाह्य आप्रवासनका कारण संगीत सर्जकका लागि स्टेज वा लाइभ पर्फमेन्सको स्पेस विस्तारित बन्दै गएको छ, जसबाट उनीहरूको आयमा उल्लेखनीय बढोत्तरी हुन गई जीवनयापनमा समेत गुणात्मक वृद्धि हुन थालेको छ । गीत-संगीतजस्ता सौम्य शक्ति (सफ्ट पावर) प्रति राज्यको उदासीनता व्याप्त रहेको परिप्रेक्ष्यमा यसका श्रोता र प्रशंसकबाट सर्जकको जीविका र अर्थोपार्जनमा उल्लेखनीय योगदान हुनु संगीतका लागि सुखद कुरा हो ।

तर, हिट हुने होडबाजीका कारण संगीतले चर्को मूल्य नचुकाउने चाहिँ होइन । क्षणिक लोकप्रियताले संगीतको गुणवत्तामा ह्रास ल्याइदिएको छ । 'भ्यूज' बाट गीत-संगीत 'मोनिटाइज' त हुन सक्ला तर 'भ्यूज' का आधारमा मात्रै संगीतको सर्वकालिकता वा लोकप्रियता मापन गर्न सकिँदैन । उदाहरणका लागि, कतिपय अवस्थामा मौलिक कम्पोजिसनभन्दा पनि त्यसको नक्कल अर्थात् 'कभर' बढी नै 'भ्यूज' भइरहेका हुन्छन् । छिमेकी मुलुक भारतमा मोहम्मद रफी, लता मंगेशकर, किशोर कुमार आदिका आवाजका मूल गीतभन्दा पनि तिनका कभर बढी नै 'भ्यूज' भइरहेका हुन्छन् । अर्काको गीतलाई स्टुडियोमा सिन्थेसाइजरको माध्यम रेकर्ड गर्दै मौद्रीकरण गर्नु भनेको संगीतको बजारिकरण नभएर बजारको संगीतीकरण हो । नेपालमा पनि यस्ता प्रशस्त उदाहरण पाइन्छन् । परिणामतः आज गीत-संगीत टिकाउभन्दा पनि बिकाउ वस्तु भएका छन् । राम्रा तर क्षणभंगुर सस्ता चिनियाँ मालजस्ता गीत र कम्पोजिसनले मन र मुटु छुने संगीतजस्तो परम आनन्ददायी र पवित्र वस्तुको हुर्मत लिएको छ ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
सूचना तथा मनोरञ्जनको सँगालो साप्ताहिक पत्रिकाको आधिकारिक वेबसाइट
www.saptahik.com.np
GET IT ON Google Play
Available on the App Store


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
SILK
GLAMOR
LUXURY INTERIOR EMULSION
XP
Berger
SILK
GLAMOR



# Glamor icon
## of the week
## राजु लामा/मेलिना राई

**साढे दुई दशकदेखि** नेपाली सांगीतिक क्षेत्रमा सक्रिय गायक हुन्– राजु लामा । तिमीलाई देखेर, सायद तिम्रो बाटोमा, हेर्दाहेर्दै, पर्खाइमा, मेरो नेपाल, भाइटीकामा भेट्न, बादलपारिको आदि उनका अत्यन्त लोकप्रिय गीतहरु हुन् । भर्खरै सम्पन्न भ्वाइस अफ नेपाल–२ को कोचका रूपमा आबद्ध भएका गायक लामालाई करिब एक महिनाअघि बजारमा आएको उनको गीत 'बिस्तारै बिस्तारै...' मा पनि उत्तिकै मन पराइएको छ ।

सांगीतिक क्षेत्रमा प्रवेश गरेको छोटो समयमै लोकप्रियताको शिखरमा पुग्न सफल गायिका मेलिना राई चलचित्रको पार्श्व गायनदेखि पप तथा आधुनिक शैलीका गीतमा समेत उत्तिकै जमेकी छिन् । उनले गाएका गीतहरूमध्ये शिरैमा शिरबन्दी, अजम्बरी, आज हाम्रो भेट भा'को दिन, कम्मरमाथि पटुकी, सक्दिनँ म बाँच्न, ठमेल बजारमा, पिरिम नलाउने, तिम्ले बाटो फेर्‍यौ अरे, परानै दिन्छु, माछीले खाने, नाच फिरिरी आदि लोकप्रिय मानिन्छन् ।

कृष्ण भट्टराई

तस्बिर : महेश प्रधान

लोकेसन : एलिस रिसेप्सन्स, गैरीधारा

पहिरन : पिजेस कलेक्सन, सिभिल मल

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

आवरण

# के सुन्दैछन् स्रोता ?

■ जनक तिमिल्सिना

**आम सर्वसाधारण होस् वा नेता, कलाकार, खेलाडी, साहित्यकार सबैलाई संगीतले बाँधिराखेकै हुन्छ । यो वा त्यो मानिसहरु केही न केही गीत-संगीत सुनिरहेकै हुन्छन् । भाव आउने गरी मन परेको परिवेशमा केही न केही गुनगुनाइरहेकै हुन्छन् ।**



काठमाडौं के सुनिरहेको छ ? कानमा ठोसिएको एयरफोन, हातको मोबाइल, क्याफेमा मन्द आवाजमा घन्किरहेको स्पिकर, कुदिरहेका गाडी र अफिसका कम्प्युटरमा के घन्किरहेको छ ? ठ्याक्कै एउटै जवाफ पाउन मुस्किल छ । स्वाद, परिस्थिति, उमेर, समय र वातावरणअनुसार यसमा विविधता भेटिन्छ । यति हुँदाहुँदै पनि आखिर काठमाडौं के सुनिरहेको छ ? संगीतप्रेमीहरू कुन स्वादमा रमाइरहेका छन् ?

'म त चौबीसै घण्टा संगीत श्रवण गरिरहेको हुन्छु,' व्यवसायी राजेन्द्र खेतान भन्छन्, 'के गाडी के घर सबैतिर ।' उनी मुडअनुसार आफूले सुन्ने संगीत छनोट गर्छन् । उनको हरेक कोठामा ब्लुटुथ स्पिकर छन् । त्यसमा केही न केही संगीत घन्किरहेकै हुन्छ । संगीतकै लागि भनेर उनले छुट्टै मोबाइल नै बोक्ने गर्छन् । 'शब्दबिनाको नेपाली इन्स्ट्रुमेन्टल संगीत, पुराना हिन्दी गीतहरूको ट्युन निकै सुन्छु,' उनी आफ्नो संगीत स्वाद प्रस्ट्याउँछन्, 'म्युजिक भनेको सजिलो-असजिलो परिस्थितिमा मानसपटललाई शीतलता प्रदान गर्ने र खुराक दिने माध्यम हो ।' खेतान व्यावसायिक धपेडी र तनावलाई कम गर्न पनि संगीतको समीप पुगिरहन्छन् । आफूले कन्टेन्टभन्दा भन्दा पनि संगीतको मधुरतालाई बढी ध्यान दिने उनी बताउँछन् ।

व्यवसायी खेतानजस्तै सेलिब्रेटी बैंकर अनिलकेशरी शाहको जीवनमा पनि संगीतको छुट्टै स्थान छ । अहिले पनि उनी कलेज जीवनमा सुन्ने पुराना अंग्रेजी गीतहरू सुनेर त्यो बेलाका यादहरूलाई जीवन्त बनाइरहेका हुन्छन् । नेपाली गीत-संगीतमा 'रातो र चन्द्र सूर्य', 'यो मन त मेरो नेपाली हो' जस्ता राष्ट्रभावले ओतप्रोत गीतहरू उनलाई बढी मन पर्छन् । जिम र ड्राइभमा रहँदा बढी गीत सुन्ने बैंकर शाहसँग दर्जनौं गीतको कलेक्सन छ । 'जिममा म मोबाइलमा हेडफोन प्रयोग गरेर गीत सुन्छु,' उनी भन्छन् । गायिका इन्दिरा जोशीका गीतहरू पनि उनलाई मन पर्छन् ।


> 'मलाई नारायणगोपालका पुराना गीतहरू मन पर्छन् । पछिल्लो समय लोकगीतहरूले पनि मलाई छुने गरेका छन् ।'
>
> – गगन थापा, नेता नेपाली काँग्रेस



युवा साहित्यकार सुविन भट्टराईलाई सुनौं न । उनको बढी रोजाइमा पर्ने संगीतमा लोकगीत पर्छन् । 'गलबन्दी', 'सालको पात टपरी'जस्ता लोकगीतहरू बढी सुनिरहेको हुन्छु,' ३० को दशकमा हिँडिरहेका उनी भन्छन्, 'फ्यामिलीसँग हुँदा, ट्राभलमा रहँदा मुडअनुसार क्लासिक, आधुनिक र चलचित्रका गीतहरू पनि सुन्छु ।' कपनमा बसोबास गर्दै आएका उनी पुराना गीतहरू पनि सुनिरहेका हुन्छन् । मुड बनाउनका लागि गीत सुन्ने उनी गाडीमा लामो तथा छोटो यात्रामा निस्कँदा पनि गीतहरू बजाइरहेका हुन्छन् । 'त्रिशूली बगेर'जस्ता डान्सिङ गीतहरू पनि मन पर्छन्,' उनी थप्छन्, 'नाचूँ-नाचूँ लाग्ने खालका गीतहरू बढी मन पर्छन् ।'

आरोही शर्मा पछिल्लो पुस्ताकी अभिनेत्री हुन् । काठमाडौंकै सहरिया परिवेशमा जन्मे-हुर्केकी आरोहीको पनि संगीतमा आफ्नै बेग्लै च्वाइस छ । आरोही भन्छिन्, 'मलाई मुडअनुसार आधुनिक र लोकगीतहरू मन पर्छन् ।' राति सुत्ने बेला, वाकिङमा र वर्कआउटमा रहँदा उनको सबैभन्दा नजिकको साथी नै संगीत बनिदिन्छ । प्रायःजसो उनी मोबाइलबाट गीतहरू सुन्ने गर्छिन् ।

आम सहरी युवापुस्ताकी प्रतिनिधि पात्र रोशनी केसीलाई नै हेरौं न । उनी पप गायक सबिन राईको 'तिमी नै हौ...' सुनिरहेकी छन् । २६ वर्षीया रोशनीका लागि भर्चुअल वर्ल्ड अझ बढी अप्सनको कारण बनेको छ । त्यसैले त उनी सबिनसँगै बलिउडका गायक जगजित सिंहको 'कोइ फरियाद...,' र लेडी गागा र ब्राड्ली कोपरको 'स्यलो...' पनि सुनिरहेकी हुन्छिन् । 'म यी गीतहरू दोहोऱ्याएर सुनिरहन्छु,' त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रमा स्नातकोत्तर पढिरहेकी उनी भन्छिन्, 'मोबाइलमा झन्डै ५० भन्दा बढी गीत छन्, युट्युबबाट मुडअनुसार अरू गीतहरू पनि बजाइरहेकी हुन्छु ।' ट्राभलमा पनि उत्तिकै सौखिन उनी हालै तिलिचो पुगेर



गायक रविन तामाङ झम्सिखेल महोत्सवमा ।

> अहिले संगीत पारखीहरूले रोजाइअनुसार छानी-छानी गीत-संगीत सुन्ने दर्जनौं अप्सन उपलब्ध छन् । आफ्नो च्वाइसअनुसार कोही लोकगीत सुन्छन्, कोही पप, र्‍याप, हिपहप, सुगम संगीतमा रमाइरहेका छन् । अंग्रेजी, हिन्दी गीतहरू पनि टेस्टअनुसार सुनिरहेकै हुन्छन् ।

# बदलिंदो संगीत स्वाद



संगीतकर्मीहरूको एक समूह ।

कुनै समय गीत सुन्ने चल्तीको माध्यम रेडियो नेपाल थियो । त्यतिबेला कुन-कुन गीत रुचाइए भनेर थाहा पाउन रेडियो नेपाल सुन्नैपर्ने अवस्था थियो । रेडियो नेपालमा लाइभ रेकर्ड गरेका हरेकजसो गीतहरूले वाहीवाही पाउँथे । अवस्था कस्तोसम्म थियो भने रेडियो नेपालले जे बजायो, त्यही चल्थ्यो । नारायण गोपाल हुन् वा भक्तराज आचार्य, बच्चु कैलाश हुन् वा प्रेमध्वज प्रधानका गीतहरू बढी चल्थे । गायक प्रकाश श्रेष्ठ, उदितनारायण झाहरू पनि रेडियो नेपालबाटै चम्किएका हुन् ।

कुनै समय हरेकजसो नेपालीको घरमा मादल, खैजडीजस्ता वाद्यहरू हुन्थे, जो अहिले पनि कतिपयका घरमा छन् ।

त्यो बेला स्रोताका लागि छनोटका धेरै अप्सन पनि थिएनन् । त्यसपछि क्यासेटयुग सुरु भयो । क्यासेटमा जेनरेसनसँगै ब्यान्डहरू उदाउन थाले । माध्यममा आएको विविधतासँगै सुन्ने माध्यम र तरिकाहरू परिवर्तन हुँदै गए । अहिले संगीत पारखीलाई रोजाइअनुसार छानी-छानी गीत-संगीत सुन्ने दर्जनौं अप्सन उपलब्ध छन् । आफ्नो च्वाइसअनुसार कोही लोकगीत सुन्छन्, कोही पप, र्‍याप, हिपहप, सुगम संगीतमा रमाइरहेका छन् । अंग्रेजी, हिन्दी गीतहरू पनि टेस्टअनुसार सुनिरहेकै हुन्छन् । अहिले संगीतमा पनि एक किसिमको 'बफेट डिनर'को युग सुरु भएको छ, जे मन लाग्यो छानेर सुन्न पाइने ।

त्यसो भए अहिले बजारमा सबैभन्दा बढी चलिरहेको संगीत विधा कुन हो त ? कस्ता गीतहरूले बढी श्रोताको मन जितिरहेका छन् त ? मापनका केही आधारमध्ये एफएफमा, सार्वजनिक यातायात र टेलिभिजन र युट्युब ट्रेन्डिङको ट्रेन्ड हेर्दा लोक फ्लेवरका गीतहरू बढी चल्तीका गीतमा पर्छन् भने लोकसंगीत पनि बढी रुचाइँदै गएको पाइन्छ । त्यसका केही उदाहरणका रूपमा 'सुर्के थैली खै', 'पिरिम नलाउने,' 'सालको पात टपरी'जस्ता गीतहरूको लोकप्रियता हेरे पुग्छ । लोक फ्लेवरमा गीतहरूले बढी मार्केट लिइरहेको छ । यसबाहेक लामा लोकदोहोरी गीत 'गलबन्दी'जस्ता गीतहरूले पनि आकर्षक चर्चा बटुलिरहेका छन् । स्लो प्याटर्नका लोकगीत, डान्सिङका साथै आधुनिक गीतहरू पनि अहिलेका चलेका प्याटर्न गीतहरूमा पर्छन् । नारायण गोपाल, बच्चु कैलाशहरूले छोडेका अमिट छापहरू सुगम संगीतलाई अहिले पनि उत्तिकै माया गर्ने गरिन्छ । शिव परियार, प्रमोद खरेल, रामकृष्ण ढकाल यही जनराबाट चलिरहेका छन् । लोकलाई आधुनिकसँग मिक्स गरेर डान्सिङ प्याटर्नमा बनाइएका फिल्मी टाइपका 'फ्युजन गीत'हरूले पछिल्लो समय बढी लोकप्रियता कमाइरहेका छन् ।

'मलाई निर्देशन गर्न आएका ८० प्रतिशत गीतहरू लोक फ्लेवरका गीतहरू नै छन्,' म्युजिक भिडियोका निर्देशक सुब्रतराज आचार्य भन्छन्, 'हरेक देशको आफ्नो कला, संस्कृति हुन्छ, लोकसंस्कृति, लोककला र लोकबाजा हुन्छ, त्यो कुरालाई प्रयोग गरिएका गीतहरू अहिले खुबै रुचाइएका छन् ।'

युट्युब भ्युज बढाउनमा विदेशमा रहेका नेपालीहरू पनि उत्तिकै जिम्मेवार देखिन्छन् । नेपालको ठूलो जनसंख्या अहिले पनि पढाइ, रोजगारी तथा व्यवसायको सिलसिलामा मलेसिया, कतार, दुबई, जापान, अमेरिका, बेलायत, अस्ट्रेलिया, भारतजस्ता देशहरूमा बसोबास गर्छन् । वाइफाइको सहज उपलब्धता हुने ती देशहरूमा नेपालीहरूले युट्युबमा स्वदेशी संगीत सुनिरहेका हुन्छन् । 'विदेसिएपछि स्वदेशको माया बढी लाग्दो रहेछ, विदेशमा बस्दा स्वदेशका सम्झनाहरूसँग लोकसंगीत बढी रिलेट हुँदो रहेछ,' जापानमा बसोबास गरिरहेका नेपाली अनिल खड्का भन्छन्, 'त्यसैले म यहाँ रहँदा बढी नेपाली लोकगीत सुनिरहेको हुन्छु ।' उनी प्रायःजसो युट्युबमार्फत नेपाली लोकगीतहरू सुन्छन् ।

अनिल मात्रै होइन, विदेशिएका अधिकांश नेपाली आफ्नो कोठामा होस् वा ट्रेनमा यात्रा गर्दा, एयरफोन तथा स्पिकरहरू होस् अथवा ड्राइभिङमा रहँदा नेपाली संगीतमा रमाइरहेका हुन्छन् । त्यहाँ हुने जमघट र महोत्सवहरूमा पनि नेपाली गीतहरू उत्तिकै मायाका साथ बजाइन्छ । यसले पनि युट्युब भ्युजलाई प्रभावित पार्ने गरेको संगीत बजारका विश्लेषकहरू बताउँछन् ।

'म्युजिक भनेको सजिलो-असजिलो परिस्थितिमा मानसपटललाई शीतलता प्रदान गर्ने र खुराक दिने माध्यम हो ।'



– राजेन्द्र खेतान, व्यवसायी

'जिममा म मोबाइलमा हेडफोन प्रयोग गरेर गीत सुन्छु'



– अनिलकेशरी शाह, बैंकर

'मलाई मुडअनुसार आधुनिक र लोकगीतहरू मन पर्छन् ।'



– आरोही शर्मा, अभिनेत्री

फर्किएकी छन् । फुर्सद होस् वा नहोस्, उनी संगीतसँगै रमाइरहेकी हुन्छिन् ।

संगीतप्रेम जो-कसैमा देखिन्छ । राजनीतिज्ञहरू पनि संगीतमा रमाइरहेका भेटिन्छन् । १९ मंसिरमा अस्पतालबाट डिस्चार्ज भएका मुलुकका कार्यकारी प्रमुख प्रधानमन्त्री केपी शर्मा ओलीको बेला-बेलामा संगीतमोह झल्किन्छ । अस्पतालमा रहँदा उनले नवीन के भट्टराईको 'ए झरी...' सुनेको चर्चा मिडियामा बाक्लै भएको थियो । ओलीमात्रै होइन, केही समयअघि पूर्वराजा ज्ञानेन्द्र 'रातो र चन्द्र सूर्य जंगी निशान हाम्रोमा...' हात हल्लाई-हल्लाई नाचेका थिए । अन्य राजनीतिज्ञ तथा भीभीआईपीहरू पनि आफ्नो रोजाइअनुसारको संगीत स्वाद लिइरहेका हुन्छन् । नेपाली कांग्रेसका नेता गगन थापा कतिसम्म संगीतप्रेमी छन् भने उनी छोरीहरूसँग रहँदा आफैं गीत पनि गाइरहेका हुन्छन् । उनले यात्रामा रहँदा गाडीमा र घरमा रहँदा टेलिभिजन तथा युट्युबमार्फत छानी-छानी गीतहरू सुन्ने गर्छन् । उनी भन्छन्, 'मलाई नारायणगोपालका पुराना गीतहरू मन पर्छन् । पछिल्लो समय लोकगीतहरूले पनि मलाई छुने गरेका छन् ।' प्रकाश सपूतको भाइरल गीत 'गलबन्दी' उनलाई सुनिरहन मन लाग्ने गीत हो ।


आम सर्वसाधारण होस् वा नेता, कलाकार, खेलाडी, साहित्यकार सबैलाई संगीतले बाँधिराखेकै हुन्छ । यो वा त्यो मानिसहरू केही न केही गीत-संगीत सुनिरहेकै हुन्छन् । भाव आउने गरी मन परेको परिवेशमा केही न केही गुनगुनाइरहेकै हुन्छन् । ठाउँ, परिवेश, उमेर, पेसाजस्ता कुराहरूले संगीतमा फरक च्वाइस निर्माण हुन सक्छ । तर, सबैले कुनै न कुनै सही संगीत सुनिरहेकै भेटिन्छन् । काठमाडौंमा लोक, आधुनिक, पप, शास्त्रीय, र्‍याप सबै गीत सुनिन्छन् । युवापुस्ता हिन्दी र अंग्रेजी गीततिर पनि झुकाव राख्छ । अहिलेका नयाँपुस्ताका युवायुवतीहरू भिटेनजस्ता र्‍याप गायकहरू पनि सुनिरहेका हुन्छन् । त्यसबाहेक रक र हिपहप गीतहरू पनि उत्तिकै देखिन्छ । काठमाडौंको संगीत स्वादमा विविधता देखिए पनि सबैले केही न केही सुनिरहेकै देखिन्छ । संगीतका लागि न फुर्सद आवश्यकता पर्छ, न त कुनै छुट्टै परिवेशको । काम गर्दा होस् वा व्यस्त रहँदा जतिखेर पनि संगीतमा झुम्न सकिन्छ । त्यसैले विद्यार्थीदेखि व्यवसायीसम्म, नेतादेखि कलाकारसम्म संगीत नसुनिरहन सक्दैनन् ।

टिप्पणी

# टुहुरो जनवादी गीत



जेबी टुहुरे
जनवादी गायक



जनवादी गीत-संगीतका बारेमा भन्नुपर्ने कुरा धेरै हुन्छन् । तर, प्रायः जनवादी गीत-संगीतको क्षेत्रमा सक्रिय भइरहेका स्रष्टा तथा कलाकारहरूलाई राज्यले मात्र होइन, सञ्चारमाध्यमले समेत खासै खोजिनिती गरेको पाइँदैन । यद्यपि, हामी जनवादी गीतका स्रष्टालाई कसैले नखोजे पनि हामीले हाम्रो कर्मलाई आजको मितिसम्म जारी नै राखेका छौं । म आफैं उमेरले ७६ वर्षको पुग्न लागें, अझै पनि उत्तिकै सक्रिय भएर जनवादी गीत-संगीतको सिर्जनादेखि प्रस्तुतीकरणमै सक्रिय छु । दुई महिनाअघि मात्र (असोज ११ गते) विराटनगरमा आयोजित एकल गायन कार्यक्रममा प्रस्तुत भएर आफ्ना एक दर्जनभन्दा बढी गीतमार्फत् दर्शकलाई जुरुक-जुरुक बनाएँ । अहिले पनि म परिवर्तनका गीतहरू बनाइरहेको छु, गाइरहेको छु । यतिबेला चाहिं ज्यानलाई अलि सन्चो छैन, त्यसैले घरमै आराम गरिरहेको छु । नत्र यही मंसिर २६ मा अर्को ठाउँमा एकल गायन कार्यक्रम राखिएको थियो । अब यो कार्यक्रमलाई माघमा गर्ने कि भन्ने कुरा भएको छ ।

## के हो जनवादी गीत ?

'बसाइँ हिंड्नेको ताँतीले, बस्नेको मन रुँदछ, लाखौंका लागि उजाड छ यो देश, मुट्ठीभरलाई त स्वर्ग छ....' यो मैले गाएको एउटा लोकप्रिय जनवादी गीत हो । अर्को पनि एउटा गीत लाखौं दर्शक तथा श्रोताले मन पराउनुभएको छ, 'आमा, दिदीबहिनी हो कति बस्छौ दासी भै ?' यिनै गीतहरू जनवादी गीत हुन् । जनवादी गीत अर्थात् जनताको बोली बोल्ने गीत । राजनीतिक भाषामा यस्ता गीतहरूलाई प्रगतिशील गीत पनि भनिन्छ । नेपालमा जनवादी गीतहरूलाई कुनै बेला पञ्चायती व्यवस्थाविरुद्धको सशक्त हतियार मानिन्थ्यो भने पछि गएर यसलाई वामपन्थी आन्दोलनको स्वरका रूपमा समेत लिन थालियो ।

## अहिले कहाँ छ जनवादी गीत ?

म एउटा कुरा के भन्छु भने, यतिबेला पनि जनवादी गीत आफ्नै ठाउँ छ । यद्यपि यतिबेला भनेको राजनीतिक रूपमा खुला भएको अवस्था हो । हिजो, जतिबेला आवश्यकता थियो, जनवादी गीत-संगीतहरू घन्किएकै थिए । तर विडम्बना, आजको राजनीतिक नेतृत्वलाई जनवादी गीत-संगीतको आवश्यकता छैन जस्तो देखिएको छ । युवापुस्ताका संगीतकर्मीहरूले पनि जनवादी गीत-संगीतप्रति खासै रुचि देखाएको पाइएन । उनीहरूले जनवादी गीतको त्यति खोजिनिती गरेको पाएको छैन । अहिले नेतृत्व तहमा पुगेका नेताहरूलाई नै थाहा छैन, जनवादी गीत-संगीत कहाँ छ भनेर ? नेतृत्वमा पुगेका नेताहरूमा सांस्कृतिक चिन्तन भएन भने यस्तै हुन्छ ।

यद्यपि, हामी जनवादी गीत-संगीतका स्रष्टाहरू भने जिउँदै छौं । यहीँ छौं । जनवादी गीत-संगीत सिर्जनामै सक्रिय छौं । जनतामाझ पुगेर जनवादी गीत गाउन छाडेका छैनौं । हामी जहाँको तहीँ नै छौं । हामी कहीँ पनि गएका छैनौं । आफ्नो काम गरिरहेका छौं ।

तर, अर्को एउटा महत्त्वपूर्ण कुरा के छ भने हामीमा पनि यो राजनीतिक परिवर्तनले सांस्कृतिक रूपमा समेत परिवर्तन ल्याएको छ । हामीमा के परिवर्तन आयो भने अलिकता मनोरञ्जनात्मक गीत-संगीततिर अधिकांशको रुचि र झुकाव बढ्न थालेपछि हामीमा पनि त्यस्ता गीत-संगीतप्रति रुचि राख्ने प्रवृत्ति बढेको हो कि ? त्यसले गर्दा पनि आजको जुन अवस्था छ, पार्टीका नेताहरू, जसले देशकै नेतृत्व गरिरहनुभएको छ, उहाँहरूमा पनि सांस्कृतिक विचलन आएर यस्तो भएको हुनुपर्छ ।

तर, यसो भन्दैमा हामीचाहिँ ओझेलमा परेका छैनौं है । आफ्नो काम गरिरहेका छौं । हामीले आफ्नो अस्तित्व अहिले पनि राखिछाडेका छौं ।

## परिवर्तन अनिवार्य

अब भने हामीले पनि आफूलाई केही परिवर्तनचाहिं गर्नैपर्छ । किनभने कुनै बेला राजनीतिकर्मीहरूको अति प्रिय जनवादी गीत, आज राजनीतिक परिवर्तनपछि ओल्ड फेसनझैं भएका छन् । त्यसैले अबको आवश्यकता भनेको परिवर्तित शैलीका प्रगतिशील गीतहरूको हो भन्ने कुरा हामीले बुझ्न अनिवार्य छ । आजको समय भनेको हिजोको जस्तो प्रतिबन्धित समय होइन । हिजो हामीले 'मेरो गोरुको बाह्रै टक्का' भन्ने, बुर्जुवा भन्ने एक किसिमका मानिसहरूलाई उपेक्षा गरेका थियौं, त्यो हाम्रो बाध्यता पनि थियो । अब त्यो सोचाइमै परिवर्तन गर्नुपर्छ । अबको परिवर्तनका लागि हामी पनि सक्रिय हुनुपर्छ । सबैलाई समेटेर लैजाने हो भने अब विगतमा जनवादी गीत गाएर अघि बढेका संस्कृतिकर्मीहरूलाई पनि सँगसँगै अघि बढाउनुपर्छ ।

व्यवस्था नै परिवर्तन भएका कारण पनि हिजो र आजको जनवादी गीतमा फरक परेको हो । आज पनि जनवादी गीतको आवश्यकता उत्तिकै छ । हामी आज पनि निष्क्रिय छैनौं । म, रामेश, रायनहरू आज पनि उत्तिकै सक्रिय छौं । यद्यपि, सधैंभरि हामीले मात्र जनवादी गीतलाई बोकेर हिंड्नुपर्छ भन्ने छैन । अब नयाँ पुस्ता पनि सक्रिय भएर आउनुपर्छ । हाम्रै मात्र पछि लाग्नुपर्छ भन्ने छैन । यो विधामा नयाँ पुस्ताले पनि सक्रियता जनाउनुपर्छ । हुन त नयाँ पुस्ता पनि आइरहेको छ, नआएका होइनन् । तर, संगीतकर्मीहरूमा पेट पाल्ने समस्या पनि छ । त्यसले गर्दा पनि युवा संगीतकर्मीहरू खुलेर जनवादी गीतमा लाग्न सकेका छैनन् । त्यसमा पनि बजारमा कमर्सियल गीतहरू बढी चल्ने भएकाले जनवादी गीत गाउने र सुन्ने फुर्सद धेरैलाई नहुन पनि सक्छ ।

> "हामी जनवादी गीत-संगीतका स्रष्टाहरू भने जिउँदै छौं । यहीँ छौं । जनवादी गीत-संगीत सिर्जनामै सक्रिय छौं । जनतामाझ पुगेर जनवादी गीत गाउन छाडेका छैनौं । हामी जहाँको तहीँ नै छौं । हामी कहीँ पनि गएका छैनौं । आफ्नो काम गरिरहेका छौं ।

## जनवादी गीतको इतिहास

वास्तवमा जनवादी गीतको इतिहास निकै लामो छ । २०१६-१७ सालतिरै संस्कृतिकर्मी गोकुल जोशीदेखिको पालादेखि नेपालमा जनवादी गीतको थालनी भएजस्तो लाग्छ । गोकुल जोशीले ०१६-१७ सालतिरै थुप्रै जनवादी गीत गाएका थिए । तीमध्ये मलाई अहिले पनि सम्झना छ– 'नमार गरिबलाई नजाऊ अंग्रेजी पल्टनमा, रोक्ने को हो दूरदर्शी विचारका धारा को हो' भन्ने गीतहरू खुबै चलेका थिए । गोकुल जोशीले आफैंले गीत लेखे, गाए । त्यतिबेलादेखि नै नेपालमा जनवादी गीतको थालनी भएको हो । त्यो बेला देशमा पञ्चायती शासन थियो । त्यही व्यवस्थाका विरुद्धमा जनवादी गीतहरू गाउन थालिएको थियो । रामेश, मञ्जुल, रायन, श्याम टमोट, म आफैं, उदय श्रेष्ठ, माधव प्रधान, राजेश थापा, मधु गुरुङ, चेतनारायण राई, शम्भु राईजस्ता स्रष्टाहरूले जनवादी गीतलाई जुरुक्कै बोकेर हिंड्नुभएको थियो । २०३६ सालभन्दा अघि नै जनवादी गीत गाउने स्रष्टा-कलाकारहरूको एउटा ठूलो जमात नै तयार भइसकेको थियो । त्यो समयमा हामी सबै जना एउटा ऊर्जा लिएर मैदानमा आएका थियौं । व्यवस्थालाई ढाल्नुपर्छ भन्ने एक प्रकारको जोस, जाँगर, उत्साह र उमंग थियो । जनमत संग्रहअघिदेखि जनवादी गीत गाउन स्रष्टाहरू सांगठनिक रूपमा पनि लाग्न थालियो । पञ्चायतको विरुद्ध गीत गाउने कलाकारहरूलाई त्यतिबेला धरपकडसमेत गरियो, दमनसमेत गरियो । २०४६ सालको आन्दोलनका क्रममा म आफैं धरानबाट गिरफ्तार भएँ । प्रजातन्त्र पुनर्स्थापना हुँदा त म जेलमै थिएँ । पञ्चायत कालमा मण्डलेहरूले कहिले स्टेज भत्काउँथे, कहिले प्रहरीले खेतै खेत कुदाउँथें । यद्यपि, त्यो बेला जनताले भने राम्रो साथ दिएका थिए ।

## कसरी बन्यो राजनीतिक हतियार

वास्तवमा जनवादी गीत-संगीतकै माध्यमबाट हाम्रो पार्टी (नेपाल कम्युनिस्ट पार्टी) स्थापना भएको हो भन्दा फरक पर्दैन । २०४६ सालको आन्दोलनले सफलता पाउनुमा बामपन्थी पार्टीलाई जनवादी कलाकारहरूको ठूलो साथ र सहयोग थियो । माओवादी जनयुद्धका क्रममा उनीहरूले हाम्रै गीतहरू गाएको भन्ने सुनिन्थ्यो । सरकारले माओवादीसँग वार्ता थालेपछि भने उहाँहरूले आयोजना गर्ने सांस्कृतिक कार्यक्रमहरूमा हामीलाई पनि निम्त्याउन थाल्नुभयो । पछि-पछि त उहाँहरू आफैंले पनि जनवादी गीतहरू उत्पादन गर्न थाल्नुभयो ।

जनआन्दोलनका क्रममा हामीले सांस्कृतिक कार्यक्रम गर्ने भनेपछि ८ कोस, १२ कोस टाढादेखिका मानिसहरू हाम्रा जनवादी तथा प्रगतिशील गीतहरू सुन्न आउनुहुन्थ्यो । हाम्रा गीतहरूले उहाँहरूमा जोस भर्थ्यो । त्यसपछि पार्टीका नेताहरूले गर्ने सम्बोधनले उहाँहरूलाई जनआन्दोलनका लागि नैतिक समर्थन प्रदान गर्न बाध्य बनाउँथ्यो ।

## सरकारबाट अपेक्षा

सरकारबाट हामीले केही पनि अपेक्षा गरेका छैनौं । नेपाली जनताको जीवनस्तर माथि पुऱ्याए भइगो । विकासका काममा ध्यान दिए पुग्छ । हामी स्रष्टा कलाकारलाई भन्दा नेपाली जनतालाई खुशी र सुख दिए पुग्छ । त्यसका लागि विकास गर्नु अनिवार्य छ ।

## अबको बाटो

अब हामी जनवादी कलाकारहरूले पनि विकासशील गीतहरू तयार पार्नुपर्ने बेला आएको छ । सरकारलाई गीत-संगीतबाटै घचघच्याउनुपर्ने भएको छ । अझै पनि समाजमा थुप्रै विकृति र विसंगतिहरू छन् । त्यसका विरुद्ध जनचेतनामूलक गीतहरू गाउनुपर्नेछ । विकास-निर्माणमा प्रेरणा मिल्ने शैलीका गीतहरू गाउनुपर्ने छ । किनभने, कुनै बेला राजनीतिक परिवर्तनका लागि ठूलो भूमिका निर्वाह गरेका जनवादी गीतहरू देशमा राजनीतिक परिवर्तन भइसकेपछि समाज सुधारको क्षेत्रमा केन्द्रित हुनुपर्छ भन्ने मैले बुझेको छु ।

*(कृष्ण भट्टराईसँगको कुराकानीमा आधारित)*

टिप्पणी

# ‘संगीत नसुन्ने’ सरकार



डा. ध्रुवेशचन्द्र रेग्मी

केही अपवादबाहेक नेपाली संगीतको व्यावसायिक यात्रा २००७ सालपछि भएको हो भन्दा अत्युक्ति नहोला । यो कालखण्डपछि नै हो, संगीतका विविध विधामा कलाकार जन्मिन थाले । त्यसअघि पनि नेपालमा राम्रा र उत्कृष्ट कलाकार नभएका होइनन् तर उनीहरूको परिधि अत्यन्तै साँघुरो थियो । सीमित स्रोत, साधन र अवसरका कारण संगीतले व्यावसायिक रूप लिन सकेको थिएन । केही दशकअघिसम्म संगीतलाई पेसा बनाउने कुरा निकै कम मानिसले सोच्थे । त्यसबाट मात्रै गुजारा चलाउन कठिन हुन्थ्यो । संगीतसँग जीविका जोडिन थालेको चाहिँ २०४६ को परिवर्तनपछिको समयमा हो ।

२०४६ पछिको खुला समाज अरु क्षेत्रझैं संगीत पनि फैलिने अवसर बन्यो । संगीतकर्मीहरू थपिन थाले । सञ्चार र प्रविधिको विकासले संगीतले पनि प्रश्रय पाई फस्टाउने मौका पायो । स्टेजमा सीमित संगीत मिडियामार्फत आउन थालेपछि यसको आयाम फराकिलो हुँदै गयो ।

अर्को साधन रेडियो नेपालमात्र थियो, त्यसले पारिश्रमिक दिन्थ्यो । तर, जीविकोपार्जनका लागि पर्याप्त थिएन । अहिले रेडियो, टेलिभिजनदेखि युट्युबसम्म आम्दानीका धेरै स्रोत छन् । रेस्टुरेन्ट संस्कृति, मञ्च प्रदर्शन, स्टुडियोमा गरिने गीत तथा संगीतको रेकर्डिङ, नेपालमा विभिन्न खाले मेला-महोत्सव आदि । यो सबैले पेसागत रूपमा संगीतप्रति समर्पित भएर लाग्न प्रेरणा प्रदान गर्‍यो । क्रियाकलापहरू जति बढ्छन्, पेसागत सुरक्षा हुन्छ, आम्दानी बढ्छ ।

अहिले संगीतले व्यावसायिक रूपमा ठूलो फड्को मारेको छ, धेरै अवसरहरू सिर्जना भएका छन् । अहिले मिडिया, सिआरबिटी, पिआरबिटी, युट्युब, ब्रोडकास्ट, रोयल्टीजस्ता कुरा आइरहेका छन् । चलचित्र, वृत्तचित्र आदिको निर्माण हुने क्रम पनि त्यत्तिकै बढिरहेको छ । स्रष्टाहरूले एउटै गीतबाट लाखौं-लाख रोयल्टी प्राप्त गर्ने अवस्था छ । यी प्रविधिको विकाससँगसँगै देखिएका परिवर्तन हुन् । कलाकारले हिजो अत्यन्तै न्यून पारिश्रमिकमा आफ्नो प्रस्तुति गर्नुपर्ने बाध्यता थियो । तर आज त्यस्तो अवस्था छैन । आज राम्रा गीत गाउने, बाजा बजाउने र संगीत दिनेलाई फुर्सद छैन ।

## संगीत शिक्षा

संगीतको शिक्षा त्यति राम्रो ढंगले बढ्न सकेको छैन । यसलाई दुई भागमा वर्गीकरण गरेर हेरौं । शास्त्रीय अर्थात् परम्परागत संगीत र लोक संगीत । यो दुई वटाको सम्मिश्रणबाट चलचित्रका संगीत, आधुनिक संगीतलगायतका विभिन्न संगीत आए । जग वा आधारका रूपमा शास्त्रीय र लोक संगीत दुई वटा संगीत हुन् । यी दुईवटा संगीतमध्ये हिजो लोक संगीतको यसरी विकास भएको थिएन । तर शास्त्रीय संगीतले एउटा आकार लिएर आइरहेको थियो । त्यो आवश्यकता पनि थियो किनभने शास्त्रीय संगीत भनेको संगीतको व्याकरण हो । त्यसमा कसैले राम्रो गर्न सक्यो भने जुनसुकै संगीत विधामा लागे पनि उसले सफलता पाउने सम्भावना बढ्छ । यो सोच हिजो मात्र नभई आज पनि एकदमै बलियो भएको छ ।

शास्त्रीय संगीतको स्कुल, कलेजमा विधिवत् तालिम हुन्थ्यो । लोक संगीतको भने कतै पढाइ हुने, तालिम लिने भन्ने कुरा निकै कम थियो । लोक संगीतलाई जसरी परिभाषा गरिन्छ, त्यसरी नै समाजले यसलाई हेरेको थियो । तर अहिले आएर यसमा दक्षता हासिल गर्नुपर्छ, सिक्नुपर्छ, पढ्नुपर्छ भन्ने धारणाको विकास भएको छ । प्राज्ञिक दृष्टिकोणबाट हेर्ने हो भने सबैभन्दा २०१६ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पद्मकन्या क्याम्पसमा संगीत विषय अध्यापन हुन थाल्यो । जहाँ शास्त्रीय संगीतमा सितार, गायन र शास्त्रीय नृत्यको पढाइ हुन्थ्यो । केही समयपछि लोक संगीतको महत्वलाई बुझ्न थालेपछि लोक संगीतको पनि पढाइ हुन थाल्यो । तुलसी दिवस, गोपाल योञ्जन, न्हुच्छेबहादुर डंगोलजस्ता व्यक्तिहरूले पढाउन थाल्नुभयो । यसलाई पनि विस्तारै शिक्षाको एउटा विधाका रूपमा स्वीकार गर्न थालियो ।

बिस्तारै संसार विश्वग्राममा परिणत हुँदै गयो । आधुनिक संगीतकारहरूको उदय भयो, आधुनिक संगीतको एउटा छुट्टै धार निस्कियो । जुन एउटा सुगम संगीत भएकाले सबैले मन पराए, यसको विकास ह्वात्तै बढेजस्तो देखियो । पुराना दुई संगीत विधा भने पछि परेका हुन् कि भन्ने देखियो । तर सबै विधाले राम्रो प्रगति गर्दै आएका छन् । आरम्भ कालमा शास्त्रीय संगीत र लोक संगीतलाई महत्वका साथ हेरिन्थ्यो, तर अहिले आएर आधुनिक संगीत त्यही रूपमा छ । त्यसैले संगीतको कुनै पनि पक्षलाई शास्त्रीय र लोक संगीतबाट पर राखेर हेर्न मिल्दैन । आधुनिक संगीत गर्ने मान्छेलाई शास्त्रीय संगीतको ज्ञान नभए पनि उसले आफ्नो अन्तरंगमा जुन संगीत देख्छ त्यसको आधार शास्त्रीय संगीत नै हो । त्यसैले यो विधालाई आधार वा जगका रूपमा हेर्नुपर्छ ।

समाज परिवर्तनशील छ, यो सामान्य नियम पनि हो । कुमालेको चक्र जसरी घुमिरहन्छ त्यसरी नै समाजमा संगीतप्रतिको जनरुचि पनि परिवर्तन भइरहन्छ । संगीतका विभिन्न विधाहरूको लोकप्रियतामा तलमाथि भइ नै रहन्छ र यसलाई हामीले स्वाभाविक रूपमा लिनुपर्छ । समग्रमा आजको नेपाली समाजमा संगीतप्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । शास्त्रीय, लोक र आधुनिक संगीत तथा संगीतकर्मी सबैलाई समाजले सम्मानपूर्वक हेर्ने गरेका छन् ।

## स्वर्णयुग

राणाकाललाई नेपाली संगीतको स्वर्ण



काल भनेर चिन्छु । परम्परागत संगीतहरू जो लिच्छबीकालबाट चलेर आएका थिए । ती संगीतलाई मल्लकालमा जीवित राख्ने काम गरियो । मल्लकालमा संगीतका किताबहरू, गीतहरू धेरै लेखिए । त्यतिबेला मल्ल राजाहरूले शास्त्रीय संगीतका ग्रन्थहरू पनि लेखे । यस्तै राणाको पालामा आएपछि त्यो कुरामा निरन्तरता थियो ।

शास्त्रीय संगीत भनेको दक्षिण एसियाकै ‘साझा सांस्कृतिक सम्पदा’ (कमन कल्चर हेरिटेज) हो । जुन हाम्रो देशमा विकास हुन सकेन तर त्यसको विकास ‘अहिलेको भारत’ मा भयो । त्यसैले यो भारतीय संगीत भन्ने भ्रम पर्‍यो, जबकि त्यो होइन । यो हाम्रो संगीत हो । हामी कहाँ विकास नभएका कारणले दाबी गर्न सकेनौं । सायद राणाहरूले यो कुरालाई बुझे । जुन बेला जंगबहादुरको उदय भयो र अंग्रेजहरूले भारतमाथि आक्रमण गरे । र, नवाबहरू जसले संगीतकर्मीहरूलाई संरक्षण दिएर राखेका थिए । तिनीहरू राज्यविहीन अथवा नोकरी विहीन भए । तिनीहरूलाई जंगबहादुरले त्यहाँबाट ल्याएर दरबारमा संरक्षण गर्ने काम गरे । नेपालमा शास्त्रीय संगीतको माहोल त्यतिबेलाबाट तीव्र गतिमा बढ्यो ।

त्यतिबेला नै शास्त्रीय संगीतका अलावा लोक संगीत पश्चिम नेपालका भडेनी, पातर, बादीहरूलाई जंगबहादुरले विशेष थिती नै बनाएर संरक्षण गरे । उनीहरूलाई विशेष जात्रा, चाडपर्वमा ल्याएर नचाउन-गाउन लगाउँथे । परम्परागत रूपमा आएको तर स्थानीय लोक संस्कृतीसँग जोडिएको संगीतलाई औपचारिक रूपमा संरक्षण गर्न आरम्भ गरे । शास्त्रीय संगीत जो संगीतको व्याकरण हो, त्यसलाई पनि ल्याएर नेपालीहरूलाई शिक्षा दिने काम भयो ।

वीर शमसेरको पालामा पर्साको बगेडी भन्ने ठाउँमा एक महिना लामो अन्तर्राष्ट्रिय संगीत सम्मेलन भएको थियो । त्यहाँ दिनभरि शास्त्रार्थ हुन्थ्यो भने बेलुका सांगीतिक कार्यक्रम हुन्थ्यो । जसले नेपाली शैलीका रागहरूको वर्गीकरण समेत गरेको थियो । त्यसको प्रक्रिया पनि बनेको थियो तर वीरशमसेरको अवशानसँगै त्यो अड्कियो । त्यतिबेला उनले जुन रूपमा प्रवर्द्धन गरे अथवा विधागत रूपमा छुट्याए यही कारणले आज नेपालमा शास्त्रीय संगीतको जुन अवस्था छ, हिजो राणाले संरक्षण नगरिदिएको भए आज यो अवस्थामा हुँदैनथ्यो । आज पनि जति पनि स्कुल छन् अथवा हामी घराना भन्छौं त्यो के छ भने राणाले संरक्षण प्रदान गरेका वर्ग वा व्यक्तिका सन्ततिबाट चलेको छ । राणाले भारतबाट ल्याएर राखेका कलाकारले सिकाएका व्यक्तिहरूबाट आइरहेका छन् । यदि राणाकालमा यो नभएको भए त रिक्तता हुन्थ्यो । अहिले हामीकहाँ शास्त्रीय संगीतको जुन अवस्था छ त्यो हुँदैनथ्यो । त्यसैले विकास, मानव अधिकार वा प्रजातन्त्रको दृष्टिकोणबाट राम्रो थिएन होला तर कला र संगीतको संरक्षण, प्रवर्द्धन र विकासको दृष्टिकोणले मेरो नजरमा राणाकाल भनेको संगीतको स्वर्णकाल हो ।

## संगीतका समस्या

नेपाली संगीतको विकासको अवस्था यही नै हो भनेर मापन गर्न गाह्रो हुन्छ । सरकारी तवरबाट संगीतको विकासमा कुनै योगदान हुन सकेको छैन । अन्य राष्ट्रहरूमा आफ्नो देशको कला-संस्कृतिको प्रवर्द्धन गर्न ठूलो लगानी गरेका हुन्छन् । तर हाम्रोमा खोइ लगानी ?

संगीतको नियामक निकाय छैन । सरकारी तवरबाट संगीतलाई संरक्षण नदिएकै कारण यो जति माथि आउनुपर्थ्यो त्यति आउन सकिरहेको छैन । अहिले पनि संगीत क्षेत्र राम्रो कर तिर्ने उद्योगमा पर्छ । तर त्यसलाई सरकारले संस्थागत गर्न सकेको छैन । यो राज्य संयन्त्रकै कमजोरी हो । संगीतको विकास तथा संरक्षणका लागि खोलिएको प्रज्ञा प्रतिष्ठानले आफ्नो दायित्व निर्वाह गर्न सकेको पाइँदैन । व्यक्तिगत र निजी संस्थाहरूबाट भएको प्रयासबाट मात्र नेपाली संगीत यो अवस्थामा आइपुगेको छ । राज्यले सहजकर्ताको भूमिका निभाउने हो र अघि बढाउन आवश्यक नीति–नियम, कानुन बनाइदिने हो र राज्यको औपचारिक कार्यक्रमहरूमा संगीतलाई स्थान दिने हो भने संगीत विकास अझ अग्रगतिमा अघि बढ्न सक्छ । खेलकुदमा सरकारले जसरी बजेट छुट्याएको छ, संगीत क्षेत्रको विकासका लागि पनि त्यसरी नै बजेट छुट्याउनुपर्छ । यदि त्यसो गरिएमा सरकार यसबाट त्यसको १० गुणा बढी फिर्ता लिन सक्छ ।

आजभन्दा ६० वर्षअघि त्रिविको एउटा क्याम्पसबाट सुरु भएको संगीतको अध्यापन, त्यसको एक दशकपछि अर्को दुईवटा क्याम्पसबाट सुरु भयो । आज यो ५० वर्षको समयमा पनि संगीतको शिक्षा यो तीनवटा क्याम्पसभन्दा चौथो क्याम्पसमा सुरु हुन सकेको छैन । यो कुरामा विस्तार हुनुपर्‍यो । हिजो त्रिविमा संगीतमा आइए र बीए दुईवटा तह थिए, त्यो पनि हटाइयो । जसले गर्दा अहिले प्लस २ मा १/२ वटा कलेजबाहेक अन्यत्र संगीतको पढाइ छैन ।

अंग्रेजी वा अन्य विषयहरू बच्चाहरूले सानैदेखि पढ्छन् । तर आज जसले संगीत सिक्न चाहन्छन् एकै पटक स्नातक तहमा आएर सुरु गर्ने अवस्था छ । यदि उसले सुरुमा नै पढ्न पायो भने त त्यतिबेलासम्म त उसको अर्कै स्किल विकास हुन्छ । यसकारण स्कुल, कलेजहरूमा संगीतको कोर्सको व्यवस्था हुनुपर्छ । यो शैक्षिक कार्यक्रम हो । राज्यको तर्फबाट यसको सुरुवात हुनुपर्छ । संगीतलाई प्रस्तुति कलाका रूपमा मात्र नभएर समाजलाई अध्ययन गर्ने वस्तुका रूपमा हेर्नुपर्छ । मान्छेले संगीतलाई केबल मनोरञ्जनका रूपमा मात्र हेर्छन् । त्यो गलत सोचाइ हो । जसरी हामीले समाजशास्त्र पढेर त्यसको अध्ययनका आधारमा समाजको अध्ययन गर्छौं, त्यस्तै संगीतको अध्ययन गरेर समाजको चरित्रका बारेमा बुझ्न सकिन्छ ।

संगीतको संरक्षणका लागि रहेका हाम्रा परम्परागत गुठीका जग्गाहरू थिए । यसलाई रैकरमा परिणत गरियो । यसले पनि संगीतलाई असर पुर्‍याएको छ । किनकि हिजोका दिनमा संगीतकर्मीहरूले मन्दिरमा गएर गाउँथे, बजाउँथे, पूजा अथवा आरतीको बेलामा गर्थे । तिनको जीविकोपार्जनका लागि जग्गा-जमिन छुट्याइएको थियो । त्यसको आयस्तरले उनीहरूलाई तलब दिइन्थ्यो । आज त्यो जग्गा-जमिन मासिएका कारण यो पेसाबाट तिनीहरू विलुप्त भएका छन् । जीविकोपार्जनको समस्या भएपछि त मान्छे कसरी काम गर्छ ? सरकारले यस्ता कुराहरूमा ध्यान दिनुपर्छ ।

पुराना संस्कृतिलाई मात्र पछ्याउने, संगीतको वृहत् अवधारणा नबुझीकन छोटो चित्त गरेर लोक संगीतले लोक संगीत, आधुनिक संगीतले आधुनिक तथा शास्त्रीय संगीतले शास्त्रीय संगीतलाई ठूलो भन्ने र पपवालाले पपलाई ठूलो भन्ने मानसिकता छ । यो मानसिकता परिवर्तन हुनुपर्छ । गीत-संगीतका सबै विधा उत्तिकै सम्मानित छन् । तर ती विधाले देशको संस्कृति र समाजको आदर्शलाई बोकेको हुनुपर्छ । शास्त्रीय संगीत नै भए पनि लोक संगीत नै भए पनि यदि समाजको आदर्श, चरित्र तथा संस्कृतिलाई बोक्न सकेको छैन भने ती केहीलाई पनि उत्कृष्ट मान्न सकिँदैन । यदि पप गीत वा अन्य कुनै विधाले पनि राम्रो सन्देश दिन्छ भने, नेपाली माटो, संस्कृतिका लागि केही गर्छ भने त्यो राम्रो संगीत हो । संगीत आफैमा ठूलो हुँदैन । त्यसको प्रस्तुति, त्यसमा प्रयोग भएका भाषा-शैली एवं कुराहरूले महान् बनाउने हो ।

*(पद्मकन्या बहुमुखी क्याम्पस, संगीत विभागका प्राध्यापक डा. रेग्मीसँगको कुराकानीमा आधारित ।)*

आवरण



# ठगिँदै स्रष्टा

■ महेश तिमल्सिना

आफैं कलाकार, आफैं मालिक । पछिल्लो समय संगीत संसारको दृश्य यस्तै देखिन्छ । यतिबेला प्रायः सबैजसो गायक-गायिका, संगीतकारको आफ्नै युट्युब च्यानल छ, जसमा उनीहरूले आफूले लगानी गरेका गीत-संगीत अपलोड गर्छन् । त्यहींबाट प्राप्त आम्दानीले जीविकोपार्जन गर्छन् ।

अधिकांश कलाकारले युट्युबबाट सिर्जनाको राम्रो मूल्य उठाएका छन् भने कतिपय कलाकारको अवस्था दयनीय छ । यतिबेला एउटा गीत-संगीतको उत्पादन र व्यवसायीकरण स्वयं स्रष्टाले नै गर्ने गरेका छन् । आखिर किन यस्तो भयो ? केही कम्पनीको एकाधिकारका कारण सांगीतिक बजारमा आफैं कलाकार, आफैं मालिक बन्नुपर्ने अवस्था आइलागेको बताइन्छ । 'गीत-संगीतमा लगानी गरेर कुनै कम्पनीलाई दियो भने एक सुका पनि प्रतिफल नपाउने भएपछि अधिकांश कलाकारले आफ्नै युट्युब च्यानलमार्फत आफ्ना सिर्जना अपलोड गर्न थाले,' संगीतकार लक्ष्मण शेष कारण खोल्छन् ।

नेपाली गीत-संगीतको बजारमा ९० प्रतिशत स्रष्टा गीतकार, गायक-गायिका र संगीतकारहरूले प्रायः आफ्नै लगानीमा गीत रेकर्ड गराउने गर्छन् । म्युजिक भिडियो नबनाएर अहिले सुखै छैन । त्यसकारण बजेटअनुसार म्युजिक भिडियो पनि आफैं बनाउँछन् । केहीले प्रचारप्रसार तथा व्यवसायीकरणका नाममा केही युट्युब कम्पनीसँग करारनामा गराएर निश्चित सर्तमा रकम समेत प्रदान गर्छन् । तर, त्यसरी सिर्जना बेचिरहेका युट्युब च्यानलका मालिक कम्पनीहरूको कारोबार स्पष्ट हुँदैन, जसका कारण कलाकारहरू मर्कामा पर्ने गुनासो पनि सुनिन्छ । 'पछिल्लो समय विकसित भएको डिजिटल मार्केटका विभिन्न पोर्टलहरूमा खुलेआम गीतसंगीतको बिक्री गरिरहेका छन्,' शेष भन्छन्, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डिजिटल बजारमा के-कति आम्दानी भइरहेको छ भन्ने विषयमा तिनले वास्तविक उत्पादक स्रष्टा प्रस्तोताहरूलाई न कुनै तथ्याङ्क दिन्छन्, न कुनै विवरण दिन्छन्, न त त्यसको आर्थिक अधिकारस्वरूप प्राप्त हुने रकम नै दिन्छन् ।'

सांगीतिक क्षेत्रमा डिजिटल प्रविधि भित्रिएसँगै यसको प्रत्यक्ष मारमा पुराना संगीतकर्मीहरू परेका छन् । नारायणगोपाल, तारादेवी, नातीकाजी, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, दीपक खरेल, यादव खरेल, शम्भुजित बास्कोटा, दीप श्रेष्ठ, कुमार बस्नेतलगायतका स्रष्टाको सिर्जनालाई केही निजी कम्पनीले एकाधिकार जमाइरहेको आरोप पनि लाग्ने गरेको छ, जसबाट स्रष्टाले एक रुपैयाँ पनि पाएका छैनन्, तर ती म्युजिक कम्पनीहरूले भने करोडौं कमाइरहेका छन् । यसरी स्रष्टाको सिर्जनालाई विभिन्न माध्यममा बेच्ने तर स्रष्टा केही नपाउने कम्पनीको विरुद्धमा कानुनी प्रक्रियामा जाने तयारीमा रहेको संगीतकार शेषको भनाइ छ ।


स्रष्टाको बौद्धिक सम्पत्तिमा एकाधिकार जमाउने र प्रतिलिपि अधिकार हनन गर्नेमा म्युजिक नेपाल अग्रस्थानमा पर्ने अधिकांश संगीतकर्मीहरू आरोप लगाउँछन् । हिजो रेडियो नेपालमा रेकर्डिङ भएका अधिकांश गीत-संगीतमाथि म्युजिक नेपालले कब्जा जमाएको छ । ती गीतहरूमा कपिराइट समेत म्युजिक नेपालले नै राखेको शेष बताउँछन् । 'हिजो रेडियो नेपालमा रेकर्डिङ भएका गीतहरूमा पनि म्युजिक नेपालले कपिराइटको सिम्बोल दिएको छ,' शेष भन्छन्, 'यस्तो गर्नु भनेको स्रष्टा कलाकारमाथि अपमान गर्नु हो, ठग्नु हो ।' त्यसैले यस्ता कम्पनीहरूमाथि शेषलगायतको टिम बौद्धिक सम्पत्ति चोरी तथा प्रतिलिपि अधिकार हननसम्बन्धी विषय र त्यसका विरुद्ध कानुनी प्रक्रियामा जाँदै छ ।

आफ्नो सिर्जना खुलेआम रूपमा लुटिएकोमा र आफू अन्यायमा परेको विषयमा स्रष्टा के भन्छन् ? स्रष्टाको सिर्जनामा मनपरी ढंगले प्रयोग गर्दै आएको विभिन्न एग्रिगेटरमध्ये म्युजिक नेपाल अग्रस्थानमा छ । गीतकार यादव खरेल आफ्नो कपिराइट भएको करिब ६० देखि ७० वटा गीत म्युजिक नेपालले राखेको बताउँछन् । योबाहेक चलचित्रका लागि उनले लेखेका करिब ३० वटा गीत पनि त्यहीँ छन् । 'करिब पाँच वर्षअघि म्युजिक नेपालले ३ हजार ५ सय रुपैयाँ दुईपटक दिएको याद छ,' खरेल भन्छन्, 'त्यसपछि मैले पैसा पाएको छैन ।' म्युजिक नेपालबाट दुई पटकमा ७ हजार रुपैयाँ पाए पनि अन्य एग्रिगेटरबाट भने अहिलेसम्म एक सुका पनि नपाएको खरेलको दाबी छ । म्युजिक नेपालमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएको गीत-संगीतको व्यापार हेर्ने हो भने आफूले पाएको पैसा एकदमै कम भएको खरेल बताउँछन् । गायक प्रेमध्वज प्रधानका गीतहरू पनि म्युजिक नेपालले आफ्नो युट्युब च्यानलमार्फत सार्वजनिक गरेर आम्दानी गरिरहेको छ । गायक प्रधानलाई पनि म्युजिक नेपालले करिब ४/५ वर्षअघि ३ हजार ५ सय रुपैयाँ र त्यसभन्दा अघि एकपटक १ हजार रुपैयाँ लिएको याद छ । त्यसपछि आफूलाई म्युजिक नेपालले पैसा नदिएको प्रधान बताउँछन् । उनलाई केही समय अघि म्युजिक नेपालले सम्मान गर्ने भन्दै प्रस्ताव गरेको थियो । यद्यपि उनले त्यो प्रस्तावलाई अस्वीकार गरिदिए । उनी भन्छन्, 'मलाई सम्मान दिएर रोयल्टी छुट गर्ने उनीहरूको दाउ होला भन्ने ठानेर सम्मान नलिने निर्णय गरें ।' म्युजिक नेपालले स्रष्टाहरूमाथि यतिसम्म ज्यादती गरेको छ कि प्रधानले सन् १९७० मा बम्बईमा गएर आफ्नै लगानीमा गाएको १० वटा गीत पनि उसैले अपलोड गरेको छ ।

> 'मलाई सम्मान दिएर रोयल्टी छुट गर्ने उनीहरूको दाउ होला भन्ने ठानेर सम्मान नलिने निर्णय गरें ।'
>
> – प्रेमध्वज प्रधान, गायक



> 'रेडियो नेपालका पदाधिकारीहरूमा पनि त्यो खालको चेतना छैन या जो रेडियो नेपालभित्र हाकिम छन् तिनीहरूको पनि कतै स्रष्टा ठग्ने एग्रिगेटरहरूबीच साँठगाँठ त छैन ? भन्ने शंका गर्नुपर्ने अवस्था आएको छ ।'
>
> – यादव खरेल, गीतकार



> 'पछिल्लो समय विकसित भएको डिजिटल मार्केटका विभिन्न पोर्टलहरूमा खुलेआम गीतसंगीतको बिक्री गरिरहेका छन् ।'
>
> – लक्ष्मण शेष, संगीतकार



'म्युजिक नेपालले मलाई दशैंको बेला ४/५ हजार दिँदै आए पनि यो अपर्याप्त हो ।'



- दीपक खरेल, गायक

आर्थिक अधिकारको पाटो एकातिर छ। गीत-संगीतमा नैतिक अधिकारको कुरा पनि संगीतकर्मीमाझ टड्कारो रूपमा उठ्ने गर्छ। सरकारी सञ्चारमाध्यमहरूले नै नैतिकता उल्लंघन गरेको कतिपय संगीतकर्मी आरोप लगाउँछन्। आर्थिक उल्लंघनमा पनि निजी र सरकारी सञ्चारमाध्यमहरू अग्रस्थानमा रहेको गीतकार खरेलको आरोप छ, 'उनी भन्छन्, 'रेडियो, टेलिभिजनले गीत बजाएको पैसा दिँदैनन्। त्यसमै पनि स्रष्टाहरू ठगिएका छन्।' सरकार पनि यस विषयमा मूकदर्शक बनेको खरेलको आरोप छ। रेडियो नेपालको प्रत्यक्ष लगानी भएका हजारौं गीत-संगीत अरूले लुटेर लगेको छ तर रेडियो नेपाललाई त्यसको कुनै मतलब छैन। गीतकार खरेल भन्छन्, 'रेडियो नेपालका पदाधिकारीहरूमा पनि त्यो खालको चेतना छैन या जो रेडियो नेपालभित्र हाकिम छन् तिनीहरूको पनि कतै स्रष्टा ठग्ने एग्रिगेटरहरूबीच साँठगाँठ त छैन ? भन्ने शंका गर्नुपर्ने अवस्था आएको छ।'

'कलाकारको सम्पति लुटेर कलाकारलाई नै अँध्यारोमा राखेर शोषण गरेको देख्दा नरमाइलो लागिरहेको छ ।'



- सत्यराज आचार्य, गायक

गायक दीपक खरेलका गीत पनि विभिन्न म्युजिक कम्पनीले हरेक माध्यमबाट बिक्री गरिरहेका छन्। जसमध्ये उनलाई म्युजिक नेपालले विगत ५ वर्षयता दसैंको छेको पारेर ४/५ हजार रुपैयाँ दिँदै आएको छ, उनी भन्छन्,'म्युजिक नेपालले मलाई दशैंको बेला ४/५ हजार दिँदै आए पनि यो अपर्याप्त हो।' त्यसैले विभिन्न म्युजिक कम्पनीले स्रष्टाहरूलाई घुमाउरो तवरले ठगिरहेका छन् भन्ने बुझ्न गाह्रो पर्दैन।

यसरी विभिन्न पोर्टलहरूमा नेपाली गीत-संगीत बिक्री गरेर कलाकारलाई ठगिरहेका म्युजिक कम्पनीहरूको विरुद्धमा सत्यराज/स्वरूपराज आचार्य पनि खुलेर लागेका छन्। 'संगीतमा एकखालको सिन्डिकेट छ त्यसलाई तोड्नुपर्छ भनेर लागिरहेका छौं।' गायक भक्तराज आचार्यका छोरा सत्यराज भन्छन्, 'कलाकारको सम्पत्ति लुटेर कलाकारलाई नै अँध्यारोमा राखेर शोषण गरेको देख्दा नरमाइलो लागिरहेको छ।' यतिबेला म्युजिक नेपालले नेपाली कलाकारहरूलाई थाहै नदिईकन संसारका विभिन्न २८ वटा पोर्टलहरूबाट नेपाली संगीत बिक्री-वितरण गरिरहेको सत्यराज बताउँछन्। यसले प्रतिलिपि अधिकारको हनन गरेको छ। त्यसैले अहिले आफूहरूको मुख्य मुद्दा नै यही भएको स्वरूपराज थप्छन्। यसमा कलाकारहरूले खासै ध्यान नदिएको र केही कलाकारहरूले उसले गरिरहेको बेइमानीलाई बाहिर ल्याएपछि भने म्युजिक नेपाल झसंग भएको स्वरूपराजको भनाइ छ। 'अब हामी कानुनी प्रक्रियाबाट सम्पूर्ण कलाकारहरूको न्यायका लागि लड्छौं,' उनी भन्छन्।

ठगीको आरोप लागेको म्युजिक नेपालले भने आफूले स्रष्टा कलाकारलाई कुनै पनि अन्याय नगरेको दाबी गरेको छ। 'म्युजिक नेपालले सम्झौताअनुसारको काम गर्छ र सम्झौताबमोजिम नै स्रष्टा कलाकारको रोयल्टी तिरिरहेको छ,' म्युजिक नेपालका अध्यक्ष सन्तोष शर्मा भन्छन्, 'म्युजिकको कतिपय कुरा टेक्निकल छ र कम्प्लिकेटेड पनि छ। हामीले युट्युबबाट प्राप्त रोयल्टी माग्न आउने स्रष्टा कलाकारलाई दिएका छौं भने लिन नआउनेको रोयल्टी सुरक्षित छ।' म्युजिक नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पोर्टलहरूमा नेपाली गीत-संगीत बिक्री गरेको, तर स्रष्टा-कलाकारलाई त्यसबापत प्राप्त हुने रोयल्टी नदिएको भन्ने आरोप पनि लाग्ने गरेको छ नि त ? भन्ने प्रश्नमा शर्मा भन्छन्, 'विभिन्न पोर्टलबाट आएको स्रष्टा-कलाकारको रोयल्टी हामीसँग सुरक्षित छ त्यसलाई पारदर्शी वितरणका लागि हामी सफ्टवेयरको डेभलप गर्दैछौं।' सफ्टवेयरबाट डाटा क्लियर हुनेबित्तिकै सबै कलाकारको रोयल्टी वितरण गर्ने शर्माले बताए।

'म्युजिकको कतिपय कुरा टेक्निकल छ र कम्प्लिकेटेड पनि छ । हामीले युट्युबबाट प्राप्त रोयल्टी माग्न आउने स्रष्टा कलाकारलाई दिएका छौं भने लिन नआउनेको रोयल्टी सुरक्षित छ ।'



- सन्तोष शर्मा, अध्यक्ष, म्युजिक नेपाल

कुराकानी

# 'हामी तीन तहको जुरीबाट गीत छान्छौं'



● दिनेश डिसी, स्टेसन म्यानेजर, रेडियो कान्तिपुर

**रेडियो कान्तिपुरले स्थापनाको २१ औं वार्षिकोत्सवको अवसर पारेर आज राजधानीको सोल्टीमोडस्थित होटल सोल्टी "नेसनल म्युजिक एवार्ड" को आयोजना गर्दैछ। एवार्डमा १५ विधा र एक लाइफटाइम एचिभमेन्ट छ भने उत्कृष्ट तीन विज्ञापन एजेन्सीलाई पुरस्कृत गरिनेछ। एवार्डका सम्बन्धमा रेडियोका स्टेसन म्यानेजर दिनेश डिसीसँग साप्ताहिकका लागि नेमिष गौतमले गरेको कुराकानी :-**

**एवार्डको तयारी कस्तो छ ?**

यसपटकको एवार्डको तयारी राम्रो छ। पोहोरकै जस्तो कार्यक्रमलाई केही फरक शैलीमा गर्ने भएकाले तयारी पहिलेदेखि नै थियो। त्यसकारण ठूलो प्रेसर भएन।

**गीतको छनोट कसरी गरियो ?**

यो नेसनल म्युजिक एवार्ड हो। त्यसकारण अन्य एवार्डको जस्तो यो एवार्डमा गीत दर्ता गर्नु पर्दैन। विश्वका जुनसुकै कुनाबाट आएका नेपाली भाषाका गीतलाई एवार्डको प्रतिस्पर्धामा सहभागी गराएका छौं। हामीले ०७५/७६ का गीतअन्तर्गत अघिल्लो असारदेखि गत साउन मसान्तसम्म आएका गीतलाई यो एवार्डमा स्थान दिएका छौं। त्यो गीत रेडियोमा बजेको वा नबजेको पनि हुनसक्छ वा अन्य माध्यमबाट पनि आएको हुनसक्छ। त्यस्ता गीतलाई नेसनल म्युजिक एवार्डमा समावेश गरेका छौं।

**गीतको मनोनयन प्रक्रिया कस्तो छ ?**

हामीले तीन तहको जुरीबाट गीत छानेका छौं। पहिलो तहका जुरी श्रोता हुन्। उनीहरूले आफूलाई मन परेका ५० गीत छनोट गरेका छन्। दोस्रो तहका जुरी रेडियोका आरजे हुन्। उनीहरूले श्रोताले छानेका उत्कृष्ट ५० गीतमध्ये २० वटा गीत छानेका छन्। तेस्रो तहको जुरीमा संगीतकार सुरेश अधिकारी, गायिका कुन्ती मोक्तान र गीतकार चूडामणि देवकोटा हुनुहुन्छ। उहाँहरूले ती २० गीतमध्ये उत्कृष्ट ५ गीत छनोट गर्नुभएको छ। अन्त्यमा ती उत्कृष्ट पाँच गीतमध्ये एउटा उत्कृष्ट गीतको छनोटचाहिँ शीर्ष जुरीले गर्नुभएको छ।

**सांगीतिक एवार्डको बढ्दो संख्याले एवार्डको विश्वसनीयतामा नै प्रश्न उठ्ने गरेको छ। एवार्डलाई विश्वसनीय बनाउन के गरिरहनुभएको छ ?**

जहाँसम्म एवार्डको विश्वसनीयताको कुरा छ, त्यसमा कान्तिपुर आफैंमा एउटा ब्रान्ड बनिसकेको छ। दोस्रो भनेको हामीसँग चार तहका जुरी छन्। उहाँहरूबाट कहीं-कतै पनि दायाँ-बायाँ हुँदैन। हाम्रो जुरीमा नेपाली सांगीतिक क्षेत्रका विशिष्ट व्यक्तिहरू पनि हुनुभएकाले फलानालाई एवार्ड दिनुपर्‍यो भन्न पनि सकिन्न। अहिले एवार्डको संख्या धेरै छ, तर दुई-तीन वर्षपछि ती एवार्डको संख्या क्रमशः घट्दै जान्छ। जसले गर्दा एवार्डको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था आउनेछैन।

**एवार्डको संख्या बढिरहँदा तपाईंहरूलाई गाह्रो परेको छैन ?**

हामीलाई गाह्रो पर्दैन। किनभने धेरै एवार्ड भए पनि त्यसमा राम्रो एवार्ड कुन हो भन्ने हुन्छ। दुई जना मात्र दौडिएर प्रथम हुनुभन्दा सय जनासँग दौडिएर पहिलो हुनु राम्रो हो। एवार्डको संख्या बढे पनि राम्रो र परिष्कृत किसिमले एवार्ड गर्न प्रोत्साहन दिन्छ।

**स्रष्टाको चासो कम हुँदै गएको हो ?**

कुरा त्यसो होइन। किनभने प्रमुख एवार्डमा स्रष्टाको चासो कहिल्यै कम हुँदैन। उनीहरूमा प्रमुख एवार्डमा सहभागी हुन पाऊँ, हामीलाई पनि निमन्त्रणा आओस् भन्ने हुन्छ।

**आजकल एवार्डमा दर्शक उपस्थिति कम देखिन्छ। यसलाई कसरी व्यवस्थापन गर्नुभएको छ ?**

हाम्रो सवालमा दर्शकले माया गरिदिनुभएको छ। हामीले कार्यक्रममा उपस्थित हुनका लागि निमन्त्रणा पत्र पठाएका हुन्छौं। हाम्रो सिट सीमित छ। कार्यक्रममा आउन नपाउने स्रष्टाहरूले आफूहरूलाई आउने मन भए पनि समय अभावका कारण आउन नसक्ने जानकारी दिनुहुन्छ, तर धेरै स्रष्टा आउन पाए हुन्थ्यो भन्ने चाहना राख्नुहुन्छ। कतिपय स्रष्टाले त कार्यक्रममा सहभागी हुन टिकट नै काट्छु पनि भन्नुहुन्छ।

**स्रष्टाहरूले आफूअनुकूल समयमा एवार्ड हुन सकेन भन्ने गुनासो गरिरहेका छन् नि ?**

हामी यो एवार्ड रेडियो कान्तिपुरको वार्षिकोत्सवको अवसर पारेर गर्छौं। यसपटकको वार्षिकोत्सव असोज २८ मा थियो। यसपटक मध्यदसैंको समय भएकाले दसैं र तिहार सकिएपछि एवार्ड गर्ने भनेर तयारी गर्‍यौं। स्रष्टाहरूको कुरालाई हामी मनन गर्छौं, तर एवार्ड गर्दा कहिले को स्रष्टा त कहिले को स्रष्टा छुटिरहेका हुन्छन्। उहाँहरूले पनि आफ्नो व्यावसायिक पाटोलाई ध्यान दिनुपर्ने हुन्छ। संगीतको ग्लोबल मार्केट भएकाले पनि स्रष्टा सहभागी हुन सक्नुभएन भन्नेमा गुनासो छैन।

**नेपाली एवार्डको चुनौती के हो ?**

नढाँटी भन्नुपर्दा स्रष्टामा कुण्ठा छ। जस्तो म चलचित्र निर्देशक हो भने ममा मैले जस्तो राम्रो चलचित्र कसैले पनि बनाउन सक्दैन भन्ने घमन्ड हुन्छ। मेरो सोच मैले नै एवार्ड पाउनुपर्छ भन्ने हुन्छ। एवार्डको उत्कृष्ट ५ को मनोनयनमा परेपछि एउटाले एवार्ड पाइहाल्छ, अरू किन जाने भन्ने तुस रहन्छ। हलिउड र बलिउडको एवार्ड समारोहमा उत्कृष्ट पाँचको मनोनयनमा परेका सबै कलाकार पुग्छन्, जसले एवार्ड पाए पनि उनीहरूको एवार्ड विजेताप्रति सम्मान नै हुन्छ। तर, नेपालमा त्यस्तो वातावरण छैन्।

**पुराना स्रष्टाहरू एवार्डलाई विज्ञापन गर्ने थलो भन्छन् नि ?**

पहिलो कुरा विज्ञापन नगरी भव्य कार्यक्रम गर्न सकिँदैन। प्रत्येक विधाको मनोनयनको विज्ञापन त गर्नुपर्‍यो नै। बजेटका आधारमा विज्ञापन कति गर्ने भन्ने कुरामा भर पर्छ। टेलिभिजनमा नोमिनेसनको मात्र विज्ञापन बज्दैन, अन्य विज्ञापन पनि बजिरहेका हुन्छन्। अन्य विज्ञापन बज्दा रिसाउने अनि आफ्नो विज्ञापन बज्दा खुसी हुने बानी स्रष्टामा छ।

खेलकुद




# ऐतिहासिक जितले थपेको जिम्मेवारी



■ मुकुन्द बोगटी / हिमेश बज्राचार्य

१३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले उल्लेखनीय सफलता हात पारेको छ। लामो समयदेखि आयोजना हुने कि नहुने भन्ने द्विविधालाई चिर्दै भएको यो खेल प्रतियोगितामा नेपाली खेलाडीले पदकहरू जितेर देशकै गौरव बढाए। देशलाई चिनाउने अभूतपूर्व अवसरलाई नेपाली खेलाडीले राम्रैसँग सदुपयोग गरे, यसपटक।

साग खेलकुद प्रतियोगितामा नेपाली खेलाडीहरूले ५१ स्वर्ण, ६० रजत र ९५ कांस्यसहित कुल २ सय ६ पदक जितेर नेपाललाई पदक तालिकामा दोस्रो स्थानमा राखे। नेपालभन्दा अगाडि भारतले १ सय ७४ स्वर्ण, ९३ रजत, ४५ कांस्यसहित कुल ३ सय १२ पदक जितेर पदक तालिकामा शीर्ष स्थानमा उभ्याउन सफल भयो। यो प्रतियोगिताको पदक तालिकामा श्रीलंकाले तेस्रो स्थान हात पारे (हेर्नुहोस् पदक तालिका)।

दक्षिण एसियाली क्षेत्रको ओलम्पिक प्रतियोगिता मानिने साग खेलकुद प्रतियोगितामा नेपालले धेरै खेलमा सफलता हात पार्‍यो। यो सफलतामा कतिपय सफलता ऐतिहासिक समेत रहे। रजत पदक जितेर सुरु भएको नेपालको पदक तालिका समापन समारोह अगाडि भएको फुटबलको फाइनलमा भूटानलाई पराजित गर्दै स्वर्ण जितेर समाप्त भएको थियो। यो सागलाई नेपाली खेलकुदको क्षेत्रले आयोजनाको दृष्टिकोणले भन्दा पनि सफलताको क्षणले सम्झने देखिन्छ। पौडी खेलाडी गौरिका सिंहले यही साग खेलमा ४ स्वर्ण पदक जितेर ऐतिहासिक सफलता हात पारिन्। सागमा सर्वाधिक ४ स्वर्ण पदक जितेर तेक्वान्दो खेलाडी दीपक विष्टले राखेको कीर्तिमानलाई गौरिकाले एउटै सागबाट बराबरीमा ल्याइन्। सिंहले यही सागको पौडी खेलमा २ रजत र ३ कांस्य पदक जितेर नेपाली खेलकुदको क्षेत्रलाई अविस्मरणीय बनाइन् भने आफूलाई सर्वाधिक सफल खेलाडीका रूपमा समेत प्रस्तुत गरिन्।

यो साग खेलकुद प्रतियोगितामा कराँते खेलबाटै नेपालले पदकको खाता खोलेको थियो। मार्सल आर्टका खेलहरूमा नेपालले बर्चश्व नै देखायो। कराँते, तेक्वान्दोजस्ता खेलमा नेपाली खेलाडीहरू हावी नै भए। जसमा कराँतेका मण्डेकाजी श्रेष्ठले पहिलो दोहोरो स्वर्ण पदक जित्न सफल भए। दुई सन्तानकी आमा तेक्वान्दो खेलाडी आयशा शाक्यले पनि दुई स्वर्ण पदक जितेर सनसनी मच्चाइन्। दोहोरो स्वर्णको सफलता गल्फ खेलाडी सुभाष तामाङले पनि दिलाए। क्याडी ब्यायबाट गल्फ खेलमा प्रवेश गरेका तामाङको सफलता धेरै खेलाडीहरूलाई अनुकरणीयसमेत हुने देखिन्छ।

नेपालले यो सागमा धेरै खेलमा ऐतिहासिक पदक समेत जित्न सफल भयो। नेपालले अन्तर्राष्ट्रिय खेलमा प्रवेश गरेको दशकौं बिते पनि महिला खेलाडीमार्फत एथलेटिक्समा अहिलेसम्म पदक जित्न सकेको थिएन। यसपटक सन्तोषी श्रेष्ठले १० हजार मिटर दौडमार्फत नेपाललाई पहिलो अन्तर्राष्ट्रिय स्वर्ण पदक नेपाललाई दिलाइन्।

नेपालको तराई क्षेत्रमा कुस्ती खेल लोकप्रिय भए पनि कुनै पनि खेलाडीले सागमा नेपाललाई यो खेलमार्फत स्वर्णको स्वाद चखाउन सकेका थिएनन्। यसपटक संगीता धामीले नेपाललाई कुस्ती खेलमा ऐतिहासिक स्वर्ण पदक दिलाइन्। यस्तैगरी साइक्लिङ विधामा पनि नेपालले सागमा यसअघि स्वर्ण पदक जित्न सकेको थिएन। यसपटक नेपालका साइकिलिस्टहरूले ४ स्वर्ण पदक जितेर देखाए।

टिम इभेन्टका खेलहरूमा पनि नेपालले स्वर्ण पदकको सफलता हात पार्न नसके पनि धेरै खेलले सम्मानजनक सफलता हात पारे। नेपालले आयोजना गरेको २६ खेलमा नेपाल सुटिङ खेलबाहेक अरु कुनै खेलमा पदक विमुख हुनु परेन। नेपालका सुटिङ खेलाडीहरूमा बन्दुक नपड्किने समस्या आएपछि यो खेलका खेलाडीहरू हतास भएकाले पनि पदक विमुख भएको देखियो। मार्सल आर्टका खेलहरू कराँतेमा १० स्वर्ण, तेक्वान्दोमा १२ स्वर्ण, उसुमा ५ स्वर्ण र जुडोमा २ स्वर्ण पदक जित्न सफल भयो। बक्सिङ खेलले पनि यसपटक ऐतिहासिक सफलता नै हात पार्‍यो। २० वर्षपछि नेपाली बक्सरहरूले ३ स्वर्ण पदक नेपाल भित्राउन सफल भए।

साग प्रतियोगितामा सफलता पाउने खेलाडीहरूलाई सरकारले हालै नगद पुरस्कारमा वृद्धि गरेर घोषणा गर्‍यो। बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीमार्फत सरकारले स्वर्ण पदक जित्ने खेलाडीलाई ९ लाख रुपैयाँ, रजत पदक जित्नेलाई ६ लाख र कांस्य पदक जित्नेलाई ३ लाख रुपैयाँ नगद पुरस्कार दिने घोषणा गरेको छ। यस्तै दुई वा दुई भन्दा बढी स्वर्ण पदक जित्ने खेलाडीलाई ११ लाख रुपैयाँ तथा टिम गेममा स्वर्ण जित्ने खेलाडीलाई ५-६ लाख रुपैयाँ र प्रशिक्षकलाई ५ लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ।

१३ औं सागको आयोजना जति भव्य भयो नेपाली खेलाडीहरूले जुन किसिमले नेपाललाई ऐतिहासिक पदक दिलाए यसले नेपाललाई थप चुनौती पनि दिएको छ। स्वर्ण पदकको सफलता सागमा मात्र पाएको नेपालले इस्लामावादमा आयोजना हुने १४ औं साग र एसियाली खेलकुद प्रतियोगितामा कुन स्तरको चुनौती र सफलता हात पार्न सक्ने हो त्यो कुरा अहिले महत्वपूर्ण देखिन्छ।

## अन्तिम पदक तालिका

| देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|
| भारत | १७४ | ९३ | ४५ | ३१२ |
| नेपाल | ५१ | ६० | ९५ | २०६ |
| श्रीलंका | ४० | ८३ | १२८ | २५१ |
| पाकिस्तान | ३१ | ४१ | ५९ | १३१ |
| बंगलादेश | १९ | ३२ | ८७ | १३८ |
| मालदिभ्स | १ | ० | ४ | ५ |
| भूटान | ० | ७ | १३ | २० |
| कुल | ३१६ | ३१६ | ४३१ | १०६३ |

13th SOUTH ASIAN GAMES-2019

# जसले स्वर्ण पदक दिलाए



गौरिका सिंह
४ सय मिटर फ्रीस्टाइल, २ सय मिटर ब्याकस्ट्रोक
२ सय मिटर फ्रीस्टाइल, १ सय मिटर फ्रिस्टाइल



पुरुष फुटबल




आयशा शाक्य
महिला पुम्से २९ वर्ष माथि, तेक्वान्दो



सन्तोषी श्रेष्ठ
१० हजार मिटर, एथलेटिक्स



गोपी पार्की
५ हजार मिटर, एथलेटिक्स



किरण बोगटी
म्याराथन, एथलेटिक्स



भुपेन श्रेष्ठ
८७ किलोग्राम, तेक्वान्दो



सक्षम कार्की
८७ प्लस किलोग्राम, तेक्वान्दो




संगीता बस्याल
६२ किलोग्राम, तेक्वान्दो




काजल श्रेष्ठ
४६ किलोग्राम, तेक्वान्दो



वीरबहादुर महरा
६८ किलोग्राम, तेक्वान्दो



राजेश मगर
पुरुष डाउनहिल, साइकिलिङ



निश्मा श्रेष्ठ
महिला डाउनहिल, साइकिलिङ



सिना लिम्बु मादेन
महिला पुम्से १७–२३ वर्ष



पार्वती गुरुङ
महिला पुम्से २३–२९ वर्ष



संगीता धामी
५५ किलोग्राम, कुस्ती



कमल श्रेष्ठ
पुरुष पुम्से २३–२९ वर्ष, तेक्वान्दो



आयशा शाक्य, संजीवकुमार ओझा
जोडी पुम्से २९ वर्ष माथि, तेक्वान्दो



मण्डेकाजी श्रेष्ठ
पुरुष काता, कराँते



जुना राई
सान्जु ५६ किलोग्राम, उसु



निमा घर्तीमगर
नान्डाओ अल राउन्ड, उसु



दीपक हमाल
थाउलो नान क्वान, उसु



विजय सिंजाली
चान क्वान थाउलो, उसु



सुस्मिता तामाङ
चान क्वान थाउलो, उसु




विकास थापा
८९ किलोग्राम, भारोत्तोलन



संजु चौधरी
५९ किलोग्राम, भारोत्तोलन



हिमाल टमाटा
डुकाथलन



सोनी गुरुङ
ट्रायथलन



अनुपमा मगर
६८ किलोग्राम प्लस, कराँते



नवीन रसाइली
६७ किलोग्राम, कराँते



सुनिता महर्जन
६८ किलोग्राम, कराँते



विप्लवलाल श्रेष्ठ
८४ किलोग्राम प्लस, कराँते



कुसुम खड्का
४५ किलोग्राम, कराँते



लक्ष्मण तामाङ
५० किलोग्राम, कराँते



अनु अधिकारी
५० किलोग्राम, कराँते



सुवास तामाङ
पुरुष एकल गल्फ



देविका खड्का
५२ किलोग्राम, जुडो




पुनम श्रेष्ठ
७८ किलोग्राम जुडो



मिनु गुरुङ
५४ किलोग्राम, महिला बक्सिङ




भूपेन्द्र थापामगर
६४ किलोग्राम, बक्सिङ



सुनिल शाही
६० किलोग्राम, बक्सिङ



बुद्धिबहादुर तामाङ
पुरुष क्रसकन्ट्री, साइकिलिङ





लक्ष्मी मगर
महिला क्रसकन्ट्री, साइकिलिङ



शुक्रबहादुर राई, टंकबहादुर कार्की, सुवास तामाङ, निरज तामाङ
टिम ब्वाइज, गल्फ




नीता गुरुङ, प्रशंसा क्षेत्री, सुशीला राई
महिला पुम्से २३ वर्षमाथि, तेक्वान्दो




निर्मला तामाङ, सरु कार्की, संगीता मगर
महिला टिम काता, कराँते



निशा दर्नाल, स्वस्तिका तामाङ, संजिला तिमिल्सिना
महिला पुम्से १७–२३ वर्ष, तेक्वान्दो




मण्डेकाजी श्रेष्ठ, महसुस मोक्तान, प्रवीण मानन्धर
पुरुष टिम काता, करााँते




# गौरिकाको अद्वितीय सफलता

नेपाली खेलकुदले दक्षिण एसियाली वृत्तमा प्राप्त सफलताको आधारमा नम्बर १ खेलाडी पाएको छ र उनी हुन्– पौडीकी गौरिका सिंह । यसअघि नेपाली खेलकुद इतिहासमा सफलताका आधारमा वैकुण्ठ मानन्धर र दीपक विष्टदेखि संगीना वैद्यको नाम लिदै आइएकोमा अब यसमा एउटा नयाँ अनुहार पनि थपिएको छ, तिनै गौरिकाका रूपमा । उनकै प्रदर्शनका कारण पौडीले १३ औं दक्षिण एसियाली खेलकुदमा अद्वितीय सफल हात पार्न पनि सफल रह्यो ।

नेपाली पौडीले आफ्नो इतिहासमै प्राप्त गरेको यो सबैभन्दा ठूलो सफलता हो । पौडीबाट नेपालले ४ स्वर्ण ४ रजत ४ नै कांस्य पदक जित्न सफल रह्यो । यसमध्ये ४ स्वर्ण एकै खेलाडी गौरिकाले जितेकी थिइन् । त्यसो त नेपालले यसअघि आठौं दक्षिण एसियाली खेलकुदमा पनि एउटा स्वर्ण जितेको थियो, तर यो स्वर्ण कसरी प्राप्त भएको थियो र यसमा किन गर्व गर्न लायक छैन भन्ने तथ्य त सबैलाई थाहा छ । यो खालि बिर्सनलायक संयोगले मात्र प्राप्त भएको स्वर्ण थियो ।

जबकि गौरिकाले अहिलेसम्म पौडीमा जितेका प्रत्येक पदकमा गर्व रहनेछ, चाहे त्यो स्वर्ण होस् अथवा कांस्य पदक नै । सन् २०१६ को सागमै पनि गौरिकाले २ रजत पदक जितेकी थिइन् र यो आफैंमा ठूलो प्रदर्शन थियो, तर त्यति बेला उनको प्रदर्शन स्वर्ण पदकका लागि लायक पनि थिएन । तीन वर्षको अन्तरमा गौरिकाले आफ्नो प्रदर्शनमा निकै सुधार गरेकी छिन् र यसै कारण उनी ४ स्वर्ण जित्न सफल रहिन् । उनको यो प्रदर्शन केही खास खास कारणले अर्थपूर्ण छ ।

गौरिकाले प्राप्त गरेको यो सफलताको सबैभन्दा ठूलो विशेषता हो, यसमा नेपालको लगभग न्यून लगानी । उनी लन्डनमा बस्छिन् र उतै अभ्यास गर्छिन् । यसका लागि उनको परिवारले ठूलो लगानी मात्र गरेको छैन, उत्तिकै धेरै त्याग पनि गरेको छ । लन्डनमै गरेको अभ्यासले त उनी यति धेरै सानदार प्रदर्शन गर्न सफल भएकी हुन् । त्यहाँको अन्तर्राष्ट्रिय स्तरको अभ्यासबिना त नेपालले पौडीमा दक्षिण एसियामै पनि स्वर्ण पदकको कल्पना गर्न सकिन्न ।

उनको सफलतामा अर्को विशेषता पनि लुकेको छ, त्यो हो– नेपाली पौडीमा उनको उपस्थितिमा हुने आपत्ति । नेपाली पौडी संघ र त्यस वृत्तका केहीलाई गौरिकाको उपस्थितिमा समस्या हुने गर्छ । गौरिकाकै कारण केही खेलाडीले मौका पाउने गरेका छैनन् । अथवा भनौं ती खेलाडी गौरिकाको चर्चा अगाडि हराएका छन् । त्यसैले गौरिकालाई धेरै व्यवधान तेर्स्याउने काम हुन्छ । यी बाबजुत पनि गौरिका र उनको परिवार नेपाल आएर अन्तर्राष्ट्रिय मात्र होइन, घरेलु प्रतियोगिता पनि खेलिरहेकी हुन्छिन् ।

गौरिकाले चारमध्ये पहिलो स्वर्ण जितेयताको भनाइ सबैभन्दा महत्त्वपूर्ण छ । उनले भनेकी थिइन्, 'यो स्वर्ण नेपालीले नेपालका लागि जितेको हो ।' अर्थात् त्यही एउटा वृत्त उनलाई विदेशीभन्दा पनि पछाडि पर्दैन, तर गौरिका र उनको परिवार त्यस्तो छ, जसले नेपालका लागि खेलेको खुसी र गर्व मान्छ । यी सबै पृष्ठभूमिमा गौरिकाको यसपल्टको सागको प्रदर्शनलाई अद्वितीय मान्नैपर्छ, अझ यसलाई उत्तिकै ठूलो ऐतिहासिक पनि मान्न सकिन्छ ।

अझ उनी भर्खर १७ वर्षकी भइन्, उनीबाट अझ ठूलो सफलताको अपेक्षा गर्न सकिन्छ । गौरिकाको चार स्वर्णको प्रदर्शन २ सय मिटर फ्री स्टाइल, ४ सय मिटर फ्री स्टाइल, २ सय मिटर ब्याक स्ट्रोक्स र सय मिटर फ्री स्टाइलमा सम्भव भएको हो । यही प्रदर्शनका कारण समापन समारोहमा उनले मार्च पास गरेको नेपाली टिमको नेतृत्व गर्ने अवसर पनि पाइन्, सुरुमै झन्डा बोकेर । उत्तिकै ठूलो प्रदर्शनका लागि उनी त्यसको पूर्ण हकदार पनि थिइन् ।

# फुटबलमा स्वर्णको रक्षा

दक्षिण एसियाली खेलकुदमा प्रायः पुरुष फुटबल सबैभन्दा अन्तिममा हुने गर्छ र यसबाट प्राप्त हुने स्वर्णको महत्त्व बेग्लै हुन्छ । सन् २०१६ मा नेपालले पुरुष फुटबलमा स्वर्ण जित्दा यस्तै महत्त्व थियो, झन् त्यसमाथि त्यति बेला भारतीय भूमिमा नेपालले समग्रमा ३ स्वर्ण मात्र जित्न सकेको थियो । यसपल्ट नेपालले पुरुष फुटबलको फाइनल खेल्नुअगाडि नै ५० स्वर्ण जितिसकेको थियो, तर पनि यसपल्ट पनि प्राप्त स्वर्णको महत्त्व उत्तिकै रह्यो, अझ त्योभन्दा बढी ।

खासमा नेपालको स्वर्णको रक्षा अवसर बन्यो, यसपल्ट । फाइनलमा नेपालको प्रतिद्वन्द्वी थियो, भुटान । यस प्रकारले यो अस्वाभाविक थियो, किनभने भुटानी फुटबलले यसअघि यति धेरै ठूलो छलाङ कहिले पनि लगाएको थिएन, तर यो किन पनि स्वाभाविक रह्यो भने भुटानले पछिल्लो समय फुटबलमा खुबै प्रगति गरेको छ र यसको कारण भनेको त्यहाँको ग्रास रुट फुटबलमा प्रशस्त लगानी नै हो । दशरथ रंगशालामा भएको फाइनलमा नेपालाई भुटानबाट गाह्रो चुनौती भने पेस भएन ।

नेपाल २-१ ले विजयी रह्यो, यसमा गोल गर्ने खेलाडी थिए, अभिषेक रिजाल र सुनिल बल । नेपाल स्वर्णको हकदार पनि थियो । भारत खेल्न नआएपछि पाँच टिमको राउन्ड रोबिनमा परिणत भएको प्रतियोगितामा नेपाल नै एक मात्र यस्तो टिम रह्यो, जसले कुनै पनि खेल गुमाएन । नेपालले भुटानलाई सुरुमै ४-० हराएको थियो । त्यसपछि श्रीलंकासँग १-१ को बराबरी खेलेयता माल्दिभ्सलाई २-१ र बंगलादेशलाई १-० ले हराउन सफल रह्यो ।

स्वर्ण हात पारेपछि प्रशिक्षक बालगोपाल महर्जनले भने, 'हामी किन सफल रह्यौं भने लगातार तयारी गर्न सक्यौं । हामीले पूरा प्रतियोगितामै कुनै पनि खेल गुमाएनौं । त्यसैले पनि स्वर्ण हाम्रै नाममा रह्यो ।' यही सफलताका क्रममा महर्जनले प्रशिक्षक र खेलाडी दुवैका रूपमा सागको स्वर्ण जित्ने उपलब्धि आत्मसात् गरे । उनका दुई सहयोगी राजेश मानन्धर र मृगेन्द्र मिश्र दुवैले पनि प्रशिक्षक र खेलाडी दुवैको भूमिका स्वर्ण जिते ।

महिला फुटबलको कथा भने पुरानै रह्यो । नेपाल फेरि एकपल्ट रजत पदकमै रोकियो र यसको एक मात्र कारण थियो, भारतलाई हराउन नसक्नु । अथवा भनौं निर्णायक मोडमा फेरि एकपल्ट भारतकै हातबाट पराजित हुनु । महिला फुटबल पोखरामा भएको थियो र त्यसमा भारतको पनि सहभागिता थियो । यस्तोमा तय थियो, स्वर्णका लागि भिड्ने भनेको यिनै दुई टिम हुन् । हुन पनि यस्तै भयो, नेपालले सहभागी अरू टिममाथि अपेक्षित जित त निकाल्यो ।

तर भारतविरुद्धको खेलमा लगातार हार बेहोर्‍यो । लिग चरणको अन्तिम खेलमा नेपाल पराजित रह्यो, फाइनलमा पनि नेपालले उही भारतसँगै हार आत्मसात् गर्नुपर्‍यो । यो कति नमीठो हार थियो भने खेल सकिएलगत्तै नेपाली टिमका प्रशिक्षक हरि खड्काले राजीनामा दिए । त्यति मात्र होइन, केही सिनियर खेलाडीले संन्यासको घोषणा पनि गरे । उनीहरू कसैले पनि भारतलाई हराएर स्वर्ण जित्ने सपना पूरा गर्न सकेनन् ।






# तेक्वान्दो र कराँतेको खुसी

दक्षिण एसियाली खेलकुदमा नेपालका लागि सबैभन्दा बढी स्वर्ण प्रदान गर्ने दुई मार्सल आर्टसका खेल हुन्– तेक्वान्दो र कराँते । भारतमा भएको पछिल्लो सागमा नेपालले तेक्वान्दोतर्फ कुनै पनि स्वर्ण जित्न सकेन । त्यस सागमा कराँतेलाई समावेश पनि गरिएको थिएन । एक प्रकारले भन्दा दुवै खेलको साग गिर्दो थियो । यस्तोमा यसपल्टको सागमा दुवै खेललाई समान चुनौती थियो, राम्रो नतिजा निकाल्ने । दुवै खेल यसमा धेरै हदसम्म सफल पनि रहे ।

यसपल्टको सागको सुरुमै यी दुई खेलका प्रतिस्पर्धा राखिएको थियो र नेपाल यिनै दुई खेलमा टिकेर सुखद सुरुवात लिन सफल रह्यो । तेक्वान्दोमा नेपालले कुल १२ स्वर्ण, ६ रजत र ११ कांस्य जित्न सफल रह्यो भने कराँतेबाट नेपालले हात पारेको कुल पदक संख्या यस्तो रह्यो, १० स्वर्ण ४ रजत र ५ कांस्य । यी दुई खेलका स्वर्ण विजेतामध्ये अधिकांशको चर्चा यसअघिको अंकमै भइसकेको छ । बाँकी स्वर्ण जित्ने खेलाडी यस प्रकार छन् :

### तेक्वान्दो

**काजल श्रेष्ठ**

तेक्वान्दोबाट भित्रिएका स्वर्णमध्ये सबैभन्दा गर्व लायक पदक रह्यो, काजल श्रेष्ठका नाममा । उनले स्वर्ण पदकसम्मको यात्राका लागि कडा चुनौती सामना गर्नुपरेको थियो । काजलले महिला ४६ केजीमुनिको तौल समूहमा पाकिस्तानकी सायद मिड्जा बटुललाई ५०-१४ ले हराइन् । यस क्रममा काजलको प्रदर्शन गर्व गर्न लायकको थियो ।

**वीरबहादुर महरा**

यी तेक्वान्दो खेलाडी वीरबहादुर महरासँग पछिल्लो सागको पनि अनुभव थियो, तर त्यसमा स्वर्ण पदक थिएन । यही पदकको लोभमा उनले पछिल्ला केही वर्ष निकै कडा मेहनत गरे र यसपल्ट वास्तवमै यो स्वर्णलाई चुम्न सफल रहे । उनले यसका लागि पुरुष ६८ केजी तौल समूहको फाइनलमा पाकिस्तानका मोहम्मद फहिमलाई ४१-३६ ले हराए ।

**संगीता बस्याल**

आकर्षक व्यक्तित्वकी धनी छिन्, संगीता बस्याल । उनको खेल पनि त्यसै व्यक्तित्वअनुसार मिल्छ पनि । संगीताले आफू अब्बल दर्जाका खेलाडी साबित गर्ने क्रममा स्वर्ण पदक जित्न सफल रहिन् । यसका लागि उनले महिला ६३ केजी तौल समूहमा भारतकी गगनजोत गिललाई १९-८ ले हराइन् ।

**सक्षम कार्की**

सक्षम कार्की निकै भाग्यमानी खेलाडी रहे, किनभने उनले जितेको स्वर्ण दक्षिण एसियाली खेलकुदको इतिहासमै नेपालले जितेको सयौं स्वर्ण रह्यो । उनी पुरुष ८७ केजी तौल समूहमा भिडेका थिए र यस क्रममा उनले फाइनलमा पाकिस्तानी खेलाडी वाक अलि शाहलाई सजिलै २७-९ ले पराजित गरे ।

**भुपेन श्रेष्ठ**

तेक्वान्दोबाट आएको अन्तिम स्वर्ण भुपेन कार्कीको नाममा रह्यो । उनले ८७ केजी तौल समूहको भिडन्तमा भारतीय खेलाडीलाई पराजित गरे र स्कोर थियो, २९-२७ । तेक्वान्दोमा प्राप्त जति पनि स्वर्ण पदक छन्, त्यसमध्ये सर्वाधिक कडा मेहनतबाट प्राप्त पदक यो पनि रह्यो । फाइनलका अनेक मोडमा भुपेनमाथि भारतीय खेलाडी हाबी भएको पनि देखियो, तर अन्त्यमा खुसी मनाउने पालो उनकै रह्यो ।

### कराँते

**नवीन रसाइली**

नेपाली कराँतेमा लामो समयदेखि सक्रिय खेलाडीमा पर्छन्, नवीन रसाइली । त्यसैले उनीबाट स्वर्णको अपेक्षा पनि थियो र उनले आफ्ना समर्थकलाई निराश पनि पारेनन् । उनले स्वर्णका लागि भएको पुरुष ६७ केजी तौल समूहको भिडन्तमा पाकिस्तानका मोहम्मद नासिरलाई ८-६ ले पराजित गरे ।

**सुनिता महर्जन**

नेपाली कराँतेका नयाँ पुस्ताकी खेलाडी हुन्, सुनिता महर्जन । कीर्तिपुरकी यी खेलाडीले स्वर्ण जितेयता आफ्ना बुबासँग अँगालो मार्दा खिचिएको तस्बिर खुबै भाइरल बन्यो । उनले महिला ६८ केजी तौल समूहमा भिडेकी थिइन् र फाइनलमा पराजित गरिन्, पाकिस्तानी खेलाडी कुलसुमलाई । स्कोर रह्यो, ८-२ ।

**अनुपमा मगर**

कराँतेबाट अन्तिम स्वर्ण अनुपमा मगरबाट प्राप्त भयो । उनी पूर्व माओवादी छापामार हुन् । त्यसयता उनी खेल क्षेत्रमा लागिन् र अहिले स्वर्ण पदक जित्न सफल खेलाडी बनिन् । उनले महिला ६८ केजीमाथिको तौल समूहमा पाकिस्तानी खेलाडी नरगिसलाई ६-३ ले हराइन् । यसअघि उनले श्रीलंकाली खेलाडी कुलथुंगा बान्द्रामाथि पनि उत्तिकै प्रभावशाली जित निकालेकी थिइन् ।



# बक्सिङमा फर्केको इतिहास

कुनै समय थियो, जति बेला नेपाली खेलकुदमा सबैभन्दा लोकप्रिय र सफल खेलमा पर्थ्यो, बक्सिङ । दक्षिण एसियाली खेलकुदमा मात्र होइन, एसियाली खेलकुदमै पनि पदक भित्रिने खेल थियो यो । तर, पछिल्लो समय यसले आफ्नो साख कायम राख्न सकेन । यसको लोकप्रियता मात्र ओरालो लागेन, बरु यसका खेलाडीले पाउने सफलता पनि कमजोर हुन थाल्यो । यस्तोमा १३ औं दक्षिण एसियाली खेलकुद नै एक मात्र यस्तो अवसर थियो, जहाँ पुरानो इतिहास फर्काउन सक्ने अवस्था थियो ।

यसको एउटा कारण त प्रतियोगिता आफ्नै भूमिमा भइरहेको थियो, तर यो सजिलो काम पनि थिएन, किनभने भारतले प्रतियोगितामा आफ्नो बलियो टिम उतारेको थियो । त्यसैले भारतलाई उछिन्न सकिएन भने स्वर्ण पदक जित्ने आस कमजोर हुने थियो । यी सबैबीच नेपालले ३ स्वर्ण जित्यो । नेपालले अन्तिम पटक सन् १९९९ मै काठमाडौंमा भएको दक्षिण एसियाली खेलकुदकै बेला स्वर्ण जितेको थियो । त्यसपछि नेपाल बढीमा रजत पदकमै सीमित रह्यो ।

नेपालको यो सफलता पछाडि एउटा कारण प्रतियोगिता अगाडि थाइल्यान्डमा बिताएको दुई महिना पनि रह्यो । त्यसैले नेपालले यसपल्ट बक्सिङबाट ३ स्वर्ण मात्र होइन, ६ रजत र ६ नै कांस्य पनि जित्न सफल रह्यो । प्रशिक्षक प्रकाश थापामगरको भनाइलाई आधार मान्ने हो भने यो सन्तोष मान्न मिल्ने उपलब्धि नै हो ।

### मीनु गुरुङ

नेपाली बक्सिङमा मीनु गुरुङको नाम धेरै पछिसम्म पनि सम्झिने छ, किनभने उनी नै त्यस्तो पहिलो महिला बक्सर भएकी छिन्, जसले दक्षिण एसियाली खेलकुदमा पहिलो स्वर्ण जितिन् । त्यसो त उनी नेपालका अनुभवी खेलाडी नै थिइन् । पछिल्लो सागमा पनि उनी सहभागी थिइन् र कांस्य पदकमै सीमित भइन् । त्यही बेला उनले ईख साँचेका थिए, स्वर्ण जित्ने । यसपल्ट उनी आफ्नो सपना पूरा गर्न सफल रहिन् । महिला ५४ केजीमुनिको तौल समूहमा उनले हराइन्, भारतकी शिक्षालाई लगभग सजिलै हराइन् ।

### भूपेन्द्र थापा

पुरुष बक्सिङमा स्वर्ण पदकको खडेरीलाई अन्त्य गर्ने काम गरे, भूपेन्द्र थापाले । सन् १९९९ मा नेपालले अन्तिम पटक पुरुषतर्फको विधामा स्वर्ण जितेको थियो । त्यसयता दुई दशक बितिसकेका छन् र अहिले त्यसबाट नयाँ इतिहास रच्ने काम गरे, भूपेन्द्रले । उनको पनि फाइनल प्रतिद्वन्द्वी भारतीय नै थिए, मनिष कौशिकका रूपमा । उनले यो सफलता ६४ केजीमुनिको तौल समूहमा प्राप्त गरेका हुन् । उनले नजितेको भए, डर थियो, कतै भारतीय खेलाडीको एकछत्र राज हुने त होइन ?

### सनिल शाही

नेपाली बक्सिङका सबैभन्दा कान्छा खेलाडीमा पर्छन्, सनिल शाही । उनी नै नेपालका लागि ५० औं स्वर्ण दिलाउने खेलाडी रहे । भर्खर २१ वर्ष छोएका सनिलले स्वर्णका लागि भएको ६० केजी तौलमुनिको भिडन्तमा भारतका वरिन्दर सिंहलाई हराएका हुन् । उनका भारतीय प्रतिद्वन्द्वी खेलाडी निकै अनुभवी र बलिया थिए, तर घरेलु समर्थक अगाडि सनिलले चलाखीपूर्ण प्रदर्शन गरे ।



13th SOUTH ASIAN GAMES-2019

# नचिताएको सफलता

यसपल्टको दक्षिण एसियाली खेलकुद सुरु हुनुअगाडि सबैभन्दा कम चर्चा पाएको खेल थियो– एथलेटिक्स । यसको स्पष्ट कारण पनि थियो, एथलेटिक्सबाट पदक आउने सम्भावना कम थियो । प्रतिस्पर्धा सुरु हुनु ठीक अगाडि खेल आफैं गलत कारणले चर्चामा आयो । महिला ४ सय मिटर दौडकी खेलाडी तुलसा खत्री टिम छाडेर कतारमा पलायन भइन् । यसअघि व्यक्तिगत कारणले कृष्ण बस्नेतले पनि म्याराथनबाट आफ्नो नाम फिर्ता लिए ।



यी दुवै खेलाडीबाट पदकको आस थियो । यस्तोमा नेपाली एथलेटिक्समा एक प्रकारको निराशा छाएको थियो, तर जति बेला प्रतिस्पर्धा सुरु भयो, एथलेटिक्सले नेपाली खेलकुदका लागि राम्रै समाचार दियो । नेपालले एथलेटिक्सबाट समग्रमा ३ स्वर्ण, १ रजत र ४ कांस्य हात पार्न सफल रह्यो । सबैभन्दा पहिले स्वर्ण पदक दिलाउने खेलाडी थिइन्, महिला १० हजार मिटर दौडमा सन्तोषी श्रेष्ठ । यसलाई नेपाली एथलेटिक्सले आत्मसात् गरेको अहिलेसम्मकै सबैभन्दा ठूलो सफलतामध्ये एक मान्न सकिन्छ ।

कुनै पनि ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले स्वर्ण जितेको यो नै पहिलो पल्ट हो । एथलेटिक्सबाट प्राप्त दोस्रो स्वर्ण गोपीचन्द्र पार्कीको नाममा रह्यो । उनले पुरुष ५ हजार मिटरमा दौडमा स्वर्ण जिते । पुरुषतर्फ यसअघि एथलेटिक्सले दक्षिण एसियाली खेलकुदमा जितेका पाँच स्वर्ण सबै म्याराथनबाट थियो । सन् २००६ को कोलम्बो सागमा नेपालका लागि राजेन्द्र भण्डारीले मध्यम लामो दूरीको दौडमा २ स्वर्ण जिते पनि त्यो पछि खोसियो । राजेन्द्र शक्तिवर्द्धक प्रतिबन्धित औषधी प्रयोग गरेको आरोपमा समातिए ।

यस्तोमा गोपीचन्द्रको स्वर्ण पनि ऐतिहासिक रह्यो । उत्तिकै उल्लेखनीय पदक म्याराथनबाट प्राप्त भयो । सन् १९९५ मा टीका बोगटीले मद्रासमा जितेको स्वर्ण नै म्याराथनबाट प्राप्त अन्तिम थियो । राजेन्द्रले नै सन् २०१० मा यसै विधामा स्वर्ण त जिते, तर पछि यसलाई रोड रेसको मात्र मान्यता दिइएको थियो । यस्तोमा किरणसिंह बोगटीले यस विधाबाट प्राप्त स्वर्णको अलगै महत्त्व रह्यो । महिला म्याराथनमा पुष्पा भण्डारीको रजत पनि उत्तिकै ऐतिहासिक रह्यो ।

### सन्तोषी श्रेष्ठ

दशरथ रंगशालामा भएको महिला १० हजार मिटर दौडको अन्तिम २५ मिटरसम्म अगाडि थिइन् । लागिहेको थियो, अब स्वर्ण आउने भयो । तर अप्रत्याशित रूपमा सन्तोषीलाई भारतकी कविता यादवले उछिनिन् । कविताले सन्तोषीको बाटो छेक्ने प्रयास पनि गरिन् । तर फोटो फिनिसका रूपमा सकिएको दौडमा सन्तोषी नै पहिलो भइन् । सन्तोषीले कवितालाई उछिनेको समय मिलिसेकेन्ड मात्र रह्यो । उनले निकालेको समय थियो, ३५ मिनेट ७ दशमलव ९४ सेकेन्ड ।

### गोपीचन्द्र पार्की

पुरुष ५ हजार मिटर दौडमा गोपीचन्द्र पार्कीले सुरुदेखि अग्रता कायम राखेका थिए र त्यसलाई अन्त्यसम्म कायम राख्न पनि सफल रहे । त्यो अर्थमा उनले मज्जाले दौड जिते । कोलम्बो सागमा राजेन्द्र भण्डारीको स्वर्ण पदक खोसिँदा उनलाई लागेको थियो, जे जति भयो राम्रो भएन । त्यही बेला उनले राजेन्द्रको ५ हजार मिटर दौडमा खोसिएको पदक फिर्ता ल्याउने सपना बुनेका थिए । उनले यसपल्ट दौड १४ मिनेट ४४ दशमलव ३४ सेकेन्डमा पूरा गरे ।

### किरणसिंह बोगटी

म्याराथनमा पहिलो रोजाइका खेलाडीको अनुपस्थितिमा नेपालले पदकको आस पनि गरेको थिएन् । किरणसिंह बोगटीका रूपमा नेपालले दोस्रो रोजाइका खेलाडी उतारेको थियो । कसैले छाडेको अवसर कसैका लागि उसको जीवनको सबैभन्दा निर्णायक मोड हुनसक्छ । किरणसिंहका लागि पनि यस्तै भयो । उनले ४२ दशमलव १३५ किलोमिटर लामो दौडमा सुरुदेखि अग्रता लिए र त्यसलाई अन्त्यसम्म कायम राखे । उनले निकालेको समय दुई घण्टा २१ मिनेट १७ सेकेन्ड रह्यो ।

# महिलातर्फ ऐतिहासिक सफलता

**दक्षिण एसियाली खेलकुद इतिहासमा नेपालका लागि सबैभन्दा बढी पदक भित्र्याएको खेलमा पर्छ, भारोत्तोलन । तर यो पदकको थुप्रोमा स्वर्ण पदक भने १ मात्र छ, यसपल्टको सागभन्दा अगाडि । कमल अधिकारीको नाममा छ, त्यो स्वर्ण । त्यसैले यसपल्टको साग सुरु हुँदा नै प्रश्न थियो, रजत र कांस्यको उपलब्धि केही हुनेछैन, जति बेलासम्म स्वर्ण जित्न सकिन्न । नभन्दै नेपालले २ स्वर्ण जित्यो र यसलाई ऐतिहासिक उपलब्धि भन्न कर लाग्छ नै ।**



### सन्जु चौधरी

सन्जु चौधरीको सबैभन्दा ठूलो उपलब्धि हो, उनी नेपाली भारोत्तोलनमा स्वर्ण जित्ने पहिलो नेपाली महिला खेलाडी हुनु । केही समययता घरेलु प्रतिस्पर्धामा उनले लगातार राम्रो गरिरहेकी थिइन् र त्यस अर्थमा उनीबाट यत्तिको प्रदर्शन अपेक्षितजस्तै थियो । उनले महिला ५९ केजी तौल समूहमा श्रीलंकाली खेलाडीलाई उछिनेर स्वर्ण हात पारेकी हुन् । सन्जुले स्न्याचमा ७४ र क्लिन एन्ड जर्कमा ९७ सहित कुल १ सय ७१ केजी तौल उठाइन् ।

### विकास थापा

कमल अधिकारीले १३ वर्षअगाडि कोलम्बोमा जस्तो सफलता चुमेका थिए, त्यत्तिकै बराबरको सफलता आत्मसात् गर्ने खेलाडी रहे– विकास थापा । उनी नेपालका लागि पुरुषतर्फ भारोत्तोलनमा स्वर्ण जित्ने दोस्रो खेलाडी मात्र रहे ।

उनले भारतमा भएको सागमा रजत पदकमै चित्त बुझाएका थिए, यसपल्ट यसमा सुधार गर्न सफल रहे । उनले स्वर्ण पदकका लागि पुरुष ८९ केजी तौल समूहमा स्न्याचमा १ सय २३ र क्लिन एन्ड जर्कमा १ सय ४६ गरेर कुल २ सय ६९ केजी उठाए ।

# सुधारिएको प्रदर्शन

**उसुले दक्षिण एसियाली खेलकुदमा धेरै पछि मात्र प्रवेश पाएको हो, सन् २००६ मा कोलम्बोमा भएको सागयता । त्यस प्रतियोगितापछि नेपालले उसुबाट नियमित जस्तै स्वर्ण पदक जितिरहेको छ । भारतमा भएको पछिल्लो सागमा जितेका ३ स्वर्णमध्ये १ नेपालले उसुबाटै प्राप्त गरेको थियो । यी सबै पृष्ठभूमिमा नेपालले यसपल्ट उसुमा सुधारिएको प्रदर्शन गरेर पाँच स्वर्ण जित्न सफल रह्यो । त्यो अर्थमा उसुमा नेपालले अपेक्षित प्रदर्शन गर्न सफल नै रह्यो ।**



### विजय सिन्जाली

विजय सिन्जालीले पुरुष थाउलो छ्यानक्वानमा स्वर्ण जिते र यसका लागि तरवाररहित गरिने कला प्रदर्शनीमा ९ दशमलव ४८ अंक प्राप्त गरे । उनले पहिलो स्थानका लागि बंगलादेशका मोहम्मद ओमार र श्रीलंकाका भौभ्य प्रभाकरलाई पछाडि छाडेका हुन् । ओमारको ९ दशमलव ३४ अंक रह्यो भने प्रभाकरले ९ दशमलव १३ अंक प्राप्त गरे ।

### सुस्मिता तामाङ

नेपाललाई उसुबाट दोस्रो स्वर्ण भित्र्याउने काम सुस्मिता तामाङले गरिन् । उनले महिला थाउलो छ्यानक्वानमा यो प्रदर्शन प्राप्त गरेकी हुन् । सुस्मिताले ९ दशमलव ४४ अंक प्राप्त गरिन् । रजत जितेकी बंगलादेशकी नुर बहार बेगमले ८ दशमलव ५५ अंक जितिन् भने तेस्रो भएकी श्रीलंकाली खेलाडी थाव बाग्सालाको नाममा ७ दशमलव ५३ अंक रह्यो ।

### दीपक हमाल

उसुबाट प्राप्त तेस्रो स्वर्ण दीपक हमालको नाममा रह्यो । उनले नानसानको अलराउन्डमा आफ्नो चुनौती पेस गरेका थिए र स्वर्ण जित्ने क्रममा १९ दशमलव ३२ अंकको प्रदर्शन गरे । भारतका साजन लामाले रजत जिते र उनले १९ दशमलव १२ अंक ल्याए । तेस्रो हुने बंगलादेशका मोहमद अमिर हुसेनले भने १७ दशमलव १८ अंक बटुले ।

### निमा घर्तीमगर

नेपाली उसुको सबैभन्दा ठूलो नाम हुन्, निमा घर्तीमगर । उनले पछिल्लो सागमा पनि स्वर्ण जितेकी थिइन्, अहिले पनि त्यस्तै प्रदर्शन दोहोऱ्याइन् । महिला थाउलो नान्दोमा उनले १८ दशमलव १९ अंक प्राप्त गरिन् र स्वर्ण जितिन् । उनले त्यसका लागि १६ दशमलव ३ अंक ल्याएकी बंगलादेशकी मोर्जिना अख्तरलाई दोस्रो स्थानमा छाडिन् । तेस्रो हुने श्रीलंकाकी संजु कुमारीले १४ दशमलव ७९ अंक ल्याइन् ।

### जुनी राई

उसुमा फाइटबाट एक मात्र स्वर्ण दिलाउने खेलाडी रहिन्, जुनी राई । त्यो अर्थमा उनले उसुमा जितेको स्वर्णको विशेष अर्थ रह्यो । उनले सान्डा सान्सौको ५६ केजी तौल समूहमा श्रीलंकाली खेलाडी मदुमालीलाई सजिलै हराइन् । फाइनलको स्कोर जुनीको पक्षमा २-० रह्यो ।

# गृहमैदानको फाइदा के ?



विकसित राष्ट्रहरू विश्वकप, ओलम्पिक, युरो आदिजस्ता ठूला प्रकृतिका खेलकुद प्रतियोगिता आयोजना गर्न किन प्रतिस्पर्धा गर्छन् ? यो प्रश्नको उत्तर विभिन्न कोणबाट दिन सकिन्छ। राजनीतिक दृष्टिकोण राखेर उत्तर दिँदा यस्ता प्रतियोगिताको आयोजनाले देशको समृद्धिलाई विश्वभर फैलाउन मद्दत गर्छ भन्ने हुन्छ। आर्थिक दृष्टिकोणले उत्तर दिँदा यस्ता किसिमका प्रतियोगिता आयोजना गर्दा देशले ठूलो लगानी गर्छ, व्यापारीहरूले नाफा कमाउन प्रशस्त खर्च गर्छन् भन्ने हुन्छ। स्थानीय स्तरमा यही प्रश्न सोध्ने हो भने ठूला प्रतियोगिताको आयोजनाले उक्त क्षेत्रमा खेलकुदका पूर्वाधारहरू तयार हुन्छ भन्ने हुन्छ। यही प्रश्न खेलाडीहरूलाई सोध्ने हो भने उनीहरू आफ्नो गृहमैदानमा खेल्दा सफलता हात पार्ने सम्भावना धेरै गुणा बढ्छ भन्छन्।

यी सबै कारणहरू आ-आफ्नो तर्कमा जति बलिया भए पनि धेरै देशको ध्याउन्न कुनै न कुनै खेलकुद प्रतियोगिता आफ्नो देशमा आयोजना गर्ने भन्ने नै हुन्छ। विश्वकप फुटबल जसलाई विश्वको सर्वाधिक हेरिने खेलकुद प्रतियोगिताका रूपमा हेरिन्छ। यो खेलकुद प्रतियोगिताको २१ औं संस्करण आयोजना भइसकेको छ। विश्वकप फुटबल प्रतियोगिताको विगत हेर्ने हो भने यो प्रतियोगिता आयोजना गर्दा आयोजकले ६ पटक विश्वकप जितेका छन् भने दुई पटक उपविजेता रहेको इतिहास देखिन्छ।

विश्वकप फुटबललाई आधार मान्ने हो भने अरू खेलकुद प्रतियोगिताहरूमा पनि आयोजक राष्ट्रले उल्लेख्य सफलता आफ्नो देशमा प्रतियोगिता आयोजना गर्दा पाउने गर्छन्। हालै सम्पन्न भएको १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता सागलाई नै हेर्ने हो भने नेपालले यसपटक सर्वाधिक ५१ स्वर्ण पदक जित्न सफल भयो। यसअघि सन् १९९९ मा आयोजना भएको आठौं साग प्रतियोगिता नेपालमै आयोजना हुँदा नेपालले ३१ स्वर्णको सफलता हात पारेको थियो। आठौंदेखि १३ औं सागको तुलना गर्दा नेपालले यो प्रतियोगिता अन्य राष्ट्रमा आयोजना हुँदा आफ्नो सफलतालाई बढाउँदै लैजान सक्नुपर्ने थियो। तर, त्यो हुन सकेको छैन, जसका कारण नेपाललाई साग प्रतियोगितामा उल्लेख्य सफलता हात पार्न आफ्नो गृहमैदानकै प्रतीक्षा गर्नुपर्ने भएको छ।

यही साग प्रतियोगितामा नेपालका खेलाडीले जितेका स्वर्ण पदक दर्शककै समर्थनले गर्दा भएको धेरैले अभिव्यक्ति दिए। सबैभन्दा रोचक पक्ष उसुको सेमिफाइनलमा देखियो। ६० किलोग्राम तौलसमूहमा बंगलादेशका खेलाडीसँग भिडन्त गरिरहेका मंगल थारुको दोस्रो राउन्डमा खेल्दा खुट्टा भाँचियो। 'खेल्दाखेल्दै खुट्टा चसक्क गर्‍यो, कतै भाँचियो कि भन्ठानें, तर दर्शकको हौसला मतर्फ भएका कारण मैले त्यो पीडा बिर्सेर अन्तिम राउन्ड खेलेर जित निकालें। स्वर्ण पदक जित्ने मेरो योजना सेमिफाइनल जितेपछि नै तुहियो, नभन्दै मेरो खुट्टा भाँचिएको रहेछ। दर्शकको हौसलाले गर्दा नै रजत पदक जित्न सके,' मंगल भन्छन्। यही सागमा सर्वाधिक पदक जित्ने खेलाडी बनेकी गौरिका सिंहले आफूले जितेको पहिलो स्वर्ण नेपाली दर्शकप्रति समर्पित गरिन्। म्याराथनमा स्वर्ण पदक जितेका किरणसिंह बोगटी सागको मार्चपासमा नेपाली दर्शकहरूले गरेको स्वागतबाट आफू ऋणी बनेको र त्यसकै गुण तिर्नका लागि पनि स्वर्ण पदक जित्ने हौसला प्राप्त भएको बताउँछन्।

सागकै एक फुटबल खेलमा नेपाली खेलाडी माल्दिभ्ससँग १-० ले पछि परेका थिए। नेपाली दर्शकको हौसलाका कारण नेपाली खेलाडीले अन्तिम नतिजा २-१ को जितमा परिणत गरे। टिमका गोलकिपर विकास कोथुले आफ्नो गृहमैदानमा यति धेरै दर्शकको अगाडि धेरै वर्षपछि खेल्न पाएका कारण हौसला धेरै नै बढेको प्रतिक्रिया दिए। यस्ता किसिमका उदाहरण यस सागमा धेरै नै देखियो। आखिर एउटा प्रश्नको उत्तर भने अझै अनुत्तरित नै छ, के दर्शकको समर्थनले सफलता हात पर्छ त ?

यो विषयमा खेलअनुसार विभिन्न खेलको सर्वेक्षण भएका छन्, जसमा दर्शकहरूको पूर्ण साथ हुँदा खेलाडीहरूको खेल्ने शैलीमा भन्दा उनीहरूको क्षमतामा ५० प्रतिशत वृद्धि हुन्छ भनेका छन्। कुनै पनि रंगशाला जसको क्षमता ५० हजारभन्दा बढी हुँदा र त्यहाँ रहेका ८० प्रतिशत दर्शकले पूर्ण समर्थन गर्दा खेलाडीहरूको क्षमतामा उक्त वृद्धि भएको जनाइएको छ। कतिपय खेलाडीलाई गृहमैदानमा हुने दर्शकको चिच्याहटले हतास गर्ने गरेको पनि सर्वेक्षणमा पाइयो। यस्ता चिच्याहटले उनीहरूको उत्साह बढ्नु भन्दा आफूमा भएको कौशलले पनि सही समयमा काम गर्न नसकेको देखाएको छ।

गृहमैदानको दर्शकको चिच्याहट वा आफ्नो टिममा गरेको अत्यधिक समर्थनले रेफ्रीहरूलाई पनि हतास गर्ने गरेको पाइयो। कतिपय अवस्थामा गृह टिमको सपोर्ट गर्ने दर्शकको अत्यधिक चिच्याहटका कारण रेफ्रीहरूले गृह टिमको विपक्षमा गर्नैपर्ने निर्णयहरू पनि लिन नसकेको देखिन्छ भने कतिपय अवस्थामा विपक्षीलाई दिनै नपर्ने निर्णय पनि दिनुपर्ने बाध्यतामा हुन्छन्। त्यसैले विश्वको खेलकुद क्षेत्रमा फुटबलमा दर्शकलाई सधैं १२ औं खेलाडीका रूपमा हेरिन्छ। किनकि उनीहरूको उपस्थिति र समर्थनले खेलको परिभाषा पनि कहिलेकाहीं परिवर्तन गर्न सक्ने देखिन्छ।



# दर्शक मैदानबाहिरका खेलाडी नै हुन्

■ राजुकाजी शाक्य
राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान एवं प्रशिक्षक

कुनै पनि खेलकुद प्रतियोगितामा खेलाडीहरूलाई गृहमैदान वा घरेलु दर्शकको प्रशस्तै फाइदा हुन्छ। यो कुरालाई खेलाडीले मात्र नभएर देशले र आयोजना गर्ने सहरले पनि बुझेका हुन्छन्। त्यही भएर त सबै देशले कुनै न कुनै खेलकुद प्रतियोगिता आयोजना गर्न होड नै गर्छन्। भौतिक पूर्वाधार नभएका देशका कुरा छोडौं, हालै भएको साग खेलकुद प्रतियोगितालाई नै हेरौं न, यो क्षेत्रको साग सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हो। यो खेलकुद प्रतियोगिता आयोजना गर्न यो क्षेत्रका धेरै राष्ट्रलाई आर्थिक रूपमा गाह्रो भए पनि आफ्नो गृहमैदान र घरेलु दर्शकको बढी सफलता पाउने मौका मिल्छ भनेरै आयोजना गर्छन्।

साग प्रतियोगिताकै कुरा गर्दा यो खेलकुद प्रतियोगिता आयोजना गर्दा हामीले बढी पदक जितिरहेको पदक तालिकामा देख्छौं। जस्तो आठौं साग नेपालले आयोजना गर्दा ३१ स्वर्ण पदक जित्यो। त्यसपछिका साग प्रतियोगितामा हामीले स्वर्ण सफलताको यो संख्यालाई बढाउन त सकेनौं नै, छेउछाउसम्म पनि पुग्न सकेनौं। यो हुनुमा खेलकुदप्रतिको रणनीति नहुनु मुख्य कारण भए पनि नेपाली खेलाडीहरूले गृहमैदानमा खेल नभएका कारण पनि स्वर्ण पदक जित्न नसकेका हुन्। अहिले १३ औं साग नेपालमा आयोजना भयो, जसमा नेपाली खेलाडीहरूले गृहमैदानमा घरेलु दर्शकको साथ पाएर पदक संख्या ५१ पुर्‍याए। यसमा उनीहरूले खेलेर जित्नु त छँदै छ, त्योभन्दा बढी फाइदा गृहमैदानमा आफ्नै दर्शकको समर्थनले पनि हो।

कुनै पनि खेलाडीलाई गृहमैदानमा खेल्दा किन बढी फाइदा हुन्छ भने त्यहाँ आउने अधिकांश दर्शकको साथ र समर्थन राष्ट्रिय टिमका खेलाडीहरूलाई हुने गर्छ। एकल खेल होस् वा टिम गेम, जेमा भए पनि दर्शकको हौसलाले धेरै नै काम गरिरहेको हुन्छ। कुनै प्रतियोगिता खेल्नुभन्दा अगाडि खेलाडी मैदानमा छिर्दा दर्शकको उत्साहले खेलाडीहरूको जोस-जाँगरलाई ह्वात्तै बढाउँछ। कुनै पनि प्रतियोगितामा खेल्न जाने खेलाडीलाई यो खेल जित्छु वा जित्नैपर्छ भन्ने दबाब भइरहेको हुन्छ। जब दर्शकले समर्थनमा चिच्याउन थाल्छन् शरीरको रौं नै सिरिङ्ग भएर आउँछ। यसले हाम्रो खेल्ने शैलीलाई परिवर्तन गर्न सक्दैन, तर उनीहरूको उत्साहले हाम्रो क्षमता भने बढाइरहेको हुन्छ। जस्तो बल खोस्नुपर्छ भन्ने थाहा हुन्छ, जानुपर्छ भन्ने पनि थाहा हुन्छ। यस्तो बेलामा दर्शकले उत्साह बढाउन थालेपछि शरीर थाके पनि जोस कताबाट आउँछ कताबाट, थाहै हुँदैन। जस्तो, १३ औं सागमा नेपाल माल्दिभ्ससँग १-० ले पछि परेको थियो। त्यत्रा दर्शक उत्साहित भएका कारण पनि नेपाली टिमलाई कमब्याक गर्न सफल भयो। दर्शकको यो कामले हामीलाई कसरी फाइदा गर्छ भन्ने कुरा भन्नै सकिँदैन। उनीहरू मैदानबाहिरका खेलाडी नै हुन्।

तुलनात्मक रूपमा नेपालमा धेरै दर्शकको उपस्थिति हुने खेल भनेकै फुटबल हो। हाम्रो खेल करिअरमा रंगशाला भरिएर रंगशालावरिपरिका अग्ला घरका छत र रूखमा समेत दर्शक हुन्थे। राष्ट्रिय टिमको खेल भयो भने त होटलदेखि नै दर्शक हौसला बढाउन तयार भएर बसेका हुन्थे। रंगशालाबाहिर पनि त्यत्तिकै दर्शक हुन्थे भने भित्र त थामि नसक्नु नै हुन्थ्यो। यो हौसलाले हाम्रो शरीरमा के कारणले यस्तो किसिमको जोस देखा पर्थ्यो कि कहिले गेम सुरु होला र जितेर देखाउला जस्तो हुन्थ्यो। मैदानभित्र छिरेपछि कुनै दर्शकले व्यक्तिगत रूपमा चिच्याएको हामी सुन्दैनथ्यौं। ठूलो आवाजमा 'नेपाल ! नेपाल !' भनेको मात्र सुन्थ्यौं। हौसला बढाउन दर्शक जति जोस्सिन्थे, आफ्नो समर्थन गरेको टिमले गोल खाएपछि गाली गर्न पनि त्यत्ति नै आतुर हुन्थे। हाम्रो त खेलाडीहरू यताउता कुदिरहेका कारण त्यो कुरामा ध्यान नै पुग्दैन, खेलले दबाब सिर्जना गरिरहेको हुन्छ। पछि पर्नुको कारण खेलाडीले भन्दा पनि गोलकिपरले भएको हो भन्ने कुरा दर्शक ठम्याउँछन् अनि गोलकिपरलाई गाली गर्न थाल्छन्। गोलकिपर एकै स्थानमा हुने हुँदा दर्शकले गरेको गाली थाहा पाउँथे। हाम्रो पालाका एक चर्चित गोलकिपर त दर्शकको गाली सहन नसकेर कुट्न समेत गएका थिए। हुन पनि त्यो बेलामा अहिलेको जस्तो खेलेर पैसा आउँदैनथ्यो। आफ्नो घरको मानो खाएर खेल्नुपर्ने अवस्था थियो। त्यस्तो अवस्थामा पनि गाली खानुपर्ने अवस्था आएपछि खेलाडीहरू पनि सामान्य दर्शकजस्तै बन्थे।

कुनै पनि खेलमा आउने दर्शकले दुई किसिमले फाइदा गरिरहेका हुन्छन्। एउटा उनीहरूको समर्थनले हौसला बढाइरहेको हुन्छ भने अर्को उनीहरू खेल हेर्न आउँदा काटेको टिकटबाट आएको पैसाको केही भाग खेलाडीले पनि पाउँछन्। विदेशमा यो कुरा परम्पराका रूपमा बसेको छ भने हामीकहाँ यो किसिमको सोचाइ अझै आउन सकेको छैन, जसका कारण हाम्रो खेलकुदका धेरै क्षेत्र पछि परेका पनि हुन्।

जाँदाजाँदै



तस्बिर : नवराज बारले

# 'चौधौं साग चुनौतीपूर्ण हुनेछ'

विगत ४० वर्षदेखि नेपाली खेलकुद क्षेत्रसँग जोडिएका सुशीलनरसिंह राणा एथलेटिक्सको खेलाडी हुँदै अन्तर्राष्ट्रिय प्रशिक्षकसमेत भए । लामो समय नेपालको एथलेटिक्स खेलमा मध्यम र लामो दूरीको दौडको प्रशिक्षण गराउँदै आएका राणा १३ औं सागमा राष्ट्रिय टिम तयारी समितिको प्राविधिक विज्ञ सदस्य पनि हुन् । राणासँग साप्ताहिकका मुकुन्द बोगटीले जम्काभेट भएका बेला गरेको कुराकानी :

**समष्टिमा १३ औं साग प्रतियोगिता कस्तो रह्यो ?**

१३ औं साग आयोजनामा जुन किसिमको अन्यौलता थियो, त्यसका बाबजुत पनि नेपालले आयोजना गऱ्यो र अहिलेसम्मकै सर्वाधिक स्वर्ण पदक जित्न सक्यो । त्यो दृष्टिकोणबाट हेर्ने हो भने यो साग नेपाली खेलकुदको क्षेत्रमा स्वर्ण अक्षरले नै लेख्नुपर्ने प्रतियोगिता भएको छ ।

**आयोजनाको पक्षबाट हेर्दा हामी कति कुरामा सफल भयौं र कुन कुरामा असफल भयौं ?**

साग प्रतियोगिता आयोजना र खेलाडी तयारी जुन अवस्थाबाट गुज्रिरहेको थियो, त्यो अवस्थालाई राखेपका सदस्य-सचिवको व्यवस्थापकीय खुबीके कारण सम्पन्न हुन सकेको म मान्छु । उहाँ जुन अन्योलको अवस्थामा आउनुभयो र उहाँले त्यो बेलाको संकट हटाउन सकेकै कारण साग सम्पन्न भएको हो । डेढ महिनाअगाडि बल्ल समिति बन्यो र सबै समितिले पनि सक्रियता देखाए । यत्रो ठूलो प्रतियोगिता आयोजना गर्दा केही कुरामा पक्कै पनि त्रुटि र असफलता आउँछ नै । तर, प्रतियोगितामा ठूला त्रुटिभन्दा सफलताको प्रतिशत धेरै माथि भयो ।

**खेलकुदको पक्षमा चाहिँ हामी कत्तिको सफल भयौं ?**

पदकका हिसाबले यो सागमा नेपालले इतिहास कोरेको छ । यो सफलता हिजोको आजै आएको भने होइन । २०५४ सालमा राष्ट्रिय प्रतियोगिता भएपछि एकैपटक २०६५ मा आएर पाँचौं राष्ट्रिय प्रतियोगिता आयोजना भयो । यो समय नेपाली खेलकुदको क्षेत्र धेरै निराशाको क्षणमा पुगिसकेको थियो । पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितापछि राष्ट्रिय प्रतियोगिताले निरन्तरता पाउन थालेकाले खेलाडीहरू पनि खेलकुदमा बाँधिन पाए । युवराज लामा राखेपको सदस्य सचिव भएका बेला राष्ट्रिय टिम तयारी समिति भन्ने अवधारणा आयो । राष्ट्रिय टिममा परेका खेलाडीहरूलाई केही सुविधा दिएर नियमित प्रशिक्षणमा समावेश गरियो । यसरी सुविधा पाउने खेलाडीहरूले नियमित प्रशिक्षण, वैदेशिक प्रशिक्षण अनुभव गर्न पाएँ, जसका कारण पनि यो सागमा नेपालले सफलता पाएको हो । अबको चुनौती भनेको यो सफलतालाई कसरी जोगाउने भन्ने पनि छ ।

**खेलाडीहरूलाई नियमित प्रशिक्षणको दायरामा ल्याएकै कारण यो सफलता हात परेको हो ?**

नतिजा हेर्ने हो भने त्यही देखिन्छ । कुनै पनि खेलाडीले रातारात सफलता पाउन सक्दैन । सफल आयोजनालाई खेलाडीहरूले पाएको सफलताले सफल बनाउने काम गर्छ । उद्घाटन समारोह र समापन समारोह भव्य गरेर प्रतियोगिता भव्य भयो भन्न मिल्दैन । ती त क्षणिक रूपमा हेर्ने कुरा मात्र हुन् । चर्चा भनेको खेलाडीहरूले पाउने सफलताले नै गर्छ । जस्तो गौरिका सिंहले ४ स्वर्ण जितेको प्रतियोगिता कुन हो भन्दा बल्ल यो सागको सम्झना आउँछ । वैकुण्ठ मानन्धरले रेकर्ड राखेको कुन साग भन्दा तेस्रो साग कलकत्ता भनेर नाम आउँछ । त्यसैले यो साग प्रतियोगिता पनि यो क्षेत्रको खेलकुद प्रतियोगितामा 'माइल्ड स्टोन' का रूपमा रहनेछ ।

**खेलअनुसार हेर्नुपर्दा १३ औं सागमा हामी कुन खेलमा बढी सफल भयौं ?**

सफलताका हिसाबले यही खेलमा हामी सफल भयौं भन्न अलि मिल्दैन । समग्र रूपमा हेर्दा सबै खेलमा हामी सफल नै भएका छौं, जसमा पदक नै आउँदैनथ्यो भन्ने खेलमा पनि पदक जितेका छौं । कुस्तीमा एउटा स्वर्ण नै आयो । अहिले यो राम्रो र ऊ नराम्रो भन्ने अवस्थै आएन । सबै खेलले आफ्नो उच्चतम प्रदर्शन गरे र सबै सफल पनि भए ।

**हामीले स्वर्ण पदकको आशा राखेका कतिपय खेल पनि थिए होलान्, जसले निराश पनि गराएको होस् ?**

हामीले पदकको आशा नराखेका खेलले पनि पदक जिते यसपटक । हामी बास्केटबलको फाइनलसम्म पुग्यौं । खो-खो खेलमा पदक जित्यौं, ह्यान्डबलमा पदक जित्यौं । त्यसैले अहिले तत्काल नै हामी यसमा सफल भयौं र यसमा असफल भयौं भनेर भन्नै मिल्दैन । यो सफलता र असफल भएको विषयलाई विश्लेषण गरेर अब भविष्यमा कसरी जाने भन्ने कुरा महत्त्वपूर्ण भएको छ ।

**१३ औं सागमा पाएको ५१ स्वर्णले हामीलाई गौरव गराएको छ कि चुनौती प्रस्तुत गरेको छ ?**

यो सफलताले हामीलाई गर्वभन्दा पनि चुनौती थपेको छ । यसैमा गर्व गरेर बस्यौं भने भविष्य त भएन नि । अब चुनौती थपियो । यो चुनौती भनेको राखेपलाई मात्र होइन, सम्बन्धित खेलका संघहरूलाई पनि हो । अब त सम्बन्धित खेलका संघहरू पनि जागरुक हुनुपर्ने भएको छ ।

**आठौं सागमा पाएको सफलतालाई हामीले नवौं सागमा कायम राख्न सकेनौं । के १३ औं सागको सफलतालाई १४ औं सागमा प्रस्तुत गर्न सक्छौं त ?**

इस्लामाबाद साग हाम्रो लागि अर्को चुनौती हुनेछ । अहिले पाएको सफलतालाई कायम राख्न पनि हामीले धेरै ठूलो मेहनत गर्नुपर्नेछ । १४ औं साग पाकिस्तानले भारतसँग टक्कर गर्न आयोजना गर्दैछ । पाकिस्तानले आफ्नो खेलकुदको स्तरलाई धेरै माथि लगिरहेको यो सागमा पनि देखियो । हामीले जसरी २६ वटा खेल समावेश गरेर प्रतियोगिता आयोजना गऱ्यौं, उनीहरूले पनि आफ्नो पहुँचका खेलहरूलाई समावेश गर्ने नै छन् । योबाहेक त्यो उनीहरूको गृहमैदान भएका कारण बढी फाइदा उठाउँछ नै । भारत पनि पाकिस्तानमा गएर हार्ने मनस्थितिमा हुँदैन र ऊ पनि धेरै राम्रा खेलाडीहरू लिएरै जान्छ । यो दुवै राष्ट्रको रणनीति बुझेर पनि हामीले अहिलेको भन्दा बढी तयारीका साथ जानुपर्ने हुन्छ ।

**सागमा आयोजक राष्ट्रले आफ्नो सफलताको पहुँच हुने खेल समावेश गर्छन् । पाकिस्तानले पनि यस्तै गर्नेछ । यस्तो अवस्थामा हामीले कसरी सफलता पाउन सक्छौं ?**

यसलाई कायम राख्न सक्यौं भने हाम्रो सफलताको दर यत्तिकै हुन्छ । तर यी खेलहरूले कत्तिको स्थान पाउँछन् भन्ने हो । अर्को कुरा, पाकिस्तानले समावेश गर्ने खेलहरूको तयारी हाम्रोमा कत्तिको छ त्यो कुराले पनि निर्धारण गर्छ । रातारात खेलाडी तयार पारेर सहभागिता गर्ने हो भने सफलताको दर त पक्कै घट्ने नै छ ।

**हाम्रो जस्तो देशमा खेलर केही हुँदैन भन्ने सन्देश के कारणले बढी प्रवाह भइरहेको छ त ?**

विगतको खेलकुदमा लागेका खेलाडीहरूको अवस्था हेर्ने हो भने अहिले धेरै सुधार भएको छ । सेना, प्रहरी, सशस्त्रहरूले खेलकुदमा रुचि देखाएका कारण अहिले खेलाडीहरूलाई धेरै राम्रो भएको छ । राष्ट्रिय स्तरका खेलाडीहरूले यी ठाउँ फेला पारेका छन् । आम्दानीका हिसाबले हेर्दा खेलेर पैसा कमाउने अवस्था बनेको छैन, तर खेलेर तपाईंले कतै रोजगारी नै पाउनुभयो भने तपाईं सरकारी कर्मचारी त बन्नुहुन्छ नि ! हाम्रो जस्तो देशमा खेलेपछि अरू देशका खेलाडीजस्तो धेरै महत्त्वाकांक्षी पनि हुनु हुँदैन । उसको टार्गेट भनेको पैसा कमाएर करोडपति हुने होइन, राम्रो खेल प्रदर्शन गरेर सफल खेलाडी बन्ने हो ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **राजाराम गौतम** ।